नौ नाडी गलेका प्रचण्ड | स्वघोषित 'सम्राट्' र 'शिरोमणि'हरू

आइतबार • ६ फागुन २०७४ • मूल्य रु. २५

nepal.ekantipur.com

नेपाल

राष्ट्रिय साप्ताहिक

लारीको लहरो

लागूऔषध, जालसाजी र सम्पत्ति विवादमा **मसकुर अहमद**

'केपी ओलीका अडान मौसमी नै हुन्छन्'

– झलनाथ खनाल

सेयरमा कर्मचारी मालामाल

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
RHINO
GUARANTEED DUCTILITY
Fe 500D
*नेपाल अधिराज्य भरी ५०० के.जी. भन्दा बढीको खरिदमा ढुवानीको व्यवस्था गरिएको छ ।
GUARANTEE
नेपालमा पहिलो पटक
Guaranteed Rebar
RHINO 500D
GUARANTEE CARD
नेपालमा पहिलो पटक नेपालकै लागि
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %
हरेक खरिदमा पाउनुहोस् ग्यारेन्टी कार्ड
NS:191
IS : 1786
CM/L 4049454 Fe 500/Fe 500D
OYSTER
RHINO 500D 12
नेपालमा पहिलो पटक, नेपालकै लागि
Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008
CERTIFIED COMPANY

झंडु बाम,
अब ROLL ON मा पनि
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
New Improved No.1
ZANDU
Balm
Fast Action
Fast Absorption
ZANDU
ROLL-ON
अब नयाँ झंडु रोल-अन पनि बजारमा उपलब्ध छ
New Improved No.1
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
Balm
FAST ACTION
FAST ABSORPTION
अधिक दुखाईको लागि
सामान्य दुखाईको लागि
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
ULTRA POWER
Balm
For Strong Headache, Bodyache & Cold

लाचार लारी

आवरण ३४

१४ बेथिति
तरकारी बारीमा गाँजा खेती

१६ संवाद
'म जुनसुकै बेला पार्टी अध्यक्ष बन्न सक्छु, प्रधानमन्त्री पनि बन्न सक्छु, ढोका बन्द छैनन्'
– झलनाथ खनाल

१८ अनियमितता
अरूको लगानीमा कर्मचारी मालामाल

२३ सन्दर्भ
एक अर्बभन्दा बढीको भार

दृष्टिकोण : गुणराज लोहनी २६
स्वर्गद्वारीको सम्पत्ति मासियो ३२
विविध ४०
गुरुङ सिनेमाको 'हब' ४४

५४ झल्याकझुलुक
बक्सर नम्रता
रजनीलाई अर्को चोट

४२ लेखन
आफैं सम्राट्, आफैं शिरोमणि

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल

साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम

कपी डेस्क : ईश्वरी ज्ञवाली, गुरुङ सुशान्त, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : २८ माघ २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

राष्ट्र चूसक कर्मचारी

मुलुकका निजामती कर्मचारीलाई अब राष्ट्र-सेवक होइन, राष्ट्र-चूसक भन्दा फरक पर्दैन *(अराजक राष्ट्र'सेवक', २८ माघ)* । सरकारी दानापानी खाएर सरकारले खटाएको ठाउँमा जान इन्कार गर्ने कर्मचारीलाई दण्डित गर्ने कानुन नबनाएसम्म यस्तो स्थिति रोकिन सम्भव छैन । यदि कर्मचारीकै कारण संघीयता असफल हुने बाटोमा अघि बढ्यो भने त्यसभन्दा दुर्भाग्य अरू के होला ?

● **मिलन तुलाधर**
इन्द्रचोक, काठमाडौं

- सरकारी सेवा-सुविधा उपयोग गर्ने तर काम गर्ने बेलामा कामचोर प्रवृत्ति देखाउने हो भने त्यस्ता कर्मचारीलाई निष्कासन गर्न ढिला गर्नु हुँदैन । बेरोजगारीले आक्रान्त भएर युवाहरू अरबका भूमिमा पसिना चुहाउन बाध्य छन् । यस्तो अवस्थामा त्यस्ता युवालाई स्वदेश फर्काएर अस्थायी रूपमै भए पनि स्थानीय निकायका काममा लगाउन सकियो भने युवाले अवसर पाउने थिए । संघीयता पनि असफल हुने दिशातर्फ अग्रसर हुने थिएन ।

● **रवि थापा**
बुटवल, रुपन्देही

लाजमर्दो नियति



हाम्रा जनप्रतिनिधि आपराधिक कुकर्ममा सरिक भएको समाचार पढ्दा मनै अमिलो भयो *(अपराधका प्रतिनिधि, २८ माघ)* । जनप्रतिनिधिहरू लोकतन्त्रका दरिला पहरेदार हुन् र जनताको आशाको केन्द्र पनि । तर, विडम्बना ! हामीकहाँ तिनै जनप्रतिनिधि जघन्य अपराधमा सामेल हुनु दुर्भाग्य हो । फौजदारी अभियोग लागेका व्यक्तिले चुनाव जित्नु र निर्वाचित जनप्रतिनिधि फौजदारी अभियोगजस्ता कुकर्ममा सरिक हुनुले हाम्रो समाज कुन बाटोतिर लम्किरहेको छ भन्ने देखाउँछ । एकातिर, यस्ता अपराधबाट कमाएको पैसा प्रयोग गरेर चुनाव जित्दा सच्चा नेताले हार सामना गर्नुपर्छ, जसले जनआकांक्षालाई पूरापूर बेवास्ता गर्छन् । अर्कातिर यस्ता अपराधमा मुछिएकाहरूको हातमा राज्य सत्ताको साँचो गएपछि अपराधी र अपराधकर्म मौलाइहाल्छ । हामीकहाँ यस्ता दुर्नियतिहरू देखा पर्न थालेका छन् । यसलाई रोक्न प्रशासन र अदालत जिम्मेवार त हुनैपर्छ, त्यसभन्दा महत्त्वपूर्णचाहिँ कस्तो उम्मेदवारलाई भोट हाल्दैछु भनेर नागरिक आफैं सचेत र सजक पनि हुनुपर्छ । नत्र त उही, पुर्पुरोमा हात राख्नुको विकल्प हुन्न ।

● **सुमन खड्का**
बनेपा, काभ्रे

वैज्ञानिक सोचको अभाव

हरेक खाद्य वस्तु आयात मात्र गरेर कहिलेसम्म काम चलाउने *(परनिर्भरताको पराकाष्ठा, २८ माघ)* ? वास्तवमा यही गतिमा आयातको रफ्तार कायम रहने हो भने व्यापार घाटा थाम्नै नसक्ने अवस्थामा पुग्ने निश्चित छ । मुलुकभित्रका खेतीयोग्य जमिन बाँझै राख्ने र कंक्रिटको सहरमा परिणत गरेर मुलुक कहिल्यै समृद्ध बन्दैन । मुलुकका राजनीतिक शक्तिमा कृषिमा आधुनिकीकरण, उत्पादकत्वमा वृद्धि र कृषिमा वैज्ञानिक सोच नआएसम्म उकालोमा रफ्तार समातिरहेको परनिर्भरताको ग्राफ ओरालो लाग्न असम्भव छ ।

● **सन्दीप ढकाल**
भरतपुर, चितवन

कठै त्यो माछो !

कपिलवस्तुको जगदीशपुर तालनजिक माछा समातेर बसेको सानो माटिकोरको तस्बिर मनै छुने लाग्यो *(संघर्षको फल, २८*

माघ)। लामो र कठिन संघर्षपछि आफ्नो आहारा बनाएको यो चराभन्दा च्यापुवामा परेको माछाको नियति देखेर करुणा जाग्यो। कठै त्यो माछो भन्न मन लाग्यो। 'कमन किंग फिसर' भनिने यो चराको सर्वप्रिय आहारा माछा नै होला। तर, चराका लागि संघर्षको फल साबित भए पनि माछाका लागि भने यो अकाल मृत्यु नै हो।

● **गणेश थारु**
टीकापुर, कैलाली

सिलवाल हौसिनुको कारण

पूर्वडीआईजी नवराज सिलवाल यति बढी आत्मविश्वासी देखिनुको कारणचाहिँ अब एमाले नेतृत्वको सरकार बन्दैछ भनेर पनि होला *('दुइटा कार्य सम्पादन मूल्यांकन सरकारले नै बनाएको देखिएन र ?', २१ माघ)*। एमालेले उनलाई जोगाउने कुरामा सायदै विमति छ। एउटा नागरिकका रूपमा भन्नुपर्दा, सिलवाल प्रकरणको सत्यतथ्य छानबिन हुनैपर्छ। उनले त्यसरी आफूलाई कानुनभन्दा माथि राखेर खुलेआम प्रहरीसँगै छु भन्नुको पनि तुक छैन। सिलवालमाथिको प्रहरी संरक्षण तथा मौनता दुवै न्याय प्रणालीका लागि घातक हुन्। अनि, प्रहरी महानिरीक्षक प्रकाश अर्यालसँग उनलाई समात्ने साहस होला त ? तत्कालका लागि त्यस्तो परिस्थिति देखिन्न। अर्थात्, भोलि कम्युनिस्ट सरकार बनेपछि आफूलाई तनाव आइलाग्छ भन्ने भयमा नेपाल प्रहरी उनलाई पक्राउ गर्नबाट हच्किरहेको आभास हुन्छ।

● **दीर्घ खड्का**
हेटौंडा, मकवानपुर

कमजोरीबिनाकै फुटबलर ?

रोनाल्डिन्होबारेको फुटबल-चर्चा रोचक लाग्यो *(विपक्षीका पनि विशेष, २१ माघ)*। विपक्षीहरूले पनि उत्तिकै प्रशंसा र आदर गर्ने फुटबलर विश्व इतिहासमा विरलै छन्, तिनमा रोनाल्डिन्होको नाम आउनु गर्वकै कुरा हो। तर, सामग्रीमा उनका कमी-कमजोरीबारे कहीँकतै उल्लेख भएको छैन। के वास्तवमै उनी गल्ती-कमजोरीबिनाकै फुटबलर हुन् त ?

● **सुयोग मानन्धर**
विराटनगर, मोरङ

ग्रामीण भेगको आमचित्र

सिन्धुपाल्चोकको तेम्पाथाङ पुग्ने बाटोको तस्बिर देख्दा नेपालका पहाडी दुर्गम भेगको आमचित्रजस्तै लाग्यो *(सडक-सपना, २१ माघ)*। सडक सञ्जाल बिस्तार उसै पनि खर्चिलो काम हो। त्यसमाथि पहाडी चट्टान फोरेर निर्माण गर्नुपर्ने अवस्था हाम्रा लागि अर्को ठूलो चुनौती हो। केही दर्जन घरका लागि सबैतिर बाटो पुऱ्याइनु नेपालजस्तो विकासोन्मुख देशका लागि व्यवहारतः सम्भव छैन। तर, हामीकहाँ एकीकृत बस्ती निर्माण सधैँ गफ मात्र हुने गर्छ।

● **दीपेन्द्र आचार्य**
मैतीदेवी, काठमाडौँ

विदेशबाट

कति हो सगरमाथाको उचाइ ?

संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथाको उचाइ कति हो ? यो सामान्य प्रश्न होइन । विगतदेखि नै भूगोलविद्को मतभिन्नता चुचुरोमा जम्मा हुने हिउँलाई पनि गणना गर्ने कि चुचुरोको चट्टानी आधारलाई मात्र मान्ने भन्नेमा थियो । पछिल्लो भूकम्पले एक इन्च चानचुन उचाइ घटाएको भन्ने भूगोलविद्हरूको विश्वास छ । चुचुरोमा चल्ने हावाको बहावले कुन समय या याममा कति हिउँ जम्मा पार्छ भन्ने अर्को प्रश्न त छँदैछ । चुचुरोमा पुग्ने काम वर्षभरमा एक-दुई साता मात्र सम्भव छ । अहिले मानिएको सगरमाथाको उचाइ भने ८ हजार ८ सय ४८ मिटर अर्थात् २९ हजार २९ फिट छ ।

चीन, डेनमार्क, इटाली, भारत र अमेरिकाका विज्ञहरू संलग्न विभिन्न दलहरूको मापनमा भने सामान्यतः मानिएको उचाइमा घटबढ हुने गरेको छ । इटालीले सन् १९९२ मा २९ हजार २२ फिट मापन गरेको थियो भने अमेरिकी वैज्ञानिकहरूले सन् १९९९ मा २९ हजार ३५ फिट मापन गरेका थिए । यद्यपि, यी मापन दलमा नेपाललाई भने राखिएको थिएन । यसर्थ, पहिलोपटक नेपालले विदेशी संलग्नतालाई रोकेर आफ्नै एक विज्ञ टोली मापनमा खटाउँदैछ । वैज्ञानिक लेखाजोखासँगै यो राष्ट्रिय गौरवको विषयसमेत बनेको छ । नापी विभागका पूर्वमहानिर्देशक बुद्धिनारायण श्रेष्ठले अमेरिकी पत्रिका द *न्युयोर्क टाइम्स*सँग भनेका छन्, 'सगरमाथा हाम्रो सम्पत्ति हो । यदि विदेशीहरूले हामीलाई संलग्न नगराईकन यसको उचाइ घटाइ मात्र राखे भने के हुन्छ ?' नेपालले गर्ने उचाइ मापनलाई विभिन्न देशले सघाउन चाहे तापनि नेपाल सरकारले भने आफू उक्त कामका लागि सक्षम रहेको बताउँदै आएको छ । ◆

सुर-बेसुर

"हामी सबैमा यथार्थबाट पन्छिने स्वभाव बढी छ । यसमा राजनीतिक अस्थिरता र प्रशासनिक अन्योलको स्थान पक्कै छ । तर, यथार्थमा भन्दा 'फेस' गर्न नसक्ने/नचाहने र हदैसम्म उम्कने स्वभाव हामीमा एकदमै बढी छ । मलाई एकदमै दुःख लाग्ने र निराश बनाउने प्रमुख कुरा भने हामीमाझ अधिकांशमा रहेको नकारात्मकता पनि हो । यो भएन र त्यो भएन भन्नेहरू मात्रै यहाँ धेरै भेटिन्छन् । 'के गर्दा हुन्छ होला' भनेर सकारात्मक उपाय सोच्नेहरू पाउन मुस्किल छ ।"

डा सन्दुक रुइत
नेत्र विशेषज्ञ
कान्तिपुर

तस्बिरमा इतिहास



सम्बन्धको साँघु:
६७ वर्षअघिको काठमाडौं र ललितपुरलाई जोड्ने कुपन्डोल पुल ।

सोझै

स्रोत: विश्व लैंगिक असमानता सूचकांक २०१७/विश्व आर्थिक मञ्च | इन्फोग्राफिक्स : यमन मानन्धर

सातका चर्चित

हेमानन्द गिरी
शंकराचार्य

भारत धर्म महामण्डल एवं काशी विद्वत् परिषद्बाट उत्तराखण्डको बद्रीकाश्रम ज्योतिर्पीठको शंकराचार्य नियुक्त भएकाले । शंकराचार्य परम्पराको १२ सय वर्षको इतिहासमा पहिलोपटक महिला साध्वी शंकराचार्य बनेकी हुन् । उज्जयनको महाकुम्भबाट छानिएका दुई सय प्रतिस्पर्धीहरूलाई उछिन्दै नेपाली चेलीले उक्त पद प्राप्त गरेकी हुन् । गौरीगन्ज, झापास्थित वैदिक सूर्य शिवालय मठकी प्रमुख पनि हुन्, हेमानन्द । नेपालका हिमाली गुफाहरूमा लामो समयसम्म बसेर तपस्या गरेकी हेमानन्द वेद-वेदान्तमा खारिएकी प्राज्ञका रूपमा पनि प्रख्यात छिन् ।

सुनदेखि नुन जोख्न नेता

क्या गजबको आइडिया ! रौतहटवासीले आफ्ना नेतालाई गृह जिल्लामा नेताकै तौल बराबर ७५ किलो लड्डुले स्वागत गरेछन् । अब पसल व्यवसाय गर्नेहरूलाई कुनै सामान तौलन गह्रुंगो ढक उचाल्नु जरूरी परेन । लौन नेताज्यू, एकैछिन तराजुमा बसिदिनु पर्‍यो भनेर बोलाएपछि नेताजी ढक बन्न तयार । मरेका सबै सहिद र जिउँदा सबै नेता भएको देशमा ग्रामदेखि धार्नीसम्मका छ्यापछ्याप्ती नेता पाइन्छन् । कति तौलको सामान जोख्नुपर्ने हो ? त्यही अनुसारको नेतालाई बोलाएर तराजुमा बस्न लगाए भइगयो । बेकारमा विभिन्न साइज र तौलका ढक किन वर्षेपिच्छे नापतौल विभागमा लगेर जाँच्ने हैरानी मात्रै ? बरू, अब पसल व्यवसाय गर्नेहरूले ढक राख्ने ठाउँ खाली गरेर एउटा नोटबुकमा नेताहरूको नम्बर भरे पनि हुन्छ । कुन नेतालाई ढक बनाउने भन्ने द्विविधा भए सुन जोख्नलाई ठूला नेता, नुन जोख्नलाई साना नेता बोलाए भइहाल्यो ।

■ **सूर्जे नेवा:**



भ्यालेन्टाइन्स र केपी-पीके

भ्यालेन्टाइन्स डे आउँदैछ । मन परेका व्यक्तिको मायाको डोरी झनै कसिलो बनाउन धेरैले मीठामीठा योजना बनाउँछन् नै । कतिपयले बनाइरहेकै होलान् । तर, केही महिनादेखि एउटा भीआईपी 'लभर' जोडी भने तनावमा छ । गहिरो 'लभ'मा डुबेका केपी-पीकेको जोडी प्रेमको चरमोत्कर्ष सत्तामा सँगै हात समाएर जाने र एकआपसमा विलीन हुने सपना देखिरहेको थियो । सम्भवतः उनीहरू भ्यालेन्टाइन्स डेलाई यो अवसर बनाउने योजनामा थिए । तर, एकाएक छिमेकबाट पाहुना आएपछि यो जोडीको प्रेममा तुषारापात हुन थाल्यो ।

लुकुवा बाजेलाई भने केपी-पीकेको सम्बन्धमै शंका लाग्यो । आफ्नै घर-आँगन, माटोको सुगन्धमा फलेफुलेको प्रेम हो भने पराइले आँखा झिम्काउँदैमा लर्‍याकलुरूक किन हुने ? यो प्रेम पनि आयातीत थियो कि कमरेडहरू ?

■ **लुकुवा बाजे**

विदेशमा राजा, स्वदेशमा पूर्व !

शिशिर ऋतुमा रूखका पात झर्छन्, वसन्तमा नयाँ पात पलाउँछन् । जरा त शिशिरमा पनि एउटै हो, वसन्तमा पनि एउटै । प्रकृतिको अनुपम कलाका उपासक हुन्, पूर्वराजा ज्ञानेन्द्र । देशभित्र उहिल्यै संकटमा परेका पूर्वराजा उडिसा पुगेका छन्, संकटमा परेका देशी गाई बचाऊ अभियानमा ।

भएको चीज गुमेपछि मानिसले दार्शनिक छाँटकाँट देखाउँछ भन्छन् । पूर्वराजा पूरै दार्शनिक भइसकेका छन् । आफ्नो नयाँ व्यक्तित्वको विकासका लागि घरी मुख्यमन्त्रीकहाँ धाएका छन्, घरी पूर्वराजा-रजौटाहरूको भेलामा पुगेका छन् । दार्शनिकताकै प्रभाव के भने पूर्वराजाले भारतमा नेपालका राजाको हैसियत पनि पाइरहेका छन् । नेपालमा गणतन्त्र आएको त ०६३ तिरै हो क्यारे ! त्यति खबर भारतसम्म पुर्‍याउन पनि कति समय लागेको हो नेतागण ? अब राज्यैपिच्छे दूत खटाइदिने कि राजतन्त्र नै ब्युंताइदिने ?

■ **लाल कुमाल**

नयाँ सरकारको नीति तथा कार्यक्रम

हाम्रा महान् कमरेड केपी ओली र प्रचण्डको संयुक्त पहलमा गठन हुन गइरहेको नयाँ सरकारका नीति तथा कार्यक्रम भित्रभित्रै तय हुने क्रममा छन् । अझ भनौं, सरकार गठन अझै ठेगान नभइसके पनि सरकारका मूल एजेन्डा भने निश्चित भइसकेका छन् । तीमध्ये प्रमुख एजेन्डा यस्ता छन् :

- कालो धन जहाँ जुन अवस्थामा भेटिन्छ, त्यसलाई ठाउँको ठाउँ छु मन्तर गरेर सेतो बनाइनेछ । यसका निम्ति अदालत, अख्तियार, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राष्ट्र बैंकलगायत राज्यका सबै अंग–प्रत्यंग परिचालन गरिनेछ ।
- माओवादी लडाकू शिविरमा भएको भ्रष्टाचार प्रकरण पूरै असान्दर्भिक ठहर गर्दै तत्काल मुद्दा खारेज गरेर प्रचण्डलाई आजीवन हाइसन्चो दिलाइनेछ र गठबन्धन बलियो बनाइनेछ ।



- केही गरी प्रचण्डले गडबड गरेमा माननीय रेशम चौधरी, दीपक मनाङेहरूलाई उन्मुक्ति दिएर वैकल्पिक सत्ता साझेदारको व्यवस्था गरिनेछ र स्थिर सरकारको सुनिश्चित गरिनेछ ।
- एनजीओ सञ्चालकहरूलाई राज्यका महत्वपूर्ण निकायको जिम्मा दिएर परनिर्भर विकासको उच्चतम अभ्यास गरिनेछ र राष्ट्रवादलाई नयाँ उचाइमा पुर्‍याइनेछ ।

■ रुन्चे राइँलो

झटारो | ■ लक्ष्मण गाम्नागे

मन कुँड्याउने मरुभूमिमा

सिस्नुपानी नेपालको 'दुईथोपा हाँसो' अभियान लिएर मरुभूमिको देश संयुक्त अरब इमिरेट्स आइयो । आउन त आइयो तर बेकार आइयो जस्तो भइरहेको छ । जता हेरे पनि रिस उठ्ने र मनलाई बिसन्चो पार्ने दृश्य मात्र छन् । मरूभूमि पनि कस्तो भने बालुवामाथि जतातते निर्माण गरिएका फूलबारीहरूको झिलिमिलीले आँखै तिरमिराउँछन् । सडकका किनारा हरियो दूबो, रङ्गीचङ्गी फूल र अनेकथरीका बोट-बिरुवाले ढाकिएका छन् । अरबीहरूले साँच्चै मूर्ख काम गरेका रहेछन्, बिदेशबाट माटो आयात गरेर बालुवामा मिसाएर बालुवालाई पनि यिनीहरूले माटो बनाएछन् र त्यसमाथि बगैँचा निर्माण गरेछन् । दिक्क लाग्ने दृश्यहरू ! खासमा हामीले घुम्न आउने ठाउँ यो होइन रहेछ । हँसाउन आएको आफैँ रुनुजस्तो लाग्ने गलत ठाउँमा आइएछ ।

सडकमा परेको एउटा सानो खाल्डो पुर्न ६ महिना लाग्ने देशबाट आएका हामीलाई केही वर्षको परिश्रमले समुद्रै पुरेर बनाएको सहर देख्नुपर्दा कस्तो भयो होला ! हामी नेपालीहरू राजधानीको जम्माजम्मी २७ किलोमिटरको चक्रपथ बनाउन दशकौंदेखि त्यहीं घुमिरहेका छौं । अझै दशकौंसम्म यस्ता चक्रपथमा चक्कराउने सम्भावना छ । यो मरूभूमिमा मान्छे बस्छन् कि भूत ? यिनीहरूले पाँच वर्षमा धर्तीकै सबैभन्दा अग्लो टावर बुर्ज खलिफा बनाएर संसारलाई 'पावर' देखाइदिए । त्यसमा चढिरहेका बेला मनमा एउटा चस्का पस्यो, यिनीहरूले यो मरुभूमिमा सगरमाथाभन्दा अग्लो पहाड बनाए भने हाम्रो गति के होला !

हामीलाई सबैभन्दा बढी रिस उठ्ने कुरा यहाँका सडक रहेछन् । यहाँको सरकारको काम सडक बनाउने मात्रै हो कि के हो ? सडकै सडक । ती पनि उत्तिकै फराकिला, चिल्ला, सीधा र सफा । बालुवै बालुवामाथि कुदेका सडकमा बालुवाको एउटा कण पनि छैन । धूलो उडेको पनि देख्न पाइँदैन । एक हप्ता बस्दा हजारौँ किलोमिटर सडक नापियो, कहीं कतै एकपटक घच्याक्कसम्म पारेन गाडीले । हाड करङ हल्लिनै पाएनन् । गाडीका झ्याल वा छतमा टाउको ठोक्किन पनि पाएन । गाडीमा बस्दा पनि सोफामै बसिरहे जस्तो शान्त भएर जीउ नै अररियो । नसाहरू खुम्चिए । शरीरलाई व्यायाम नपुगेर बिरामी पो भइयो । कस्तो ठाउँमा आइएछ जस्तो भयो ।

सडकमा कतै जाँदा जाँदै अर्कोतिर फर्किनु पर्‍यो भने झ्यालबाट हात निकालेर पछाडिबाट आउने गाडीलाई 'पख् है मर्लास्' भनेर हप्काउँदै स्वाट्ट अर्कातिर फर्काउन नपाइने रहेछ यहाँ । फर्किनुपर्‍यो भने नियमानुसार फर्किन पाउने ठाउँसम्म पुग्नैपर्ने, त्यो जतिसुकै टाढा किन नहोस् ! चालकहरूलाई कस्तो झमेला ! कतै चालकले गल्ती गरिहाल्यो भने ट्राफिक प्रहरीले लखेटेर गाडीको साँचो खोस्ने वा मोटरसाइकल, गाडीका पछाडि झुन्डिने पनि गर्दैनन् रे यहाँ । जरिवानाको चिट घरमै पठाउँदा रहेछन् । नियम उल्लंघन गर्नेलाई च्याप्प समातेर सडकमै उठबस नगराउने, कस्तो कमजोर ट्राफिक प्रशासन !

यहाँका जनता पनि हामीजस्ता जाँगरिला रहेनछन् । सडकका बार नाघेर गाडीहरूलाई छेक्दै, घुर्चिंदै हुरुरु बाटो काटिरहेका भेटिँदैन रहेछन् । यस्तो बेला देशको खुब याद आउँदो रहेछ । धूँवा, धूलो, भीड, जाम र खाडलहरूको सम्झनाले सताउँदो रहेछ ।

ओहो, बहराइन र ओमानको यात्रा अझै बाँकी छ, त्यहाँ कस्ता-कस्ता मन कुँड्याउने दृश्यहरू देख्नुपर्ने हो ! मनमा यही चिन्ता छ ।

kathmandupost.ekantipur.com
HUMAN RESOURCE
MANAGEMENT
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
It takes exceptional talent to see the potential of others. But, is it nature or nurture? What factors are to be considered before employing someone?
Find all you need to know about Human Resource Management.
KMG
KANTIPUR MEDIA GROUP
the kathmandupost
escalate
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
escalate
IT'S ALL ABOUT THE BRAND
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16

रत्नशमशेर थापा ॥



डुंगामा कवि गोष्ठी

चितवनको रामपुरस्थित पञ्चायत प्रशिक्षण केन्द्रमा २३ फागुन २०२३ बाट साताव्यापी साहित्य सम्मेलन आयोजना गरिएको थियो, जसमा मुलुकभित्र र प्रवासका गरी १ सय ४० जना कवि/साहित्यकारको उपस्थिति थियो । साहित्यकार तथा तत्कालीन यातायातमन्त्री केदारमान व्यथितको विशेष अग्रसरतामा सम्पन्न उक्त कार्यक्रममा वाग्मती अञ्चलबाट चूडानाथ भट्टराई, भैरव अर्याल, पोषण पाण्डे, जीवनलाल सत्याल, निरविक्रम प्यासी, कृष्णप्रसाद पराजुलीसँगै म पनि सहभागी थिएँ ।

प्रतिनिधिहरूले आ-आफ्ना अञ्चलका साहित्यिक गतिविधिमाथि प्रकाश पारेपछि विभिन्न उपसमितिका तर्फबाट प्रस्तावित प्रस्ताव पारित गरिएको थियो । पारित सात प्रस्तावमा बालकृष्ण सम प्रस्तावक र गोविन्दबहादुर मल्ल समर्थक रहेको 'वर्तमान युगमा साहित्यकारको दायित्व' र सिद्धिचरण श्रेष्ठ प्रस्तावक र गोविन्द भट्ट समर्थक रहेको 'विश्वशान्ति र लेखक' बारेको प्रस्ताव ज्यादै उच्चस्तरका थिए । कवि लेखनाथ पौड्यालले यही पावन क्षेत्रमा निधन हुँदा 'एक वेद/संस्कृत पढाउने पाठशाला' र 'कवि/लेखकहरूका निम्ति एउटा धर्मशाला' निर्माणको अन्तिम इच्छा व्यक्त गरेकाले सम्मेलनले गोविन्दप्रसाद लोहनीले प्रस्तुत गरेको 'कविशिरोमणि लेखनाथ पौड्यालको अन्तिम इच्छालाई कार्यान्वित गर्ने'बारेको प्रस्तावलाई उचित महत्त्व दिँदै राजा महेन्द्रमा विशेष ढंगले जाहेर गर्ने प्रस्ताव पनि पारित गरेको थियो ।



साहित्य सम्मेलनको अन्तिम दिन नवलपरासी, तनहुँ र चितवनको त्रिवेणी देवघाटमा कवि गोष्ठीको आयोजना गरियो । प्रतिनिधि कविहरूले कविता वाचन गरेपछि साहित्य सम्मेलनलाई औपचारिक रूपमा राजा महेन्द्रले सम्बोधन गर्ने र समापन गर्ने कार्यतालिका थियो ।

२८ फागुन बेलुका त्यस्तै साढे ६ बजेको हुँदो हो, राजा महेन्द्र देवघाट पुगे । दुई डुंगाको बीचमा राखिएको डुंगालाई विशेष ढंगले सजाइएको थियो । बीचको डुंगा राजाका लागि थियो । त्यसबाहेकका दुई डुंगा थिए, कविहरूका लागि । तिनै डुंगामा उभिएर कविहरूले कविता वाचन गर्ने कार्यक्रम रहेछ ।

सबै कवि/साहित्यकार दुईवटा डुंगामा नअट्ने भएपछि आयोजकहरूले तजबिजी अधिकार प्रयोग गरी २९ जनालाई मात्र कविता वाचनका लागि छाने । त्यो छनोटमा न्याय भएन । किनभने, कुनै अञ्चलका चार जनासम्म कवि/साहित्यकार कविता वाचनमा परेका थिए भने कुनै अञ्चलको प्रतिनिधित्व नै शून्य थियो । तर, यसको विरोध कसैले गरेन ।

डुंगामा उभिएर कविता वाचन गर्ने पंक्तिमा पर्न नसकेका हामी केही कवि/साहित्यकार राजा डुंगामा सवार हुने बाटोमा पंक्तिबद्ध भएर लाम लागेका थियौँ । मभन्दा अघि कोसी अञ्चलका प्रतिनिधि गणेश भण्डारी उभिएका थिए भने पछाडिपट्टि पनि सोही अञ्चलका कवि पुण्यप्रसाद सुवेदी । राजा सबैसँग परिचय लिँदै अगाडि बढिरहेका थिए । यत्तिकैमा मसँगै उभिएका गणेश भण्डारीले आफ्नो नाम उच्चारण गर्दै परिचय दिए । राजाले टक्क उनलाई रोके र सोधे, 'ए ! तिमी तिनै भण्डारी हौ, जसलाई त्रिभुवन विश्वविद्यालयले पहिले एमए उत्तीर्ण भएको घोषणा गरेर पछि अनुत्तीर्ण करार गरिदिएको थियो ?'

भण्डारी त हेरेको हेरै भए । आँखाभरि आँसु पारेर उनले भने, 'सरकार ! न्याय हराए गोरखा जानु भन्थे, अब त त्यो उखान पनि समाप्त भयो ! कतै गए पनि मैले न्याय पाइनँ ।' राजाले कुममा हात राख्दै सान्त्वना दिए, 'कसैमाथि यत्तिकै अन्याय हुन दिन्न । हेरुँला ।'

भण्डारीपछि मेरो पालो आयो । मैले आफ्नो नाम भनेँ । 'तिम्रा गीत सुनेको छु, अझ राम्रो गर्दै जाऊ' भन्दै राजा अगाडि बढे । एवंरीतले सबैसँग कुराकानी गर्दै राजा अघि बढे । र, भव्य सजावट गरिएको ठूलो डुंगातर्फ लम्किए ।

बेलुका ठीक ७ बजे देशव्यापी नेपाली साहित्य सेमिनार तयारी समितिका अध्यक्ष केदारमान व्यथितको अध्यक्षतामा १४ अञ्चलका प्रतिनिधि कविहरूका बीचमा डुंगा कवि गोष्ठी भयो । झन्डै दुई घन्टा त्यो कवि गोष्ठीमा समापन मन्तव्य राजाले नै दिए । गोष्ठी सकिएपछि नारायणी अञ्चलाधीश रामनारायण श्रेष्ठले कविहरूका निम्ति देवघाटको जंगलमा रात्रिभोज दिए । त्यो रात्रिभोज पनि राजा महेन्द्रले प्रत्यक्ष अवलोकन गरे र हाँसो-ठट्टा गर्दै रात्रिकालीन समयलाई अविस्मरणीय बनाइदिए ।

राजा महेन्द्र सूचना संग्रहका कति धनी थिए भन्ने गणेश भण्डारीलगायत त्यस कवि गोष्ठीमा सहभागीहरूलाई एक-एक गरी सोध्दै उनीहरूका बारेमा केही न केही कुरा भनेबाट पनि प्रस्ट हुन्छ । तर, उनले भण्डारीलाई स्वत: पास गराउन भने दबाब दिएनन् । फेरि परीक्षा दिएरै उनी एमए उत्तीर्ण भए । तर, दुर्भाग्य ! पछि कार दुर्घटनामा परेर उनको निधन भयो ।

५० वर्षअघिको त्यो घटना सम्झिँदा राजा महेन्द्रको प्रत्येक व्यक्तिका बारेमा सूचना संकलन गर्ने र सोही अनुसार प्रस्तुत हुने उनको व्यवहार प्रभावित पार्ने खालको त थियो नै, साथसाथै उनको मिलनसार र मृदुभाषी बोली-वचनले उनको कदलाई पनि साँच्चै उँचो बनाएको थियो भन्ने लाग्छ ।

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

तरकारी बारीमा गाँजाखेती

चितवनका दुर्गम बस्तीमा गाँजा उत्पादन गर्ने गिरोह नै सक्रिय

बिमल खतिवडा/नारायणगढ

खडेरी सुरु भइसकेको छ । यस बेला रूख-बिरुवाका पात सुकेर झर्ने हुँदा डाँडापाखा हरियालीविहीन बन्छन् । हरियाली हराउने बेलामा चितवनका नगरपालिकाभित्र पर्ने केही विकट बस्तीमा भदौ-असोज महिनामा झैँ हरियाली छाएको छ। कारण अहिले गाउँगाउँमा गाँजा खेती मौलाएको छ । गोलभैँडा र साग फल्ने करेसाबारीमा गाँजाका बोट झाँगिएका छन् । स्थानीय चेपाङ समुदायको गरिबीको फाइदा उठाउँदै संगठित गिरोहले गाउँगाउँमा व्यावसायिक प्रयोजनको उद्देश्यले गाँजा लगाएका छन् । तरकारी लगाएर हुने आम्दानीभन्दा तेब्बर कमाइ गाँजाबाट हुने भएपछि गाउँले गाँजा खेतीतर्फ आकर्षित भएका हुन् । उनीहरूले तरकारी लगाउन छाडेर गाँजा खेती गर्नेलाई बारी छाडिदिन थालेका छन् ।

राप्ती नगरपालिका-१३ स्थित थानडाँडाका झम्कलाल चेपाङको सिमी र गोलभैँडा फल्ने बारीमा अहिले गाँजाका बोट हुर्किरहेका छन् । कसले गाँजा लगायो भन्नेबारे उनैलाई समेत धेरै थाहा छैन । भन्छन्, "श्रीमती बिरामी भएर रुवावासी थियो, भण्डारामा रहेका बेला दुई जना मान्छे आए र जग्गा छ भनेर सोधे, छ तर लालपुर्जा छैन भन्दा उल्टै ६० हजार रुपियाँ दिएर बिरामीको उपचार गर्नु भन्दै गए ।"

पछि जग्गाका बारेमा उनीहरूले नै सोधीखोजी गरे । जग्गा हेर्न गाउँ आए । खोलाको किनारमा जग्गा थियो । आएर गाँजाको ब्याड राखे । त्यसपछि फर्किएर आएका छैनन् । उनीहरू फागुनमा गाँजा निकाल्ने बेला आउने झम्कलाल बताउँछन् । श्रीमती विष्णुमाया बिरामी भएको लामो समय बितिसक्यो । तर, अझै ठीक भएकी छैनन् । गाँजा लगाउनेले दिएको ६० हजार रुपियाँ सकिए पनि बिरामीको अवस्था उस्तै छ । अझै गाँजा लगाउनेले पैसा थपिदिन्छन् कि भन्ने आशमा छन्, उनी ।

"अहिले गाँजा भएको बारीमा तरकारी लगाएको भए वर्षको २० हजार रुपियाँ आम्दानी हुन्थ्यो," झम्कलाल भन्छन्, "सात जनाको परिवार छ, श्रीमती बिरामी भएर अस्पतालसम्म पुऱ्याउने खर्च थिएन, त्यसैले गाँजा लगाउनेले दिएको पैसा बुझेँ ।" उनी अझै गाँजा कसले किन लगायो भन्नेबारे अन्योलमा छन् । मोटरबाटो

चितवनको राप्ती नगरपालिका-१३ स्थित युर्तीखोला किनारमा लगाइएको गाँजा खेती

तस्बिर: बिमल खतिवडा

छेउमै लगाएको गाँजा प्रहरीले काटिदिएको खबर सुनेपछि उनी त्रासमा छन् । अधिकांश स्थानीय राम्रो कमाइ हुने प्रलोभनमा परेर नै तरकारी उब्जाउ हुँदै आएको बारी गाँजा लगाउन दिएको बताउँछन् ।

गाँजा लगाउन मकवानपुर, धादिङदेखि संगठित समूहहरू गाउँ पस्ने गरेका छन् । प्रहरी पुग्न नसक्ने विकट ठाउँमा उनीहरूको नजर पुग्ने गरेको छ । राम्रो आम्दानी हुने भएपछि विकटका स्थानीय सहज रूपमा गाँजा लगाउन तयार हुन्छन् । गाँजा नकाट्दासम्म एक जना अनिवार्यजस्तै हेरालुका रूपमा खटिने गरेका छन् ।

भण्डारा-मलेखु चेपाङ मार्ग सञ्चालनमा आएसँगै गाँजा लगाउने क्षेत्रमा चितवन र मकवानपुरका विकट बस्तीहरू पर्ने गरेका छन् । गाउँगाउँमा मौलाउँदो गाँजा खेतीलाई कम गर्न प्रहरीले फँडानी अभियान चलाए पनि निमिट्यान्न भने पार्न सकेको छैन । जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख एसपी दीपक थापा विकट बस्तीमा उत्पादन हुने गाँजा भारत पुग्ने गरेको बताउँछन् । भन्छन्, "पहाडी बस्तीमा बढी गाँजा लगाइएको छ । प्रहरीको सक्रियतामा केही क्षेत्रमा फँडानी गरिएको छ । तर, विकट बस्तीमा गाँजा अझै छ, गाँजा लगाउने मुख्य व्यक्ति देखा पर्दैनन् ।" यस्ता गिरोह अरूलाई पैसाको प्रलोभन देखाएर गाँजा लगाउन उत्प्रेरित गरे पनि आफूचाहिँ बाहिर आउन चाहँदैनन् । जब गाँजा पाकेर बिक्री गर्न तयार हुन्छ, तब लगानीकर्ताको चासो बढ्छ । वैशाख-जेठमा ब्याड राखेर माघ अन्तिम तथा फागुन पहिलो साता गाँजा काट्ने समय सुरु हुन्छ । ◆

ओसारपसारको केन्द्र

पछिल्लो समय चितवन गाँजा उत्पादन थलो र ओसारपसारको केन्द्र बनेको छ । प्रहरी स्रोतका अनुसार जिल्लाको उत्तरी भेग र धादिङको गजुरीबाट पूर्वतर्फका अधिकांश भाग तथा मकवानपुरको उत्तरी भेगमा गाँजा खेती गर्ने गरिएको छ । त्यस्ता ठाउँमा गाँजा उत्पादन मात्र होइन, प्याकिङ गरी धादिङको मझिमटार आसपासका राजमार्गनजिक कच्ची सडकमा झारेर सवारी साधनमा राखी पर्साको वीरगन्ज नाकाबाट रक्सौल हुँदै भारत निर्यात गर्ने गरेको प्रहरीको अनुसन्धानले देखाएको छ ।

थोरै मिहिनेतमा धेरै पैसा कमाउन सकिने भन्दै गाँजा उत्पादनमा मात्र नभई प्याकिङ गर्न पनि स्थानीय आकर्षित हुने गरेका छन् । जसले प्याकिङ गर्छ, उसले बोकेर सीमा नाकासमेत कटाउने गर्छ । "जसले गाँजा उत्पादन गर्न लगानी गर्छ, ऊ पक्राउ पर्दैन," एसपी थापा भन्छन्, "भरियाका रूपमा प्रयोग हुने मात्र पक्राउ पर्छन् ।" अत्यावश्यकीय साधनहरू एम्बुलेन्स, दूध बोक्ने ट्यांकर, पेट्रोल बोक्ने ट्यांकरमा समेत गाँजा ओसारपसार गर्ने गरिएको पाइएको छ । प्रायः गाडी, ट्रक धोइपखाली गर्ने ठाउँमा गाँजाको व्यवस्थापन गरिन्छ ।

अहिले मुख्य नाकाका रूपमा मकवानपुरको राक्सीराङ हुँदै चितवनको थाकलटारबाट लोथर र पर्साको ठोरीबाट गाँजा भारत पुऱ्याउने गरिएको छ । एसपी दीपक थापाका अनुसार नेपालमा गाँजा प्रतिकिलो पाँच हजार रुपियाँमा बिक्री हुने गरे पनि भारत पुगेपछि १२ देखि १५ हजार रुपियाँसम्ममा बिक्री हुने गर्छ । स्थानीयले अहिले गाँजालाई नगदे बालीका रूपमा लिने गरेका छन् । "चितवन सबैका लागि सहज भयो," एसपी थापा भन्छन्, "यो ठाउँमा ७७ जिल्लाका स्थानीयको बसोबास छ, जसले गर्दा लुकेर कारोबार गर्ने बढी भए ।"

लागू औषध ऐन, ०३३ अनुसार स्थानीय प्रणालीलाई असर गर्ने गरी गाँजा, चरेस, अफिम उत्पादन तथा बिक्री वितरण गरेको पाइएमा ५ देखि २० वर्ष कैद र दुई लाख रुपियाँसम्म जरिवानाको व्यवस्था छ ।

'ओलीका अडान मौसमी

नेपाली कम्युनिस्ट आन्दोलनका अगुवा हुन्, पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका पूर्वअध्यक्ष **झलनाथ खनाल** । इलाम-१ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित उनी पार्टीभित्र वैचारिक दृष्टिकोण प्रस्तुत गर्ने सबल नेताहरूमध्ये एक मानिन्छन् । तिनै खनालसँग पार्टी एकीकरण प्रक्रिया र राष्ट्रपति पदमा उनले देखाएको चाहनामा केन्द्रित रही **सन्तोष आचार्य**ले २५ माघ बिहान गरेको कुराकानीको सम्पादित अंश :

माओवादी केन्द्रसँग हुने भनिएको एकीकरण प्रक्रिया कहाँ पुग्यो ?

पार्टी एकीकरणका लागि हामीले एकता संयोजन समिति निर्माण गर्‍यौं । यो समितिको बैठक अपेक्षा अनुरूप भइरहेको छैन । एकीकरणका लागि हामीले कार्यदल पनि बनायौं । तर, यसले पनि साकार रूप लिएको छैन । केही ढिलाइ भएको हो । तर, कुनै पनि बेला पार्टी एकीकरणको घोषणाचाहिँ हुन्छ ।

हालै भारतीय विदेशमन्त्री सुष्मा स्वराजको अकस्मात् भएको नेपाल भ्रमणका कारण पनि पार्टी एकीकरण प्रक्रिया 'अब टाढाको विषय' हो भन्ने एकथरीको आशंका छ, के हो ?

यसमा बिलकुल सत्यता छैन । किनभने, हामीबीचको एकतालाई प्रभावित पार्ने सबैभन्दा महत्त्वपूर्ण र केन्द्रीय कडी भनेका हाम्रा पार्टीका कार्यदिशा, नीति र सिद्धान्त हुन् । यसमा दुवै पार्टी निकै निकट आइसकेका छन् । एकाध विषय होलान्, टुंगो लगाउन बाँकी ।

एमाले अध्यक्ष केपी ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीचको पदीय बाँडफाँटचाहिँ कसरी हुन्छ ?

पार्टी एकीकरण गर्दा कार्यदिशा, नीति र सिद्धान्तमा एकरूपता भयो भने अरू सबै कुरा गौण हुन्छन् । संगठनात्मक संरचनाका बारेमा पनि लचिलो ढंगले हेर्नुपर्ने हुन्छ । पार्टीको नेतृत्वको संरचना कसरी बन्ला भन्ने सन्दर्भमा अनेकौं विकल्प छन् । जस्तो : एक जना प्रधानमन्त्री र दुई जना पार्टी-अध्यक्ष, एक जना प्रधानमन्त्री र अर्को अध्यक्ष, एउटा प्रधानमन्त्री र अर्को अध्यक्ष मण्डल । यसमा हामी छलफलका क्रममा छौं, एउटा निष्कर्षमा पुग्छौं । दुवै पार्टीको भावनालाई एक ठाउँमा ल्याउने गरी हामी मिलाउँछौं ।

तर, एमालेभित्रको संस्थापन पंक्ति भने ओलीलाई पार्टी अध्यक्ष र प्रधानमन्त्री दुवै पद दिनुपर्छ भन्ने पक्षमा छ । यो पंक्ति माओवादी अध्यक्ष प्रचण्डलाई पार्टी बुझाउन सकिँदैन पनि भन्छ नि, होइन ?

पार्टीको एउटा पद कसैलाई दिनेबित्तिकै पार्टी बुझाइएको भन्ने हुँदैन । कम्युनिस्ट पार्टी भनेको सामूहिक नेतृत्वका आधारमा अघि बढ्छ । र, अहिले जो हाम्रो पार्टी अध्यक्ष हुनुहुन्छ, उहाँ एक्लैले मात्र सिंगो पार्टी हाँकेको होइन । अहिले पनि सामूहिक नेतृत्वका आधारमा यो पार्टी चलिरहेको छ । त्यसैले जोसुकै नेतृत्वमा भए पनि पार्टी सामूहिक निर्णयका आधारमा चल्छ । तसर्थ, पदकै निम्ति कुनै ठूलो हंगामा मच्याउनुपर्ने मलाई लाग्दैन ।

तपाईंले ओली र प्रचण्ड दुवैलाई नजिकबाट चिन्नुभएको छ, एकीकृत पार्टीको कार्यदिशा, नीति र सिद्धान्तलाई कसले राम्ररी हाँक्न सक्छ भन्ने लाग्छ ?

यो प्रश्नको जवाफका लागि मथिंगल धेरै दुखाउनुपर्छ जस्तो मलाई लाग्दैन । किनभने, हामीले सामूहिक नेतृत्वको अभ्यासलाई अगाडि बढाउनुपर्छ । अहिले एकीकृत पार्टीको अध्यक्षता गर्न सक्ने व्यक्तिहरू एमाले र माओवादीमा धेरै जना छन् । उहाँहरू दुई जना मात्र होइन । महासचिव र अध्यक्ष भएर मैले पार्टीको नेतृत्व गरिसकेको छु, मै पनि फेरि आँट गर्न सक्छु, पार्टी अध्यक्षका लागि । माधव नेपाल, वामदेव गौतम पनि हुनुहुन्छ । अरू नेताहरू पनि छन् ।

तपाईंलाई सम्झना होला, विसं ०७० को संविधानसभाको निर्वाचनपछि भएको एमालेको संसदीय दलको नेता छनोटका क्रममा हालका पार्टी अध्यक्ष केपी ओलीले 'एक व्यक्ति एक पद' को अडान लिनुभएको थियो । अहिले पनि उहाँ त्यही अडानमा हुनुहुन्छ कि फेरिसक्नुभयो ?

उहाँका अडान मौसमी नै हुन्छन् । उहाँले त्यतिबेला जे आवश्यकता देख्नुभयो, त्यही



नै हुन्छन्'

अडान राख्नुभयो । अहिले पनि त्यही अडानमा हुनुहुन्छ भन्ने मलाई लाग्दैन । धेरै नेताहरू भएको अवस्थामा 'एक व्यक्ति एक पद' पनि एउटा सूत्र हो ।

तपाईंले एमालेले अहिले अंगीकार गरेको राजनीतिक कार्यदिशा 'जनताको बहुदलीय जनवाद' (जबज)लाई 'दक्ष प्रजापतिको टाउकोजस्तो' भनेर टिप्पणी गर्नुभएको थियो । अब एकीकृत पार्टीको राजनीतिक कार्यदिशा के हुन्छ ? के जबजले नै निरन्तरता पाउने हो ?

मैले जबजलाई दक्ष प्रजापतिको टाउकोजस्तो भनेको होइन । नयाँ जनवादलाई छोडेर जनताको बहुदलीय जनवाद किन बनाउने भन्ने मात्र प्रश्न गरेको हुँ । नयाँ जनवाद भनेको नै जबज हो भनेर प्रस्ताव राख्ने नै म हुँ । जबजबाट जसरी एमाले मार्गनिर्देशित भएर आएको छ, अहिले सिंगो देश नै त्यो ठाउँमा पुगेको छ । माओवादी पार्टी पनि जबजबाटै निर्देशित हुने ठाउँमा छ । आगामी दिनमा एकीकृत पार्टीले पनि जबजलाई मान्नु अनिवार्य छ ।

फेरि एकपटक भारतीय विदेशमन्त्रीको सन्दर्भ, उहाँको भ्रमणले तपाईंहरूको पार्टी एकीकरण मात्र होइन, समग्र राजनीतिक समीकरणमै फेरबदल हुने अनुमान पनि गरिँदैछ, के भन्नुहुन्छ ?

म भारतीय विदेशमन्त्रीको भ्रमणलाई धेरै उछालपछाल गर्ने पक्षमा छैन । यसभन्दा अघि नेपाल-भारत सम्बन्धमा चिसोपन आएकै हो । भारतले हाम्रो देशका विरुद्ध नाकाबन्दी गरेकै हो । यी तथ्यको पृष्ठभूमिमा जुन महानिर्वाचन भयो, त्यसबाट नयाँ परिस्थिति जन्मिएको छ । वामपन्थी शक्तिहरूले बहुमत प्राप्त गरेका छन् । यो शक्तिले कस्तो नीति लेला ? भारतसँगको सम्बन्ध कसरी अघि बढाउला ? यी प्रश्नहरू हाम्रो छिमेकीकहाँ पनि उत्पन्न भएका छन् । स्वाभाविक रूपमा नयाँ परिस्थिति अनुरूप समझदारी निर्माण गर्नका लागि, वातावरण बनाउनका लागि पनि छिमेकीहरूले प्रयत्न गर्नु अस्वाभाविक होइन ।



तस्बिर : भास्कर ओझा

> **नेपालमा जब नयाँ सरकार बन्छ, नयाँ प्रधानमन्त्रीले भारतकै भ्रमण पहिला गर्नुपर्छ भन्ने अवधारणा रहिआएको छ । यसलाई हामीले परम्पराको रूप दिनु हुँदैन । यसलाई नीतिको रूप पनि दिनु हुँदैन । र, यसलाई सधैँभरि पालना गर्नैपर्ने नियमका रूपमा त झनै लिनु हुँदैन ।**

अबको प्रधानमन्त्रीको पहिलो विदेश भ्रमण भारतबाटै प्रारम्भ हुने वातावरण निर्माणसँग पनि यो भ्रमणलाई हेर्न सकिन्छ ?

नेपालमा जब नयाँ सरकार बन्छ, नयाँ प्रधानमन्त्रीले भारतकै भ्रमण पहिला गर्नुपर्छ भन्ने अवधारणा रहिआएको छ । यसलाई हामीले परम्पराको रूप दिनु हुँदैन । यसलाई नीतिको रूप पनि दिनु हुँदैन । र, यसलाई सधैँभरि पालना गर्नैपर्ने नियमका रूपमा त झनै लिनु हुँदैन । नेपाल एउटा स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न र राष्ट्रिय अखण्डतायुक्त मुलुक हो । हामी आफ्नो आवश्यकता अनुरूप, हाम्रो विदेश नीति अनुरूप हाम्रो प्रधानमन्त्रीले कुनै पनि देशको पहिलो भ्रमण गर्न सक्छन् । यो कुरालाई ध्यानमा राखेर अबदेखि हामी अगाडि बढ्नुपर्ने हुन्छ । त्यसमा कुनै मोलतोल नहोस् भन्नेप्रति हामी सबै सचेत हुनुपर्छ । आउने सरकारले त अझै बढी नै सचेत हुनुपर्छ ।

अब हुने प्रधानमन्त्रीले यस्तो साहस गर्नुहोला र ?

अब आउने प्रधानमन्त्रीले कतिपय शंकाजन्य परम्परा जुन छन्, तिनलाई तोड्ने, दुईवटा देशका बीचमा ऐनाजस्तै छर्लंग देखिने गरी सम्बन्ध विकास गर्नुपर्छ । मुलुक सानो होस् वा ठूलो तर सार्वभौमसत्ता कहिल्यै पनि सानो वा ठूलो हुँदैन । संसारका प्रत्येक देशको सार्वभौमसत्ता बराबरी हुन्छ । यी कुराहरूलाई स्थापित गर्ने ढंगले अगाडि बढ्यौँ भने त्यो राष्ट्रका निम्ति दीर्घकालीन रूपले कल्याणकारी हुन्छ ।

फरक प्रसंग, तपाईंले राष्ट्रपति पदमा चाहना देखाउनुभएको बुझिन्छ । के आफ्ना लागि पार्टी अध्यक्ष वा प्रधानमन्त्रीको बाटो सधैँका लागि बन्द भएको बुझेर त्यतातिरको इच्छा प्रकट गर्नुभएको हो ?

म जुनसुकै बेला पार्टी अध्यक्ष बन्न सक्छु, प्रधानमन्त्री पनि बन्न सक्छु, ढोका बन्द छैनन् । म ७० वर्ष पनि पुगेको छैन । दुई वर्षपछि मात्र पुग्छु । तर, अहिलेको अवस्थालाई हेर्दाखेरी राष्ट्रपतिको पद, जो गौरव र गरिमामय पद छ, पार्टीमै काम गरेको मूर्धन्य व्यक्तित्वलाई त्यो जिम्मेवारी दियो भने संविधान कार्यान्वयन गर्न र देशकै निम्ति पनि राम्रो हुन्छ भन्ने मेरो अवधारणा हो । यो अवधारणाको बीचबाट सोचेर कतिपय साथीहरूले मलाई राष्ट्रपति बन्ने कि भनेर पनि सोध्न थाल्नुभएको छ । मैले पनि पार्टीले उचित मूल्यांकन गरेर राष्ट्रपतिको पद दिन्छ भने अस्वीकार गर्दिनँ भनेर साथीहरूलाई भनेको छु ।

वर्तमान राष्ट्रपतिले आफूलाई दोहोर्‍याउन चाहनुभएको छ नि त ?

राष्ट्रपतिको पद भनेको एकै व्यक्तिलाई दोहोर्‍याइरहनुपर्ने पद होइन । नयाँ-नयाँ राष्ट्रपतिको खोज हुन्छ । र, सिंगो राष्ट्रले पनि त्यस्तो चाहना व्यक्त गरिरहेको हुन्छ । यो कुरालाई ध्यानमा राखेर निर्णय लिइयो भने त्यो बढी महत्त्वपूर्ण होला ।

व्यक्तित्व र राजनीतिक पृष्ठभूमिका कारण राष्ट्रपतिका रूपमा तपाईं सर्वस्वीकार्य हुनुहोला । तर, के स्वयं तपाईंका पार्टी अध्यक्ष तपाईंलाई राष्ट्रपति बनाउने पक्षमा हुनुहुन्छ ? त्यस्तो केही संकेत पाउनुभएको छ ?

यसबारेमा कतै पनि छलफल भएको छैन । नेतृत्व पंक्तिसँग पनि कुरा भएको छैन । हामीले कुनै सोच पनि बनाएका छैनौँ । यो केवल चर्चा-परिचर्चाका रूपमा आइरहेको कुरा हो । यसभन्दा बढी केही छैन । ◆

सार्वजनिक लगानीमा कर्मचारी मालामाल

जलविद्युत् कम्पनीहरूमा लगानी गर्ने सार्वजनिक संघ–संस्था तर व्यक्तिगत रूपमा सेयर सुरक्षित गरेर लाभ कमाउनेचाहिँ तिनै संस्थाका कर्मचारी

बाबुराम विश्वकर्मा

सरकारले स्वदेशी लगानीमा बनाउन लागेको १ हजार २ सय मेगावाटको बूढीगण्डकी जलविद्युत् आयोजनामा सरकारी स्वामित्वकै नेपाल आयल निगमले २५ प्रतिशत सेयर माग गरेको छ। सरकारको निर्णय अनुसार बूढीगण्डकी जलविद्युत् आयोजनाको निर्माणका लागि इन्धन कर संकलन गर्ने जिम्मेवारी पाएको हो, निगमले। तर, त्यही काम गरेबापत विशेष सहुलियत स्वरूप उसले सेयरमा आफ्नो भाग खोजेको छ।

सरकारले आर्थिक वर्ष ०७२/७३ मा बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि स्वदेशमा आयात हुने इन्धनमा प्रतिलिटर पाँच रुपियाँ पूर्वाधार कर लगाउने निर्णय गरेको हो। त्यो निर्णय अनुसार नै आयल निगमले १६ जेठ ०७३ देखि नै पेट्रोल, डिजेल र हवाई इन्धनमा कर संकलन गर्न थालेको हो। निगमले अहिलेसम्म १५ अर्ब रुपियाँ संकलन गरेको छ। कुल २ खर्ब ५० अर्ब रुपियाँ अनुमानित लागत रहेको यो आयोजनाका लागि १० वर्षभित्र आफूले ५० प्रतिशत लागत संकलन गर्ने निगमको दाबी छ।

तर, त्यो लागत निगमको आफ्नो रकमचाहिँ होइन। उपभोक्ताबाट संकलन भएको कर नै बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणमा लगाइने हो। तर, आफ्नो नियमित जिम्मेवारी र काम सम्पादन गरेकै आधारमा आयल निगमले त्यो आयोजनामा आफ्ना लागि २५ प्रतिशत सेयर माग गर्नुलाई धेरैले बदनियतका रूपमा लिएका छन्। सरकारी स्वामित्वको संस्थाले सरकारले लगाएको काम गरेबापत आफ्नो लगानीबिना नै सेयरको भागबन्डा खोज्नु अनैतिक मात्र होइन, लज्जाजनक पनि हो। किनभने, आयोजनामा आयल निगमको होइन, उपभोक्ताले तिरेको राजस्व खर्च हुन्छ। पूर्वअर्थसचिव रामेश्वर खनाल भन्छन्, "बूढीगण्डकीमा २५ प्रतिशत सेयर मागेर विगतका गलत नजिरलाई माथ गर्ने गरी गलत र हुनै नसक्ने माग दाबी आयल निगमले गरेको छ। यो सरासर अनैतिक र भ्रष्टाचार हो।"

हुन पनि नेपाल आयल निगमले त्यत्तिकै बूढीगण्डकी जलविद्युत् आयोजनामा २५ प्रतिशत सेयर माग गरेको होइन। विगतमा सरकारी, सेना, प्रहरी, शिक्षक, संस्थान, सार्वजनिक र संगठित संस्था एवं निजी क्षेत्रका कर्मचारी/कामदारले सञ्चय गरेको रकम ऋण दिएर आफ्ना लागि सेयर सुरक्षित गर्ने गलत अभ्यास गरिएकाले आयल निगमले पनि त्यही सिको गर्न खोजेको हो। जस्तो :

चिलिमे हाइड्रोपावर कम्पनी लिमिटेड : चिलिमे हाइड्रोपावर कम्पनी र त्यसका भगिनी कम्पनीहरूले अझै पनि कर्मचारीलाई सेयर दिएर धनी बनाउने गलत अभ्यास गर्दै आएका छन्। तिनले आफूले बनाउन लागेका आयोजनामा

तस्बिर : चिलिमे हाइड्रोपावर कम्पनी लिमिटेड

२२ मंसिर ०६८ को ऋण सम्झौता हस्ताक्षर समारोह, जसले रसुवागढी, मध्य भोटेकोसी र सान्जेन जलविद्युत् कम्पनी लिमिटेडका कर्मचारीहरूको व्यक्तिगत सेयर सुनिश्चित गऱ्यो

लगानी गर्ने संस्थाका कर्मचारीलाई पोस्न र रिझाउनका लागि ऋण सम्झौता गर्दा नै निश्चित सेयर सुरक्षित गर्ने परम्परा बसाएका छन् । कर्मचारीलाई यसरी सेयरको माध्यमबाट पोस्ने दुईथरी विधि अपनाइएको छ । एकथरी लगानीकर्ता संस्थाका कर्मचारीलाई सेयर आरक्षित गरेर अनि अर्कोथरीचाहिँ संस्थापक कम्पनीका कर्मचारीलाई एकपछि अर्को सेयर दिएर ।

नेपाल विद्युत् प्राधिकरणको ५१ प्रतिशत संस्थापक सेयर रहेको चिलिमे हाइड्रोपावर कम्पनी २२.१ मेगावाटको चिलिमे आयोजनाको प्रवर्द्धक हो । यस कम्पनीको पब्लिकतर्फको अर्थात् साधारण सेयर नै चिलिमे कम्पनी र नेपाल विद्युत् प्राधिकरणका कर्मचारीका लागि २५ प्रतिशत दिइएको छ भने सर्वसाधारणका लागि १४ र आयोजना क्षेत्रका बासिन्दाका लागि १० प्रतिशत मात्र । रोचक त के छ भने चिलिमेको सेयर पाएका कर्मचारीले उसका भगिनी संस्थाहरूको सेयर पनि दोहोऱ्याएर तेहऱ्याएर पाएका छन् । जस्तो : मध्य भोटेकोसीमा चिलिमेको ३८ र नेपाल विद्युत् प्राधिकरणको १० प्रतिशत संस्थापक सेयर छ । त्यही आधारमा यी दुवै संस्थाका कर्मचारीलाई मध्य भोटेकोसीको ३.५० प्रतिशत सेयर आरक्षित गरिएको छ भने सान्जेन र रसुवागढीमा पनि यी दुवै संस्थाका कर्मचारीलाई सोही अनुपातमा सेयर सुरक्षित छ । सान्जेनमा प्राधिकरणको १० र चिलिमेको ३८ प्रतिशत संस्थापक सेयर छ भने रसुवागढीमा चिलिमेको ३३ र प्राधिकरणको १८ प्रतिशत हिस्सा छ । त्यस्तै उपल्लो तामाकोसीमा पनि दुवै संस्थाका कर्मचारीलाई सेयर दिएर पोस्ने काम भएको छ । चिलिमेकै भगिनी कम्पनीहरू रसुवागढी, सान्जेन र मध्यभोटेकोसी पनि हुन् । त्यसैले यी सबै कम्पनीमा संस्थापक हैसियत रहेका चिलिमे र नेपाल विद्युत् प्राधिकरणका कर्मचारी सबैभन्दा बढी मालामाल भएका छन् । भगिनी कम्पनीजति सबैमा मातृ कम्पनी चिलिमे, जसमा तिनका कर्मचारीको २५ प्रतिशत हिस्सेदारी छ, तिनको संस्थापक सेयरको मुनाफा कर्मचारीले छुट्टै पाउँछन् भने आफ्नो व्यक्तिगत सेयरको मुनाफा छुट्टै । २५ माघमा चिलिमेको एक सय रुपियाँको प्रतिसेयर बजार मूल्य ८ सय ५८ रुपियाँ छ । यसैबाट अनुमान गर्न सकिन्छ, यी कम्पनीमा सेयर पाएका कर्मचारी कति मोटाएका छन् भनेर ।

अप्पर तामाकोसी हाइड्रोपावर लिमिटेड : ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसी आयोजनाको प्रवर्द्धक अप्पर तामाकोसी हाइड्रोपावर लिमिटेडको सेयर बाँडफाँटमा यस कम्पनीमा कार्यरत र नेपाल विद्युत् प्राधिकरणका कर्मचारीलाई ४० करोड ६६ लाख ५६ हजार रुपियाँ अर्थात् ३.८४ प्रतिशत रकम बराबरको सेयर दिइयो । आयोजना निर्माणमा ऋण दिने नेपाल दूरसञ्चार कम्पनी, नागरिक लगानी कोष, नेपाल टेलिकम, कर्मचारी सञ्चय कोष र राष्ट्रिय बिमा संस्थानका कर्मचारीका लागि समेत ३० करोड ४९ लाख ९२ हजार रुपियाँ अर्थात् २ दशमलव ८८ प्रतिशत रकम बराबरको सेयर आरक्षित गरेर बाँडफाँट गरियो ।

यी सबै सार्वजनिक संस्थाको आयोजनामा संस्थागत आधारमा अर्थात् सार्वजनिक पुँजी लगानी गर्ने तर सेयर प्राप्तिमा चाहिँ तिनका कर्मचारीहरूलाई प्राथमिकता दिने यो अनुचित र बदनियतपूर्ण नीति हो । जनताको या सार्वजनिक रकम ऋण लगानी गर्ने अनि त्यसबापत आफ्ना कर्मचारी पोस्ने नीतिकै नतिजा हो यो । अधिवक्ता कपिलदेव ढकाल ऋण दिने संस्थाका कर्मचारीलाई यसरी सेयर दिनुमा कर्मचारीको सिन्डीकेट र माफियागिरीले काम गरेको ठान्छन् । भन्छन्, "जनताको पैसा ऋण दिने अनि कानुनी र संवैधानिक आधारबिना ब्रोकरको काम गरेर सेयर हत्याउने यो नीति तत्काल खारेज गर्नुपर्छ र यस्तो नीति बनाउनेलाई कारबाही गर्नुपर्छ ।"

हुन पनि माथिल्लो तामाकोसी जलविद्युत् आयोजनामा सञ्चयकर्ताको रकम ऋण प्रवाह गरेर त्यसको नाजायज लाभबाट लगानीकर्ता सार्वजनिक संस्थाका कर्मचारी मालामाल भएका छन् । उदाहरणका लागि अर्काको सञ्चित रकम चलाउने कर्मचारी सञ्चय कोषका

कर्मचारीलाई सय, अरूलाई ६ सय

तत्कालीन नेपाल दूरसञ्चार संस्थानलाई नेपाल टेलिकममा परिणत गर्दाको अत्यधिक लाभ टेलिकमकै कर्मचारीलाई भयो । १० वर्षअघि टेलिकमको सेयर उसका कर्मचारीलाई न्यूनतम मूल्य एक सय रुपियाँमा बिक्री गऱ्यो भने सर्वसाधारणका लागि चाहिँ त्यही सेयर न्यूनतम ६ सय रुपियाँ तोकियो । सर्वसाधारणले लिलाम बढाबढमा प्रतिकित्ता सेयर २ हजार २ सय रुपियाँसम्ममा किने । अहिले टेलिकमको प्रति सेयर बजार मूल्य ७ सय ६० रुपियाँको हाराहारीमा छ । कर्मचारी पोस्ने नीतिकै परिणाम हो, सर्वसाधारण लगानीकर्ता टेलिकमको सेयरमा डुब्नु अनि कर्मचारी मालामाल हुनु । पूर्वअर्थसचिव रामेश्वर खनाल भन्छन्, "जताबाट पनि लाभैलाभ पाएका कर्मचारीलाई धनी बनाउन अनेक जुक्ति छ । राम्रा कम्पनीको सेयर तिनलाई सुरक्षित गरिनुले कर्मचारी मात्रको कल्याण भएको छ ।"

अझ रोचक त के भने टेलिकमका कर्मचारीलाई सस्तो मूल्यमा ४.५ प्रतिशत सेयर दिइएको थियो भने सर्वसाधारणलाई भने चर्को मूल्यमा तर परिमाण भने कर्मचारीलाई भन्दा पनि थोरै । ज्ञातव्य छ, त्यसबेला सर्वसाधारणलाई ३.९८ प्रतिशत सेयर मात्रै दिइएको थियो ।

चिलिमे हाइड्रोपावर कम्पनी लिमिटेड



रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड



सान्जेन कम्पनी



कर्मचारीले अप्पर तामाकोसी हाइड्रोपावर लिमिटेडको जनही ३ हजार ५० कित्ता सेयर हात पारेका छन्। जबकि, कोषका सञ्चयकर्ताले चाहिँ जनही मुस्किलले ५० कित्ता सेयर पाए । ऋण प्रवाह गर्ने बेला नै सम्झौता गरेर कर्मचारीका लागि यसरी सेयर सुरक्षित गरिएको हो ।

यो आयोजनामा ऋण लगानी गरेबापत आरक्षित सेयर हात पार्नेमा नागरिक लगानी कोषका कर्मचारी पनि कम छैनन्। तिनले जनही २ हजार ३३ कित्ता सेयर पाएका छन्। त्यसैगरी राष्ट्रिय बिमा संस्थानका कर्मचारीले जनही ६ सय ९५ कित्ता र नेपाल टेलिकमका कर्मचारीले जनही १ सय ६० कित्ता आरक्षित सेयर पाएका छन् । नेपाल धितोपत्र बोर्डका निर्देशक निरज गिरी भन्छन्, “यस्तो अभ्यास संसारमै छैन। यो गलत अभ्यास हो भनेर हामीले पहिले नै रोक्न खोजेका हौं। तर, अझै रोक्न सकिएको छैन।”

हेक्का रहोस्, यसै वर्ष निर्माण कार्य सकिने माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको कुल लागत ३५ अर्ब २९ करोड ४१ लाखमध्ये २४ अर्ब ७० करोड ४१ लाख रुपियाँ (७० प्रतिशत) ऋणको हिस्सा छ । त्यसमा पनि सबैभन्दा बढी १० अर्ब कर्मचारी सञ्चयकोषको ऋण छ, त्यो ऋण रकम सञ्चयकर्ताको हो, कोषका कर्मचारीको होइन । त्यस्तै नागरिक लगानी कोषले पनि नागरिक बचत-पत्र जारी गरेर आमनागरिकबाट माथिल्लो तामाकोसीका लागि दुई अर्ब रुपियाँ संकलन गरेको हो ।

साञ्जेन जलविद्युत् कम्पनी लिमिटेड : सरकारले यस्तो गलत अभ्यास रोक्नुको साटो पुरानो सम्झौता अनुसार ऋण प्रवाह गर्ने संस्थाका कर्मचारीलाई आरक्षित सेयर दिने परिपत्र गरेका कारण अब त्यसको लाभ फेरि पनि कम्पनीमा लगानी गर्ने सार्वजनिक संस्थाका कर्मचारीले नै पाउने भएका छन्। जस्तो : यही ११-३० फागुन ०७४ मा साधारण सेयरको आवेदन खोलेको साञ्जेन जलविद्युत् कम्पनीले आफूलाई ऋण दिने कर्मचारी सञ्चयकोषका कर्मचारीहरूका लागि ३ करोड ६५ लाख (कुल १ प्रतिशत) सेयर सुरक्षित गरेको छ। र, त्यो सेयर पहिलो चरणमै कर्मचारीलाई वितरण गर्ने तयारी गरेको छ । यसबाट सञ्चयकोष कर्मचारीले फेरि साञ्जेनको जनही ७ सय ३० कित्ता सेयर पाउने अनुमान छ। यसबाहेक यस कम्पनीको प्रवर्द्धक चिलिमे हाइड्रोपावर कम्पनी लिमिटेड, नेपाल विद्युत् प्राधिकरण र रसुवा जिविस र १८

भ्रष्टाचारको नयाँ रूप

– कपिलदेव ढकाल



कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र अरू संस्थामा निक्षेप गरिएको पैसा आमजनता र सर्वसाधारणको हो । आमजनताको पैसा ब्याजमा ऋण लगाउने अनि ऋण स्वीकृत गरेबापत विशेष सुविधा लिन नै लालायित हुने प्रवृत्ति छ । माथिल्लो तामाकोसी, साञ्जेन र रसुवागढीमा ऋण दिने संस्थाका कर्मचारीलाई आरक्षित गरिएको सेयर आर्थिक अपराधको परिणाम हो । ‘हामी संस्थागत ऋण दिन्छौं, तिमी हामीलाई व्यक्तिगत सेयर देऊ’ भनेर ऋण दिने अनि अरूको पैसा लगानी गरेर व्यक्तिगत फाइदा उठाइरहेका छन्, कर्मचारीहरूले ।

संविधान, कानुन र प्रचलित अभ्यास विपरीतको यो कृत्य घूस लेनदेन वा भ्रष्टाचारकै नयाँ रूप हो। यसले संविधानले स्वीकार गरेको समानताको सिद्धान्त उल्लंघन गरेर नागरिक-नागरिकबीच वर्ग विभेद खडा गरेको छ। कर्मचारी पनि नागरिक नै हुन् तर तिनलाई एउटा विशेष वर्ग बनाएर लाभ दिने र अनि नागरिकलाई सामान्य समूहमा राखेर समान अधिकारबाट वञ्चित गरिएको छ । जनताको रकम लगानी गर्ने संस्थाका कर्मचारीको सिन्डीकेट र माफियागिरीले गर्दा नै उनीहरूलाई सेयर दिन जलविद्युत् आयोजना प्रवर्द्धक कम्पनीहरू बाध्य भएका छन् । तिनले ऋण प्रवाह गर्ने कम्पनीका कर्मचारीलाई किन सेयर दिने, उनीहरूले किन बढी सुविधा पाउने भन्ने प्रश्न सोध्न सकेका छैनन्। खासगरी लगानीकर्ता संस्थाका कर्मचारीहरू ब्रोकर भएर नाजायज फाइदा उठाइरहेका छन्। तैपनि, सरकार र नियमनकारी निकायले कारबाही गरेका छैनन्। यो दुर्भाग्य हो।

(ढकाल, सेयर मामिलामा चासो राख्ने कानुन व्यवसायी हुन्।)

जलविद्युत् लिमिटेड

मध्य भोटेकोसी जलविद्युत् कम्पनी लिमिटेड



अपर तामाकोसी हाइड्रोपावर कम्पनी



गाविसका कर्मचारीले यसको ३.५ प्रतिशत सेयर पाउनेछन्, जो आमनागरिक वा सञ्चयकोषका सञ्चयकर्ताको भागमा जानुपर्थ्यो।

यो कम्पनीले रसुवामा ४२.५ मेगावाटको साञ्जेन र १४.८ मेगावाटको माथिल्लो साञ्जेन जलविद्युत् आयोजना निर्माण गरिरहेको छ।

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड : त्यसैगरी आउँदो ५-१३ चैतमा साधारण सेयर निष्कासन गर्ने तयारीमा जुटेको चिलिमे हाइड्रोपावर कम्पनीकै भगिनी संस्था रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडबाट पनि लगानीकर्ता संस्थाहरूकै कर्मचारी मोटाउने भएका छन्। सञ्चयकर्ताको ऋण लगानी गरेकै आधारमा कर्मचारी सञ्चयकोषका कर्मचारीका लागि रसुवागढीको ६ करोड ८४ लाख २१ हजार रुपियाँ (१ प्रतिशत) बराबरको सेयर आरक्षित गरिएको छ, जुन पहिलो चरणकै सेयर निष्कासनमा वितरण हुँदैछ। यसबाट सञ्चयकोषका कर्मचारीले जनही १ हजार ३ सय ७० कित्ता सेयर पाउने अनुमान छ। यसका अतिरिक्त कम्पनीमा लगानी गर्ने चिलिमे हाइड्रोपावर कम्पनी र नेपाल विद्युत् प्राधिकरणका कर्मचारीले ३.५ प्रतिशत सेयर हडप्दै छन्। यो भनेको आमनागरिकले पाउने सेयरमा साढे चार प्रतिशतको कमी हो। स्मरणीय छ, यस कम्पनीले निर्माण गरिरहेको रसुवागढी जलविद्युत् आयोजना १ सय ११ मेगावाट क्षमताको हो।

मध्यभोटेकोसी जलविद्युत् कम्पनी लिमिटेड : जनताको रकम ऋण दिने संस्थाका कर्मचारीलाई सेयर दिएर पोस्नेमा यो कम्पनी पनि पर्छ। यसले सेयर निष्कासन र बाँडफाँटका लागि अहिलेसम्म धितोपत्र बोर्डमा आवेदन दिएको छैन। तर, उसले आफ्नो आयोजनामा ऋण लगानी गर्ने कर्मचारी सञ्चयकोषका कर्मचारीका लागि एक प्रतिशत साधारण सेयर दिने तयारी गरिरहेको छ। संस्थापक सेयरधनीहरू चिलिमे हाइड्रोपावर कम्पनी, नेपाल विद्युत् प्राधिकरणलगायत संस्थाका कर्मचारीका लागि ३.५० प्रतिशत सेयर दिने भएको छ। सिन्धुपाल्चोक जिल्लामा निर्माण हुने १ सय २ मेगावाट क्षमताको मध्य भोटेकोसी आयोजनाको प्रवर्द्धक यो कम्पनीमा यसरी आमजनताको भागमा पर्ने साढे चार प्रतिशत सेयर खोसेर कर्मचारीलाई पोसिएको छ।

स्वार्थ समूहको साँठगाँठ

यसरी आयोजनामा ऋण प्रवाह गरेर त्यसबापत कर्मचारीलाई सेयर दिलाउनका लागि ऋणदाता र ऋणीबीच ऋण सम्झौता पत्रमै सर्त राखिएको हुन्छ। त्यही सर्तनामाका कारण ऋणीहरू बाध्य भएर कर्मचारीलाई सेयर आरक्षित गर्न बाध्य भएका हुन्छन्। सञ्चयकोष, नागरिक लगानी कोष, राष्ट्रिय बिमा संस्थान र नेपाल टेलिकमले ऋण दिँदा अपनाएको विधि यदि बैंकहरूले पनि अपनाउने हो भने वित्तीय क्षेत्रमा डरलाग्दो अराजकता सिर्जना हुन सक्छ। पूर्वअर्थसचिव खनाल भन्छन्, "डुब्न लागेको कुनै कम्पनीले बैंकलाई तपाईंका कर्मचारीलाई यति सेयर दिन्छु, ऋण दिनोस् भन्यो भने के गर्ने ?"

तर, नेपाल धितोपत्र बोर्डले यो अपराध रोक्नका लागि संस्थागत प्रयास नगरेको होइन। तर, अर्थ र ऊर्जा मन्त्रालयले अझै पनि त्यो प्रयास सफल हुन दिएका छैनन्। बोर्डले २७ मंसिर ०७१ मा धितोपत्र दर्ता तथा निष्कासन नियमावली संशोधन गरी ऋण लिने कम्पनीले ऋणदाता संस्थाका कर्मचारीका लागि सेयर आरक्षित गर्न नपाइने व्यवस्था गरेको छ। तर, नेपाल विद्युत् प्राधिकरण र ऊर्जा मन्त्रालयको दबाबमा अर्थ मन्त्रालयले यो नियमावली लागू हुनुअघि नै ऋण सम्झौता भइसकेका आयोजना र ऋणदाता संस्थाका कर्मचारीलाई सम्झौता अनुसार आरक्षित सेयर वितरण गर्न सकिने परिपत्र बोर्डलाई गरेको छ।

विसं ०६४ मा तत्कालीन अर्थसचिव रामेश्वर खनालले कुनै आयोजनामा ऋण लगानी गरेकै आधारमा ऋण प्रवाह गर्ने संस्थाका कर्मचारी पोस्ने गरी सेयर आरक्षित गर्न नहुने अडान लिएका थिए। तर, कर्मचारी सञ्चयकोषका तत्कालीन प्रमुख रमेश भट्टराईलगायतको विशेष प्रयासले ऋण प्रवाह गर्ने संस्थाका कर्मचारी पोस्ने गरी सेयर वितरण गरेर गलत नजिर बसाइएको हो। तत्कालीन अर्थसचिव खनाल भन्छन्, "संसारमा कतै पनि नहुने कालो धन्दा हो यो। पहिला सञ्चयकर्ताको पैसा ऋण दिने अनि आफ्ना लागि सेयर लिनु भनेको घूस लिएसरहको आर्थिक अपराध हो। सुरुमै रोक्न खोजिए पनि यो अपराध स्वार्थ समूहहरूको साँठगाँठका कारण अझै जारी छ।" ◆

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

समाचार अझै सहज, अझै अनुकूल

सर्वाधिक नेपालीसँग जोडिएको राष्ट्रिय दैनिक अब छुट्टै एप र वेबसाइटमा

प्रदेशहरुको हालचाल होस् या देश-विदेशका जानकारी, आर्थिक जगत्‌को उतारचढाव होस् या नेपाली डायस्पोराका गतिविधि, आफ्नो प्रिय खेलकुद टिमलाई पछ्याउन होस् या मनोरञ्जनका खबर थाहा पाउन, बद्लिँदो समयसँगै सूचना ग्रहण गर्ने तौरतरिका फेरिनसक्छ, तर समाचार र विश्लेषणमा तपाईंको हक सुनिश्चित गर्ने हाम्रो प्रतिबद्धता अपरिवर्तनीय छ ।

डाउनलोड गर्नुहोस्

GET IT ON Google Play

Available on the App Store

www.kantipurdaily.com

तस्बिर : हेमन्त श्रेष्ठ

प्रदेश-२ को राजधानी जनकपुर उप-महानगरपालिका, हनुमाननगरस्थित प्रदेशसभा भवनको हलमा २१ माघमा सम्पन्न पहिलो बैठकमा सहभागी सभासद्हरू

एक अर्बभन्दा बढीको खर्च

संघीय र प्रदेशसभाका सांसदहरूको तलब–सुविधामा मात्रै प्रतिमहिना खर्च झन्डै ८ करोड ८२ लाख रुपियाँ

माधव बस्नेत

प्रदेशसभाका ५ सय ५० जना सदस्यहरूले ७ माघमा आ-आफ्नो प्रदेशको अस्थायी राजधानीमा पद तथा गोपनीयताको शपथ लिए । अर्थात्, त्यही दिनबाट उनीहरू मासिक पारिश्रमिक, सेवा-सुविधाका हकदार भए । संसद्को सबैभन्दा उपल्लो थलो राष्ट्रिय सभाले पनि २५ माघबाट पूर्णता पायो। संघीय संसद्मा प्रत्यक्ष निर्वाचित सदस्यहरूले मंसिर अन्तिम साता नै प्रमाण-पत्र लिइसकेका छन्। संघीय संसद्का समानुपातिक सदस्यको पनि यही साता टुंगो लाग्दैछ । यस अर्थमा संविधानले परिकल्पना गरेको जनप्रतिनिधिको थलोले एक साताभित्र पूर्णता पाउँदैछ। अहिलेकै हिसाबमा सेवा-सुविधा प्राप्त हुने हो भने संघीय र प्रदेशका गरी कुल ८ सय ८४ सांसदले मात्रै राज्य कोषबाट वार्षिक १ अर्ब ६ करोड रुपियाँभन्दा बढी लिनेछन्।

संघीय संसद्को एक जना सदस्यले अहिले मासिक पारिश्रमिक, सेवा-सुविधासमेत गरी ९९ हजार ७ सय ३० रुपियाँ बुझ्छन्। यसबाहेक एक जना राजपत्रांकित तृतीय श्रेणीको अधिकृत स्वकीय सचिव राख्न पाउँछन्, जसको पारिश्रमिक मासिक ३० हजार ५ सय रुपियाँ छ। राष्ट्रिय सभामा ५९, संघीय संसद्मा २ सय ७५ र प्रदेश सदस्य ५ सय ५० गरी कुल ८ सय ८४ जनाको संसद् छ यतिबेला।

प्रदेश सदस्यहरूले पहिलो महिनाको पारिश्रमिक, सेवा-सुविधा बुझ्ने समय नजिकै आइसक्यो । तर, उनीहरूको मासिक पारिश्रमिक कति, कस्ता सेवा-सुविधा दिने भन्ने अझै तोकिएको छैन ।

स्रोतका भनाइमा प्रदेश सदस्यहरूलाई पनि संघीय संसद्का सदस्यले बुझ्ने बराबरकै सुविधा पारित गराउने तयारी भइरहेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता डिल्लीराम शर्माका शब्दमा संविधानले प्रदेश सभासद्हरूको सेवा-सुविधा तोक्ने व्यवस्था प्रदेश कानुनलाई नै दिएको छ । त्यसैले अरू निकायबाट प्रदेश सदस्यहरूको सेवा-सुविधा नतोकिएको हो। तथापि, त्यसका लागि मापदण्ड बनाउने, सहजीकरण गर्ने काम अर्थ मन्त्रालयले गरिरहेको शर्मा बताउँछन्। "संसद्का सदस्यहरूको पारिश्रमिक, सेवा, सुविधामा मासिक खर्च कति हुन्छ, त्यसको स्रोत के हुन सक्छ भन्नेमा अर्थ मन्त्रालयले मोटामोटी मापदण्ड बनाउने काम गरिरहेको छ," प्रवक्ता शर्मा भन्छन्, "त्यही मापदण्डलाई प्रदेश संसद्ले पारित गरेपछि पारिश्रमिक तय हुन्छ।"

८ सय ८४ सांसदबाहेक केन्द्रीय सरकारदेखि प्रदेश सरकारसम्ममा झन्डै एक सय जना हाराहारी त मन्त्री नै हुनेछन्। प्रदेश मुख्यमन्त्रीको सेवा-सुविधा केन्द्रीय मन्त्रीसरह तोकिएको छ भने प्रदेशका मन्त्रीको निर्धारण गर्न बाँकी छ। प्रत्येक प्रदेशमा मुख्यमन्त्री, मन्त्री, सभामुख, उपसभामुख, दलका प्रमुख सचेतक, सचेतक, विपक्षी दलका नेता हुन्छन्, जसलाई फरक-फरक सेवा-सुविधा उपलब्ध गराउनु पर्छ।

अर्थ मन्त्रालयका सहसचिव तथा प्रवक्ता अर्जुन पोखरेलका अनुसार संघीय संसद्का सदस्य, मन्त्रीहरूको पारिश्रमिक, सेवा-सुविधा जे छ, त्यसैलाई आधार बनाएर खर्चको मापदण्ड बनाउने काम भइरहेको छ। "प्रदेश मन्त्री, सदस्यहरूको सेवा-सुविधासम्बन्धी कानुन बनाउने अधिकार उनीहरूलाई नै छ। तापनि, प्रदेश संसद्लाई निर्णय गर्न सहज होस्

पारिश्रमिक
(प्रतिमहिना)
अंक रुपियाँ

राष्ट्रपति
१,५०,४५०

उपराष्ट्रपति
१,०८,०३०

प्रधानमन्त्री
७७,२८०

सभामुख र अध्यक्ष
६७,३२०

उपप्रधानमन्त्री
६५,२००

मन्त्री
६०,९७०

प्रदेश मुख्यमन्त्री
६०,९७०

प्रतिनिधिसभामा विपक्षी दलको नेता, उपसभामुख र उपाध्यक्ष
६०,९७०

राष्ट्रिय सभामा विपक्षी दलको नेता, सत्ता पक्षको नेता र मुख्य सचेतक
६०,९७०

विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक र सभापति
६०,९७०

राज्यमन्त्री
५७,७८०

दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक र विपक्षी दलको सचेतक
५७,७८०

सहायक मन्त्री
५६,४९०

संघीय संसद् सदस्य
५५,२३०

सञ्चार सुविधा
(प्रतिमहिना)
अंक रुपियाँ

(टेलिफोन, इन्टरनेट, पत्रपत्रिका)
३,०००

बैठक भत्ता
(प्रतिदिन)
अंक रुपियाँ

१,०००

विशेष भत्ता
(प्रतिमहिना)
अंक रुपियाँ

१,०००

गार्ड घर
(प्रतिमहिना)
अंक रुपियाँ

सभामुख, अध्यक्ष
२,०००

प्रतिनिधिसभामा विपक्षी दलको नेता, उपसभामुख र उपाध्यक्ष
१,७५०

विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक र सभापति
१,७५०

आवास सुविधा
(प्रतिमहिना)
अंक रुपियाँ

सभामुख, अध्यक्ष
२८,२७५

मन्त्री
२५,६०८

प्रतिनिधिसभामा विपक्षी दलको नेता, उपसभामुख र उपाध्यक्ष
२५,६०८

राष्ट्रिय सभामा विपक्षी दलको नेता, सत्ता पक्षको नेता र मुख्य सचेतक
२५,६०८

विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक र सभापति
२५,६०८

राज्यमन्त्री
२४,२६८

दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक र विपक्षी दलको सचेतक
२४,२६८

संसद सदस्य
१८,०००

फर्निचर खर्च
(एकमुष्ट सबै सांसदलाई)
अंक रुपियाँ

१५,०००

निजी सचिवालय बन्दोवस्त
(प्रतिमहिना)
अंक रुपियाँ

सभामुख, अध्यक्ष
२,०००

मन्त्री
२,०००

प्रतिनिधिसभामा विपक्षी दलको नेता, उपसभामुख र उपाध्यक्ष
१,७५०

राष्ट्रिय सभामा विपक्षी दलको नेता, सत्ता पक्षको नेता र मुख्य सचेतक
१,७५०

विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक र सभापति
१,७५०

दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक र विपक्षी दलको सचेतक
१,२००

सवारी इन्धन
(प्रतिमहिना)
अंक लिटरमा

सभामुख, अध्यक्ष
२५०

प्रतिनिधिसभामा विपक्षी दलको नेता, उपसभामुख र उपाध्यक्ष
२३०

राष्ट्रिय सभामा विपक्षी दलको नेता, सत्ता पक्षको नेता र मुख्य सचेतक
२३०

विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक र सभापति
२००

दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक र विपक्षी दलको सचेतक
१५०

मोबिल
(त्रैमासिक)
अंक लिटरमा

सभामुख, अध्यक्ष
१०

प्रतिनिधिसभामा विपक्षी दलको नेता, उपसभामुख र उपाध्यक्ष
५

राष्ट्रिय सभामा विपक्षी दलको नेता, सत्ता पक्षको नेता र मुख्य सचेतक
५

विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक र सभापति
५

दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक र विपक्षी दलको सचेतक
५



कहाँ कति सांसद

संघीय संसद्
२७५

राष्ट्रिय सभा
५९

प्रदेश सभासद्
५५०

कुल
८८४

यातायात सुविधा
(प्रतिदिन)
अंक रुपियाँमा

संसद् सदस्य
१,०००

बिजुली, पानी
(प्रतिमहिना)
अंक रुपियाँमा

सभामुख, अध्यक्ष बिल अनुसार

प्रतिनिधिसभामा विपक्षी दलको नेता, उपसभामुख र उपाध्यक्ष
२,०००

राष्ट्रिय सभामा विपक्षी दलको नेता, सत्ता पक्षको नेता र मुख्य सचेतक
२,०००

विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक र सभापति
२,०००

दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक र विपक्षी दलको सचेतक
२,०००

सदस्य
२,०००

दैनिक भ्रमण
(प्रतिदिन)
अंक रुपियाँमा

राष्ट्रपति, उपराष्ट्रपति

स्वदेशमा
३,३००

विदेशमा
२५० अमेरिकी डलर

सभामुख, अध्यक्ष
३,०००

प्रतिनिधिसभामा विपक्षी दलको नेता, उपसभामुख र उपाध्यक्ष
२,५००

राष्ट्रिय सभामा विपक्षी दलको नेता, सत्ता पक्षको नेता र मुख्य सचेतक
२,५००

विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक र सभापति
२,५००

दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक र विपक्षी दलको सचेतक
२,५००

संघीय संसद् सदस्य
२,५००

मृत्यु भएको पदाधिकारी वा सदस्यको परिवारलाई आर्थिक सहायता
२,००,०००

अशक्त भएको पदाधिकारी वा सदस्यलाई आर्थिक सहायता
५०,०००

अतिथि सत्कार
(प्रतिमहिना)
अंक रुपियाँमा

सभामुख, अध्यक्ष
२,५००

मन्त्री
२,०००

मुख्यमन्त्री, प्रतिनिधिसभामा विपक्षी दलको नेता, उपसभामुख र उपाध्यक्ष
२,०००

राष्ट्रिय सभामा विपक्षी दलको नेता, सत्ता पक्षको नेता र मुख्य सचेतक
२,०००

राज्यमन्त्री
१,७००

विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक र सभापति
१,७००

सहायक मन्त्री
१,५००

दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक र विपक्षी दलको सचेतक
१,५००

सदस्य
१,०००

पोसाक
(प्रतिवर्ष)
अंक रुपियाँमा

राष्ट्रपति
२५,०००

उपराष्ट्रपति
२०,०००

परिचारकलाई लुगा भत्ता
(प्रतिवर्ष)
अंक रुपियाँमा
४,०००

भनेर हामीले गाइड लाइन उपलब्ध गराइदिने तयारी गरेका छौँ," प्रवक्ता पोखरेल भन्छन् ।

सरकारले भर्खरै नयाँ मर्यादाक्रम सार्वजनिक गरेको छ । त्यस अनुसार संघीय प्रतिनिधिसभा तथा राष्ट्रिय सभाका सदस्यहरू आठौँ नम्बरमा पर्छन् भने प्रदेश सरकारका सहायक मन्त्री, प्रदेशसभा सदस्य १४औँ नम्बरमा । नेपाल सरकारका सचिव, विशिष्ट श्रेणीका अधिकृत, सर्वोच्च अदालतका रजिस्ट्रार, नायब महान्यायाधिवक्ता, प्रदेश सरकारका प्रमुख सचिव, नेपालस्थित विदेशी राजदूत, नेपाली सेनाका रथी, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, प्रदेश लोकसेवा आयोगका अध्यक्ष, मुख्य न्यायाधिवक्ता, पूर्वमन्त्रीभन्दा प्रदेश सदस्यहरूको मर्यादाक्रम तल छ । अर्थ प्रवक्ता पोखरेलका भनाइमा मर्यादाक्रम अनुसारकै पारिश्रमिक उपलब्ध गराउने गरी कानुन पारित गराउने तयारी भइरहेको छ । त्यस आधारमा पारिश्रमिक निर्धारण भएमा प्रदेश सांसदको पारिश्रमिक मासिक ५० हजार रुपियाँ हाराहारी हुन सक्छ । संघीय संसद्का सदस्य र राष्ट्रिय सभाका सदस्यहरूको पारिश्रमिक ५५ हजार २ सय ३० रुपियाँ छ ।

प्रदेशसभाका सदस्यहरूलाई पनि संघीय संसद् र राष्ट्रिय सभाका सदस्यसरह पारिश्रमिक उपलब्ध गराउने हो भने मासिक तलबमा मात्र पाँच करोड हाराहारी खर्च हुन्छ । यसबाहेक घर भाडा, विशेष भत्ता, बैठक भत्ता, सञ्चार सुविधा, आवास सुविधा, फर्निचर खर्च, यातायात सुविधा, बिजुली, धारा, दैनिक भ्रमण भत्तालगायत खर्चको विवरण मासिक पारिश्रमिकभन्दा बढी हुन्छ । यस हिसाबले सांसदका लागि मात्र मासिक झन्डै ८ करोड ८२ लाखभन्दा बढी खर्च हुने देखिन्छ । प्रदेश मुख्यमन्त्री, मन्त्री, सभामुख, उपसभामुख, प्रमुख सचेतक, सचेतक, विपक्षी दलको नेताले सदस्यहरूका भन्दा बढी मासिक पारिश्रमिक, सेवा-सुविधा पाउँछन् । यसमा उनीहरूको खर्च जोडिएको छैन ।

संघीय र प्रदेश सांसदको तलब-सुविधामा मात्रै राज्यले वार्षिक १ अर्ब ६ करोड रुपियाँभन्दा बढी खर्च गर्नुपर्ने अवस्था छ । यो खर्च जनताको विकास र समृद्धिको चाहना पूरा गर्न र सेवा प्रवाहलाई चुस्त बनाउनका खातिर गर्न लागिएको हो । त्यसैले ८ सय ८४ जनप्रतिनिधिमाथि नै त्यो चाहना पूरा गर्ने अवसर र दबाब छ । यसमा उनीहरूलाई कुनै छुट हुने छैन, अन्यथा राज्यले गरेको खर्च खेर मात्र जानेछ । ◆

दृष्टिकोण



गुणराज लोहनी

नौ नाडी गलेका

काभ्रेको ढिकुर पोखरीमा जन्मिएका छविलाल दाहाल नै पुष्पकमल दाहाल हुँदै प्रचण्ड बन्न पुगेका हुन् । उनी सानै उमेरमा आफ्ना बाबु मुक्ति दाहालसँग चितवन गए । त्यहाँको शिवनगरस्थित नारायणी विद्या मन्दिरबाट एसएलसी उत्तीर्ण गरे । स्कुल पढ्दै गर्दा वामपन्थी राजनीतितर्फ आकर्षित भएका थिए । रामपुर क्याम्पसमा कृषिमा बीएस्सी गर्दै गर्दा नेपालमा नयाँ जनवादी क्रान्ति गर्ने राजनीतिले उनलाई ओतप्रोत पाऱ्यो । त्यसबखत नेपालको कम्युनिस्ट आन्दोलन टुटफुट र दिशाविहीन अवस्थामा थियो । तर, नेपाली समाज पञ्चायतविरोधी हुनुका साथै कम्युनिस्ट विचारद्वारा प्रशिक्षित भइरहेको थियो । आफ्ना कलेजका सहयात्री र सखा रामबहादुर थापा 'बादल'सँगको सहकार्यले उनको युवा मनोविज्ञानलाई रोमाञ्चकारी बनायो । युवावस्थाको ऊर्जालाई उनले एउटा समूह नै बनाएर मार्क्सवादको अध्ययनमा लगाएका थिए ।

वाक् चातुर्यका कारण उनी छिट्टै नै पार्टी केन्द्रीय समितिमा पुगे । चर्चित सेक्टर काण्डमा एक तह घटुवाको प्रस्ताव केन्द्रीय समितिबाट पारित गराएर उनी महासचिव बन्न पुगेका थिए । कम्युनिस्ट आन्दोलनमा आउँदै गर्दा उनमा नयाँ जनवादी क्रान्ति गर्ने हुटहुटी थियो, आफैँ मुख्य नेतृत्वमा पुगिसकेका थिए । त्यसैले विसं ०४५ तिर नै 'जनयुद्ध' गर्ने तयारीमा लागेका थिए । तर, पञ्चायतविरुद्धको आन्दोलनले उनकै भनाइमा 'जनयुद्धको सपनालाई बगाइदियो' । पञ्चायत ढलेसँगै उनी पार्टी एकतामा लागे । उनीहरूले भन्दै आएको संशोधनवादीहरू तत्कालका नेपाल कम्युनिस्ट पार्टी (माले) र नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी) मिलेर नेकपा एमाले बनेको थियो । त्यसैगरी नयाँ जनवादी क्रान्तिका पक्षधर भनेर आफूलाई चिनाउने उनको पार्टी नेपाल कम्युनिस्ट पार्टी (मशाल), निर्मल लामाले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी (चौथो महाधिवेशन), बाबुराम भट्टराईसहितको हरिबोल गजुरेलले नेतृत्व गरेको नेकपा (मसाल), रूपलाल विश्वकर्माको सर्वहारावादी श्रमिक संगठन र मकवानपुरमा सीमित रहेको जनमुखी पार्टीलाई मिलाएर नेकपा (एकता केन्द्र) निर्माण गरेका थिए ।

उक्त संयुक्त पार्टीको ०४८ को महाधिवेशनबाट नेपालमा नयाँ जनवादी क्रान्ति गर्ने कार्यदिशा पारित गराउन प्रचण्डको टिम सफल भयो । उनले नेतृत्व गरेको उक्त पार्टी निकट संयुक्त जनमोर्चा, जसको नेतृत्व बाबुरामले गरेका थिए, त्यो मोर्चा ०४८ को संसदीय चुनावमा तेस्रो ठूलो पार्टी बनेको थियो ।

'जनयुद्ध' र प्रचण्ड

नेपालमा 'जनयुद्ध'को अवधारणा मोहन वैद्य 'किरण'ले ल्याए पनि त्यसको तयारी र सुरुआत कसरी गर्ने भन्नेबारेमा प्रचण्डले धेरै नै मिहिनेत गरेका थिए । उनले महाधिवेशनमा बहुमतद्वारा 'जनयुद्ध' गर्ने कार्यदिशा त पारित गराए । तर सिंगो पार्टीलाई 'जनयुद्ध'को तयारी गर्दै लैजान सकेनन् र ०५१ मा पार्टी फुट्यो । माओ त्से तुङले प्रतिपादन गरेको 'जनयुद्ध'को सिद्धान्तलाई अनुसरण गर्दै तयार पारेको कार्यदिशा अनुसार क्रान्ति गर्ने र पार्टीको मार्गनिर्देशक सिद्धान्त

प्रचण्ड

प्रचण्डका तीन क्षण : 'जनयुद्ध'का कमान्डर, बाबुराम भट्टराईसँगको मित्रता र प्रधानमन्त्रीत्वकाल (बायाँबाट क्रमशः)

मार्क्सवाद-लेनिनवाद-माओवाद भएकाले पार्टीको नाम नै नेपाल कम्युनिस्ट पार्टी (माओवादी) राखिएको थियो ।

प्रचण्डको विशेषता भनेको मान्छे छिट्टै चिन्ने हो । त्यसैले उनले आफूलाई चाहिने क्षमतावान मान्छेलाई टिममा ल्याएका थिए । 'जनयुद्ध' सुरु गर्दै गर्दा प्रचण्डले एउटा 'कोर टिम' बनाएका थिए- प्रचण्ड, किरण र बादलको । बुर्जुवा क्षेत्रमा स्थापित भएका बाबुरामलाई संयुक्त जनमोर्चाको अध्यक्ष बनाएर सँगै हिँडाएका थिए । उनीहरूको यो टिमले छोटै समयमा 'जनयुद्ध'को चार तयारीको काम गरेका थिए । यी चार तयारी भनेका वैचारिक, सांगठनिक, संघर्ष र प्राविधिक थिए ।

१ फागुन ०५२ मा 'जनयुद्ध'को उद्घोष गरियो । नेपालको कम्युनिस्ट आन्दोलनमा हुने गरेका धोखाधडी र संशोधनवादको गोलचक्कर, विश्व कम्युनिस्ट आन्दोलनमा भएका विसर्जन र विचलनलाई लिएर उठेका विभिन्न आशंका र उपशंकालाई मेटाउने उद्देश्यले प्रचण्डले आफैँले लेखेको दस्तावेजमा समावेश गरिएका आठबुँदे प्रतिबद्धतालाई उनले बैठकद्वारा पारित गराएका थिए ।

'जनयुद्ध' सुरु भएको करिब दुई वर्ष अर्थात् ०५४ को सुरुआतसम्म प्रचण्ड नेपालमा नै बसेका थिए । 'जनयुद्ध'को विकाससँगै राज्यद्वारा भीषण दमन सुरु भयो । राज्यको दमनसँग जोडेर मुख्य नेतृत्वको सुरक्षाको प्रस्ताव केन्द्रीय समितिमा उठाइयो । उक्त प्रस्ताव पारित गराई उनी भारतमा बस्न थाले । प्रचण्डको भारत बसाइको व्यवस्था उनका भाइ पर्ने नारायण दाहालले गरे पनि प्रपञ्च भने बाबुराम भट्टराईले मिलाएका थिए ।

जब प्रचण्ड र बाबुराम स्थायी रूपमा जस्तै भारत बस्न थाले, बेलामौकामा मात्र बैठक र प्रशिक्षणका लागि नेपाल आउने भए । त्यो सँगसँगै मूल रूपमा प्रचण्डमा विचलन पैदा हुन थालेको थियो । यसरी विचलन आउनुमा भारत बसाइका सँगसँगै अन्य कारण पनि थिए । जस्तो : उनले फिल्ड कमान्ड गर्न छाडे, वर्गसंघर्षको प्रत्यक्ष अनुभव, अनुभूति र जिम्मेवारी हुन छाड्यो । देशभित्र लडिरहेका नेता/कार्यकर्ता/जनताले मुख्य नेताको भरणपोषणका लागि भनेर पठाएका पैसाबाट उनीहरू विलासीपूर्ण जीवन व्यतीत गर्न थाले । देशभित्र चलेको युद्धमा पलपल मोल्नुपर्ने जोखिम झेल्नु नपर्ने भयो । वर्गसंघर्षमा उनीहरूको सहभागिता न्यून हुँदै गएर शून्यप्रायः हुन पुग्यो । त्यसमाथि विलासिताले गर्दा प्रचण्ड र बाबुरामको वर्ग उत्थान भइरहेको थियो ।

उनीहरूमा देखा परेको विचलनले गर्दा देशभित्र चलेको भीषण वर्गसंघर्ष उनीहरूलाई एकातिर घाँडो बन्दै थियो । तर, नेपालमा विकास भएको 'जनयुद्ध' उनीहरूका लागि मोलमोलाइ गर्ने सशक्त हतियार बनेको थियो । यसरी भारतको विलासितापूर्ण बसाइ र भारतीय प्रशासनसँगको सम्बन्ध विस्तारले राष्ट्र, जनता र वर्गप्रति विमुख हुँदै गए । जसको परिणाम १२ बुँदे समझदारी हुन पुग्यो । यसरी 'जनयुद्ध'का सर्वोच्च कमान्डर, जसको कमान्डमा रहेका 'जनमुक्ति सेना', ठूलो भूभागमा चलेको जनसत्ता उनैले वर्गीय अडान नलिएर र ऐन-मौकामा त्याग गर्न नसकेर हजारौँको बलिदान तासको महल ढलेझैँ ढल्यो ।

प्रचण्डको समाजवाद

'जनयुद्ध'मा होमिनुअगाडि प्रचण्ड नेतृत्वको टिमले नेपालमा रहेको अर्धसामन्ती र अर्धऔपनिवेशिक राज्यसत्तालाई समूल नष्ट गरी जनताको जनवादी अधिनायकत्वमा आधारित नयाँ जनवादी

KMG
KANTIPUR MEDIA GROUP

कान्तिपुर मिडिया ग्रुपको सेवासँग सम्बन्धित केही गुनासो गर्नुपरेमा वा कुनै पनि सेवा सम्बन्धी जानकारी चाहिएमा नि:शुल्क टोल फ्रि नम्बर मार्फत हामीलाई सम्पर्क गर्नुहोला ।

गुनासो, जानकारी, परामर्श सुझाव...

नि:शुल्क टोल फ्रि नम्बर

1660 01 22222	NTC
9801 57 2222	Ncell

अथवा हामीलाई csd@kmg.com.np मा ईमेल गर्नुहोस् ।
टोल फ्री नम्बरमा कल गर्दा कुनै पनि शुल्क लाग्ने छैन।

सेवा समय – बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म।

www.kmg.com.np

व्यवस्था स्थापना गर्दै वैज्ञानिक समाजवादमा जाने ध्येय राखेको थियो । त्यही योजनाबमोजिम 'जनयुद्ध' केन्द्रीय सत्ता कब्जाको नजिक पुगेको थियो । तत्कालीन माओवादीको चर्चित फुन्टीबाङ बैठकले रणनीतिक सन्तुलनबाट रणनीतिक प्रत्याक्रमणमा जाने निर्णय गरेको थियो । चुनबाङ बैठकले ढाडमा टेकेर टाउकोमा हान्ने निर्णय गरेको थियो । यो चरणमा पुग्दै गर्दा मुलुकको ८० प्रतिशत भूभाग 'जनयुद्ध'को प्रभावमा थियो । मुलुकका अधिकांश भूभागमा जनसत्ता सञ्चालन भएका थिए । तर, दिल्लीमा तत्कालीन सात दल र माओवादीबीच भएका सम्झौता र ५ मंसिर ०६३ मा भएको बृहत् शान्ति सम्झौतासँगै 'जनयुद्ध'का सबै उपलब्धि एकाएक गुमेर गए ।

यसरी 'जनयुद्ध' र जनआन्दोलनका कारण सामन्ती राजतन्त्रको अन्त्य भयो । सामन्ती पुँजीवादको पनि अन्त्य भयो । तर, नेपालमा राष्ट्रिय र वर्गीय मुक्ति हुन सकेन । हिजोको अर्धऔपनिवेशवादको स्थानमा नवऔपनिवेशवाद अस्तित्वमा आयो । यसले गर्दा सत्ता दलाल पुँजीवादीको हातमा गयो । यसलाई नेपालको सन्दर्भमा निगम पुँजीवाद पनि भन्न सकिन्छ ।

अहिले विदेशी प्रतिक्रियावादको शीर्षस्थानमा रहेको निगम पुँजीवादको पनि हस्तक्षेप छ । नेपालको वर्तमान पुँजीवादमा मुख्यतः निगम पुँजीवाद, नोकरशाही पुँजीवाद र केही हदसम्म सामन्तवादी पुँजीवादको सम्मिश्रण छ । त्यसैले यस्ता राज्यका नयाँ र फरक विशेषताहरू रहने गरेका छन् ।

निगम पुँजीवाद कुनै पनि राज्य संरचनाभन्दा माथि हुन्छ । यो विशुद्ध नाफा-घाटामा चलेको हुन्छ । यो कुनै राज्यको नियन्त्रणमा हुँदैन । यसले कुनै पनि राज्यका सबै अवयवहरूलाई खरिद गर्छ वा आफ्नो अनुकूलतामा राख्छ । यस्ता देशमा आफू अनुकूल नियम, ऐन-कानुन बनाउँछ । देशभित्रको साधनस्रोत आफ्नो नियन्त्रणमा लिनका लागि त्यो देशसँग व्यक्तिगत कम्पनीहरूको सम्झौता, सहमति गराउँछ । राज्य सञ्चालक, राजनीतिक नेता, नोकरशाहहरूलाई किन्छ । हिजोका साम्राज्यवादको जस्तो कुनै देशलाई युद्ध वा ध्वंसद्वारा नभएर सस्तो मोलमा सन्धि, सम्झौता गरेर हडप्छ । आफूलाई चाहिने जनशक्ति उसैले बनाएको शिक्षा प्रणालीबाट उत्पादन गर्छ । विगत १८ वर्षसम्म लागू गरिएका शिक्षा प्रणालीको अध्ययन गर्दा उसले अदक्ष, दक्ष र अतिदक्ष जनशक्ति उत्पादन गरिरहेको छ । अदक्ष जनशक्ति शिक्षित त हुन्छ तर रोजगारी पाउँदैन । उसको आर्थिक उत्पादनमा कुनै भूमिका नरहने भएकाले आय पनि हुँदैन । दक्ष जनशक्ति निगम पुँजीवादद्वारा सञ्चालित कम्पनीहरूमा निम्न कोटिको काममा केही समयका लागि कम बेतनमा काम गर्न बाध्य हुन्छन् । अति दक्ष जनशक्ति असाध्यै कम संख्यामा हुन्छ । उनीहरूको सबै क्षमता केही मूल्य दिएर खरिद गरिन्छ । यस्तो जनशक्तिले उच्च खालको श्रम मूल्य पाउँछ । तर, तिनीहरू पनि केही समयपछि अवकाश लिन बाध्य हुन्छन् । यसरी विगतमा जस्तो उत्पादन प्रणाली निगम पुँजीवादको नियन्त्रणमा पुग्न गएको छ ।

राज्यको दमनसँग जोडेर मुख्य नेतृत्वको सुरक्षाको प्रस्ताव केन्द्रीय समितिमा उठाइयो । उक्त प्रस्ताव पारित गराई उनी भारतमा बस्न थाले । प्रचण्डको भारतको बसाइको व्यवस्था उनका भाइ पर्ने नारायण दाहालले गरे पनि प्रपञ्च भने बाबुराम भट्टराईले मिलाएका थिए ।

राज्य त छ तर त्यसलाई नियन्त्रण गर्ने अर्को निकाय बन्न पुगेको छ ।

यस्तो खालको चरित्र भएको राज्य प्रणालीलाई प्रचण्डले राष्ट्रिय पुँजीवादको संज्ञा दिएका छन् । उनले नेपालको ठूलो संख्याका युवा विदेश जाने गरेको, उनीहरूले पठाएको विप्रेषणले देशको अर्थतन्त्र धानेको, सूचना प्रविधिको तीव्र विकास र यातायातका कारणले गर्दा अब क्रान्तिलाई निरन्तरता दिन सकिँदैन भन्ने गरेका छन् । यस्तो अवस्थामा यही प्रणालीमा समाजवाद लागू गर्नुपर्ने उनको धारणा रहेको छ । उनले यही राज्य प्रणालीमा समाजवाद लागू गर्न सकिन्छ भन्दै गर्दा आमजनतामा भ्रम परिरहेको छ ।

प्रचण्डहरूले यही प्रणालीलाई समाजवाद किन भनिरहेका छन् त ? उनले निकिता ख्रुस्चेवले लिएको शान्तिपूर्ण सहअस्तित्वको नीति अवलम्बन गरेका छन् । पहिलो कुरा विभिन्न कारणले गर्दा अर्बपतिमा उनको उत्थान भएको छ । त्यसैले अब प्रचण्डलाई आफ्नै पुँजीको संरक्षण चाहिएको छ । उनका आसेपासेहरू पनि अर्बपति वा करोडपतिमा परिणत भइरहेका छन् । दोस्रो कुरा, उनीहरूको साँठगाँठ, उठबस दलाल पुँजीपतिहरूसँग भइरहेको छ । तेस्रो कुरा, दिल्लीमा भएको भनिएको १२ बुँदे समझदारीले उनीहरूलाई बन्धनमा राखेको छ । यी तीनवटा कारणले गर्दा प्रचण्ड र उनको टिम अब दुःख गर्ने, सच्चा समाजवादका लागि संघर्ष गर्ने हैसियत राख्दैन । तर, वर्तमान प्रणालीले अहिलेका अन्तरविरोधहरू समाधान गर्न सक्दैन भन्ने स्पष्ट भइसकेको परिप्रेक्ष्यमा समाजवादको नारा दिनुपर्ने बाध्यता नेपालका सबै राजनीतिक पार्टीहरूका सामु रहेको छ । त्यसैले पनि प्रचण्डहरूले समाजवादको प्रसंग उठाएका हुन् ।

विगतमा निकै ठूलो राजनीतिक विमति रहेका माओवादी केन्द्र र एमालेका बीचमा एकताको प्रसंग चलिरहेको छ । एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टीको नाम कम्युनिस्ट भए पनि सामान्य वामपन्थी पनि नरहेको स्पष्ट पारिसकेका छन् । कम्युनिस्ट र वामपन्थी पनि नरहेको पार्टीसँग एकता गर्ने तीव्र इच्छा रहँदारहँदै पनि बाहिरी शक्तिको चलखेलका कारण उनीहरूका बीचमा एकता हुने सम्भावना लगभग टरेको देखिन्छ । तर, एमाले र माकेको सरकार बन्ने सम्भावना भने रहेकै छ । यस्तो अवस्थामा समाजवादको सिद्धान्तबाट च्युत भएका दुईवटा पार्टीको सरकारले कस्तो समाजवादी कार्यक्रम लागू गर्ला ?

'जनयुद्ध'को २३औँ वार्षिकीको सन्दर्भमा त्यसका मुख्य अभियन्ताको वैचारिक स्खलनपछि उनले भन्ने गरेको समाजवादबाट अब कति भ्रमित होलान् ? देश र जनताका समस्या उनको समाजवादले न्यूनीकरण गर्छ कि बढावा दिन्छ ? यो त भविष्यले देखाउने छ । तर, यसका लागि लामो समय पर्खिनु पर्दैन । २ असार ०६३ बाट सार्वजनिक भएपछिका प्रत्येक दिन प्रचण्डका ओरालोका दिन भएका छन् । अब उनी ओरालोको अन्तिम सिँढीमा उभिएका छन् । उनले फेरि सिँढी चढ्ने साहस गर्ने छैनन् । किनभने, उनका नौनाडी गलिसकेका छन् । ◆

Suites | Basins | Faucets | Showering Components | Bath Tubs | Toilets | Accessories. **Leave nothing**

KATHMANDU : BAJRA & BAJRACHARYA ENTERPRISES - Bijulibazar, New Baneshwor, Kathmandu, Nepal. **Ph:** 977-1-4
TEKU - Tara Bhawan, Teku, Kathmandu, Nepal. **Ph:** 977-1-4226882/4220622 **Email:** kohler@themangalamgroup.com • **BIN**
• **EVEREST BATHWARE -** Tinkune, Airport Road, Kathmandu, Nepal. **Ph:** 977-1-4480680 **Email:** harsh@everestnp.com • **BAB**
• **SWAGAT TRADING -** Hattigauda, Maharajgunj, Kathmandu, Nepal. **Ph:** 977-1-4376945 **Email:** sujan.sapkota205@gmail.com
Email: rohitjajodia88@gmail.com **POKHARA : B&B MULTINATIONAL -** Pokhara Branch, New Road-8, Pokhara. **Ph:** +977 9
Adarsha Nagar-13, Birgunj, Opp. to Standard Chartered Bank, Nepal. **Ph:** 977-51-523908 **Email:** vishalapurva555@gmail.com

to imagination!

THE BOLD LOOK OF KOHLER®

781105 Service No: 9801002810 **Email:** pikesh.bajra@gmail.com, jeevankatel.bajra@gmail.com • **EVEREST INTERNATIONAL**
NDU HARDWARE & SANITARY - Koteshwor, Kathmandu, Nepal. **Ph:** 977-1-4601353/4601207 **Email:** binduhw@gmail.com
BOO SANITARY WARE - Ravi Bhawan, Solteemode, Kathmandu, Nepal. **Ph:** 977-1-4030633 **Email:** baboosanitary@gmail.com
BIRATNAGAR : ADITYA HARDWARE - Dharan Road, Near Krishi Bhavan, Biratnagar-6, Nepal. **Ph:** +977-021525975/525976
9801002810, +977 9801002814 **Email:** celinabajra@gmail.com, jeevankatel.bajra@gmail.com **BIRGUNJ : VISHAL APURVA -**

स्वर्गद्वारीको सम्पत्ति सखाप

अतिक्रमणकारीहरूको कब्जामा आश्रमको जग्गा–जमिन

■ जनक नेपाल र गिरूप्रसाद भण्डारी/प्यूठान

प्रसिद्ध स्वर्गद्वारी आश्रमको ७७ वर्षअघि प्यूठानमा २६ हजार रोपनी र दाङमा १ हजार ५० बिघा जग्गा थियो। त्यसबाट आश्रमले बर्सेनि झन्डै दुई हजार क्विन्टल धान र पाँच सय क्विन्टल तोरी भित्र्याउँथ्यो। विसं ०२८ मा मोहीलाई केही जग्गा नामसारी गरिएबाहेक कागजमा स्वर्गद्वारीको जग्गा जत्तिको त्यत्ति छ। तर, व्यवहारमा भने जग्गा पूरै अतिक्रमणकारी, ठेकेदार र मोहीको कब्जामा परेको छ।

रोल्पाको रुम्टीगढीबाट आएर बाल तपस्वी नारायण गौतमले विसं १९५२ वैशाख पूर्णिमामा स्वर्गद्वारीमा महायज्ञ लगाए। यज्ञलाई अखण्ड राख्न आश्रम खडा गरियो। दर्शन गर्न आउने भक्तजनबाट संकलित भेटीले प्यूठान र दाङमा जग्गा थपिँदै गयो। स्वर्गद्वारीमा घुइँचो लाग्न थालेपछि यज्ञका लागि चाहिने दूध, दही र घ्यूका लागि गाई पाल्न थालियो। तपस्वी गौतमको निधन हुनुअघि विसं १९९७ मा स्वर्गद्वारीमा एक हजार गाई थिए। प्यूठान र दाङका जग्गाबाट १ हजार ७ सय ९३ क्विन्टल धान र ४ सय ४० क्विन्टल तोरी आउँथ्यो। अहिले पनि उल्लिखित जग्गाका कागजात र लालपुर्जा आश्रमसितै छन्। आश्रम व्यवस्थापन समिति सदस्य रुद्र मिश्र भन्छन्, "तर, आयस्ता छैन। सम्पत्ति सबै कब्जामा छ।"

अहिले पनि साढे पाँच सय मोहीले कमाएको तीन सय बिघा जग्गाबाट ४० लाख रुपियाँको धान र ३५ लाख रुपियाँको तोरी आश्रमले पाउनुपर्ने हो, जो प्राप्त भइरहेको छैन। त्यस्तै, केही जग्गा ३० लाख रुपियाँमा ठेक्कामा दिइएको छ। तर, अधियाँ र ठेक्काबाट १० लाख रुपियाँ आउनसमेत गाह्रो भएपछि आश्रमलाई नियमित खर्च धान्न मुस्किल परिरहेको छ।

स्वर्गद्वारी नगरपालिकाको रेकर्डमा आश्रमका नाममा २६ हजार रोपनी पाखो जग्गा र कोचिबाङमा १ सय ४० रोपनी खेत छ। त्यस्तै, दाङमा १ हजार १२ बिघा जग्गा छ। धेरैजसो जग्गा लमही, घोराही, रामपुर र टरिगाउँमा छन्। ती जग्गाको बजार मूल्य कम्तीमा पनि १० खर्बभन्दा बढी रहेको जानकारहरू बताउँछन्। त्यसबाहेक, नेपाल बैंक लिमिटेडमा रहेको खातामा तीन करोड रुपियाँ अक्षय कोष जम्मा छ।

आफ्नै नामको जग्गाबाट आश्रमले आम्दानी पाउन छाडेको धेरै भइसकेको छ। ०५०/५१ देखि जग्गामा धेरैले आँखा गाडे। "आश्रमको जग्गामा राजनीति भयो," पूर्वसांसद तथा आश्रम व्यवस्थापन समिति सदस्य मुक्तिप्रसाद शर्मा भन्छन्, "अधियाँ लगाउनेलाई भाँडेर टाठाबाठाले आश्रमको जग्गा कब्जा गरे।" पराल र दाना जुटाउन मुस्किल भएपछि अहिले आश्रममा गाईको संख्या पनि निकै कम भएको छ। त्यसले स्वर्गद्वारीको पुरानो साख र महिमासमेत खस्किएको छ।

आश्रमको जग्गा फिर्ता गर्न बेला-बेला स्थानीयले आवाज उठाउने गरेका छन्। आश्रम व्यवस्थापन समितिले जग्गा अतिक्रमण हटाउन दाङ, प्यूठान र रोल्पाका प्रमुख जिल्ला अधिकारीसहितको बैठक थुप्रैपटक बसायो। तर, कुनै प्रगति भएको छैन। "पहिले जग्गा अधियाँबाट हुने आम्दानीले आश्रम चल्थ्यो," आश्रमका लेखापाल वासु भट्टराई भन्छन्, "अहिले अधियाँ आउन छाड्यो। भक्तजनको भेटीको मात्रै भर छ।"

सरकारको सहयोगमा गुठी संस्थानले आश्रमको जग्गालाई राजगुठी बनाउन थालेपछि आश्रम सर्वोच्च अदालत गएको सदस्य मिश्र बताउँछन्। बाल तपस्वी गौतमले जग्गा किन्दा बनाएका लिखतहरूसमेत अदालतमा पेस गरिएका थिए। "राजनीति गर्नेहरूले राजगुठी बनाएर खण्डीकरण गर्न चाहेका थिए," उनी भन्छन्, "हामीले अदालत गुहार्यौं। सर्वोच्च अदालतले हाम्रो पक्षमा फैसला गरेको छ।"

सर्वोच्च अदालतले ०६३ मा निजी गुठी भनेर आश्रमको जग्गामा मोहियानी हक नलाग्ने पनि फैसला गरेको छ। आश्रमका जग्गा तपस्वी

विधान छैन, गुरुयोजना अलपत्र

स्वर्गद्वारी आश्रम सञ्चालनका लागि विधान निर्माण गर्ने भनिए पनि अझ बनेको छैन । आश्रमको जग्गाको आम्दानी, दैनिक भेटीबाट हुने आम्दानीलगायत विविध आम्दानी र खर्चबारे बेला-बेलामा गुनासो आएपछि विधान निर्माण गर्न लागिएको हो । विधान मस्यौदा समिति संयोजक मुक्तिप्रसाद शर्मा विधान दर्ता नभएका कारण कार्यान्वयनमा नआएको बताउँछन् । “विधानको मस्यौदा बनेर मूल व्यवस्थापन समितिको बैठकले पास गरी सञ्चालनमा ल्याउने हो । अहिलेसम्म विधान दर्ता नै भएको छैन,” उनी भन्छन् ।

०६४ मा भौतिक योजना मन्त्रालयले ३४ करोड ९ लाख रुपियाँ लागतको भौतिक निर्माणसहितको गुरुयोजना तयार पारेको थियो । सहरी विकास तथा भौतिक पूर्वाधार क्षेत्र आयोजनाले आर्थिक वर्ष ०६८/६९ बाटै भौतिक पूर्वाधारको काम सुरु गर्ने भने पनि सरकारले बजेट नै छुट्याएन । त्यसैले ग्राफिक नक्सांकनसमेत गरिएकामा सरकारले बजेट नछुट्याउँदा गुरुयोजना अलपत्र परेको छ । गुरुयोजनामा स्वर्गद्वारी मन्दिर क्षेत्रलाई मात्र समेटिएकाले तपस्वी नारायण गौतमको जन्मस्थान रोल्पाको रुम्टी र जग्गा रहेको दाङका बारेमा गुरुयोजनामा उल्लेख नभएकामा आश्रमको चित्त बुझेको छैन ।

गौतमले भक्तजनको दान-दक्षिणा संकलन गरेर किनेका हुन् । त्यसैले यसलाई खण्डीकरण र हस्तान्तरण गर्न नमिल्ने अदालतको फैसलामा उल्लेख छ । अदालतले फैसला गर्नुअघिसम्म स्वर्गद्वारीको जग्गा खनजोत गर्दै आएका मोहीलाई आश्रमले भोगचलन दिइरहेको छ । मोहीभन्दा अतिक्रमण गरेर जग्गा कब्जा गर्नेबाट आश्रम पीडित रहेको मिश्रको दुखेसो छ ।

आश्रमको जग्गामा मोही, अतिक्रमणकारी र जग्गा दलालको मात्र होइन, आश्रमका सन्त र महन्तले पनि आँखा लगाएका थिए । तर, भूमि प्रशासनका केही अधिकृतले बेलैमा त्यो चाल पाए र रोके । महन्तहरूले आफ्नो नाममा नपाएका जग्गा आफूहरूले फिर्ता गराएको ०२९ मा दाङ भूमि प्रशासन कार्यालयमा कार्यरत सुब्बा लोकबहादुर भण्डारी बताउँछन् । “०२१ सालमा नापी टोली आउँदा सन्त र महन्तहरूले पनि आश्रमको जग्गा आफ्नो नाममा नाप्न लगाए,” ८३ वर्षीय भण्डारी सम्झिन्छन्, “दरबारबाट बुझ्न आदेश आएपछि दाङबाट मोठ नै बोकेर आश्रमको नाममा जग्गा फिर्ता गराएका थियौं ।” उनका अनुसार आश्रमको जग्गा तपस्वी गौतमले किनेको, नेपाल सरकारबाट प्राप्त र कसैले दान गरेको गरी तीन प्रकारका छन् । ती जग्गाको उब्जनी अन्न, तोरी र पराल स्वर्गद्वारी ल्याउन दाङबाट घोडाको ताँती लागेको दृश्य उनी अहिले पनि सम्झिन्छन् ।

विभिन्न बहानामा कब्जा भएको स्वर्गद्वारी आश्रमको दाङ, घोराहीस्थित झ्वेराको जग्गा



तस्बिरहरू : गिरिप्रसाद भण्डारी

स्वर्गद्वारी आश्रम नियमित सञ्चालन गर्न वार्षिक तीन करोड रुपियाँ खर्च लाग्छ । १ सय ४० जना नियमित कर्मचारी कार्यरत छन् । त्यस्तै, ७५ विद्यार्थी अध्ययनरत छन् भने गौशालामा ४ सय २० गाई छन् । ती सबैका लागि स्वर्गद्वारी आश्रमको दैनिक खर्च कम्तीमा ६० हजार रुपियाँ रहेको छ । नियमित स्रोत नहुँदा आर्थिक संकटमा परेको स्वर्गद्वारी आश्रमका लागि अहिले भक्तजनको दान-दक्षिणा एक मात्र स्रोत हो । “राजतन्त्र रहँदासम्म जग्गालाई दरबारले संरक्षण गरेको थियो,” आश्रमबारे अध्ययन गरेका दाङका बुद्धिजीवी केबी मसाल भन्छन्, “त्यसपछि यो ऐतिहासिक र धार्मिक स्थलको संरक्षण तथा सञ्चालनमा राज्यको ध्यान गएको देखिएन ।”

आश्रमका प्रमुखको जिम्मेवारीमा रहेका महन्त भागवानन्द गिरी, ७२, लाई स्रोत जुटाउनु मुख्य चुनौती भएको छ । काठमाडौं पशुपति मन्दिरनजिकको राम मन्दिरमा बस्दै आएका उनी ०६० बाट आश्रमको नेतृत्व गरिरहेका छन् । भन्छन्, “कब्जा भएका जग्गाबाट आयस्ता जुट्न थालेपछि स्रोतको समस्या हुन्न । सरकारले अदालतको फैसला कार्यान्वयन गराएर जग्गा फिर्ता गराए आश्रमले कतै हात फैलाउनु पर्दैन ।”

करिब दुई दशकदेखि आश्रमले आफ्नै जग्गाबाट आयस्तासमेत नपाउँदा सञ्चालनमा समस्या भएको छ । स्वर्गद्वारीको जग्गामा बस्दै आएका मोही, अधियाँ गर्दै आएका किसान र भोगचलन गर्दै आएका व्यक्तिबारे राजनीतिक दलहरूको प्रस्ट दृष्टिकोण नआएसम्म समस्याले निकास पाउने अवस्था छैन । त्यसैले दाङमा हरेक निर्वाचनमा आश्रमको जग्गाको लालपुर्जा बनाउने चुनावी नारा बन्छ । अतिक्रमणकारीलाई प्रोत्साहन पुग्ने गरी पार्टीहरूले भूमिका खेलेका छन् । जबकि, वास्तविक मोहीबाहेक अरूलाई आश्रमले जग्गा दिनुपर्ने कुनै कारण छैन ।

दाङको घोराही, तुल्सीपुर र लमही क्षेत्रमा आश्रमको सबैभन्दा धेरै जग्गा अतिक्रमित छ । यतिसम्म कि नेताहरूकै दबाबमा आश्रमको नामका लालपुर्जा भएका जग्गामा बस्नेहरूलाई पनि सडक, बिजुली, पानीलगायत पूर्वाधार पुऱ्याउने कार्य भइरहेको छ, जो बुद्धिजीवी मसालका शब्दमा, गैरकानुनी अराजकता हो । ◆

मसकुर अहमद लारी

लाचार लारी

जालसाजी, लागूऔषध र सम्पत्ति विवादमा यसरी मुछिए, मसकुर अहमद

■ मनबहादुर बस्नेत

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टीआईए)को तीन नम्बर गोदाममा चेकजाँच भएर प्लाइउडका केही बाकस विमानस्थलको एप्रोन क्षेत्रमा छिराइन्छ, १४ मंसिर ०५४ को साँझ । केही बेरपछि बाअप २६४ नम्बरको भ्यान बाकसनजिकै पुग्छ। विमानस्थलमा सामान लोड/अनलोड गर्ने ६ जना त्यहाँ झुरुप्प भेला हुन्छन् र भन्सार जाँच भएका बाकससँग भ्यानमा लगिएका पाँच थान बाकस साट्छन् ।

कडा सुरक्षा जाँच हुने टीआईएमा सहजै साटफेर भएका यी बाकसको भेद दुई दिनपछि खुल्छ, जब जर्मनीको फ्र्यांकफर्ट विमानस्थलमा त्यहाँको प्रहरीले नेदरल्यान्ड पुऱ्याउन खोजिएको उक्त बाकस खोतल्छ । सिंगिङ बल (एक किसिमको कचौरा, जसको आवाजबाट विभिन्न रोगको उपचार गरिन्छ) भनेर लगिएको बाकसभित्र जर्मन प्रहरीले २ सय ५० किलोग्राम चरेस बरामद गर्छ, जसको जरो नेपालमा जोडिएको थियो । लगत्तै अपराध नियन्त्रणका लागि प्रहरीको अन्तर्राष्ट्रिय सञ्जाल इन्टरपोलले नेपालमा फ्याक्स पठाउँछ, 'नेपालीले पठाएको ठूलो परिमाणको चरेस बरामद गरिएको छ । थप अनुसन्धान गर्नू ।' त्यसको चार दिनपछि २० मंसिर ०५४ मा नयाँ दिल्लीस्थित जर्मन दूतावासले जाहेरी नै पठाउँछ ।

जर्मनीमा जफत भएको चरेसले त्यहाँबाट ६ हजार ७ सय ५५ किलोमिटर हवाई दूरीमा रहेको नेपालमा खैलाबैला मच्चाइदिन्छ । तत्कालीन लागूऔषध नियन्त्रण कानुन कार्यान्वयन एकाइ (हाल लागूऔषध नियन्त्रण ब्युरो)ले अनुसन्धान थाल्छ । त्यसपछि नेपालबाट समेत लगालग भारी मात्रामा चरेस बरामद हुन्छ (*हेर्नूस्, चरेस तस्करी मार्ग*) । यसबीचमा १४ जना पक्राउ नै पर्छन् । कारोबारीको जालो केलाउँदै जाँदा ब्युरो यस्तो 'हाइप्रोफाइल' व्यक्तिसम्म पुग्छ, जसले अनुसन्धानकर्तालाई नै चकित पार्छ । हाइप्रोफाइल लागूऔषध कारोबारका ती अभियुक्त अरू कोही नभएर काठमाडौंको पाँचतारे होटलका सञ्चालक एवं सेयरधनी मसकुर अहमद लारी हुन् ।

काठमाडौंको नयाँ बानेश्वरको मुख्य सडकमै ३२ रोपनी १० आना क्षेत्रफलमा फैलिएको एभरेस्ट होटलका मालिक हुन्, लारी ।

भारतीय नागरिक उनले नेपालमा ठूलो व्यापारिक घरानियाँको छवि बनाएका थिए । उनी कति शक्तिशाली थिए भन्ने त २० वर्षपछि बल्ल पक्राउ पर्नुले खुलस्त हुन्छ । यही अभियोगमा 'फरार' रहेका लारीलाई २५ माघमा काठमाडौंको महाराजगन्जबाट प्रहरीले पक्राउ गरेको हो । दुई दशकसम्म उनी सबैलाई जिल्याउँदै प्रहरीको हात पर्नबाट जोगिँदै आएका थिए ।

कानुनकै ओत

जर्मनीमा चरेस जफत भएपछि नेपालमा बसेर विदेशीले लागूऔषधको अवैध धन्दा चलाएको खुल्यो । हल्यान्डका नागरिक फिलिप्स जिस्केन इफ ग्रिसेलले झन्डै १० वर्षदेखि नेपालमै बसेर चरेसको अवैध कारोबार गरेको प्रहरी बयानमा उल्लेख गरेका छन् । उनले भक्तपुरकी लक्ष्मी कंसाकारसँग विवाह गरेर कारोबार गर्दै आएका थिए । यो जोडीले चरेस कारोबारमा कुख्यात अग्निकुमार भट्टचनसँग मिलेर कारोबार गर्थे । कंसाकार र ग्रिसेलले ललितपुरको नख्खु, भक्तपुरको सल्लाघारी र काठमाडौंको भीमसेनस्थानमा चरेसको गोदाम नै खोलेका थिए । प्रहरीले यी ठाउँबाट क्रमशः २ सय ३२ किलो, ५ किलो २ सय ५० ग्राम र ९ किलो ७ सय ग्राम चरेस बरामद गरेको थियो, चार दिनको अन्तरमा । विमानस्थलसम्म चरेसको अवैध निर्यातका लागि लारीको एभरेस्ट होटलको भ्यान प्रयोग गरिएको थियो । उक्त भ्यान हवाई क्याटरिङको आवरणमा लागूऔषध ओसारपसारमा प्रयोग भएको थियो । स्मरणीय रहोस्, विमानका लागि खाना आपूर्ति गर्ने यस्ता सवारीसाधनले विमानस्थलको एप्रोन कक्षमै पुग्ने सुविधा पाउँछन् । लारीले यही सुविधालाई दुरुपयोग गरेका थिए । तर, उनी फरार बनेरै अनुसन्धान गुजार्न सफल रहे । घटनालगत्तै लारी फरारसूचीमै घुमिरहे । प्रहरीले लारीलाई लगाएको अभियोग-पत्रमा भनिएको छ, 'निज गाडी मालिक मस्कोर अहमद लारीले पनि उक्त वारदातमा सवारी साधन दिई सहयोग पुऱ्याएको देखिन आयो ।'

प्रहरीले अभियोग-पत्रमा मसकुरको नाम 'मास्कोर' लेख्नु नै ठूलो भूल मात्रै बनेन, उनी सुरक्षित रहने आधारसमेत बन्यो । नाम र वतन नमिलेकैले उनी पटक-पटक अदालतबाट पक्राउ आदेश जारी हुँदासमेत सहजै छलिए । फलतः उनी कानुनी प्रक्रियाकै वरिपरि घुमेर पनि अनुसन्धानको दायरामा तानिएनन् । कतिसम्म भने नाम फरक पर्न गएकाले अभियुक्तलाई अदालतमा उपस्थित गराउन नसक्दा उनको मुद्दा सुरुमै खारेजीसमेत भएको थियो । ८ जेठ ०५७ मा लारीविरुद्ध फौजदारी मुद्दा दर्ता गर्नु भन्ने काठमाडौं जिल्ला अदालतले आदेश दिएको थियो । तर, यो आदेश नौ दिन पनि टिकेन । ठेगाना नभेटिने, नाम नमिल्नेजस्ता कारणले म्याद तामेल (अदालतले उपस्थित हुनु भनेर दिएको समयावधि) हुन नसकेपछि १७ माघ

नयाँ बानेश्वरस्थित एभरेस्ट होटल

०५७ मा जिल्ला अदालत काठमाडौंले मुद्दा खारेजको आदेश दिएको थियो । गिरिशकुमार शर्मा र कुमारप्रसाद पोखरेलको इजलासले गरेको फैसलामा भनिएको छ, 'अभियोजन गर्ने पक्षले म्याद तामेल गर्न पनि सक्दैन र अर्को वतन देखाउन पनि सक्दैन । तसर्थ, निजका हकमा यो मुद्दा दायर हुन सक्ने देखिएन र खारेज हुने ठहर्छ ।'

मुद्दा नै दर्ता हुन नसक्ने अदालती ठहरपछि लारीका लागि ६ वर्ष ढुक्क भयो । किनभने, सरकारी पक्ष यसविरुद्ध पुनरावेदनमा गएको लामो समयपछि मात्रै अर्को आदेश आयो । तत्कालीन पुनरावेदन अदालत पाटनले २१ जेठ ०६३ मा मात्रै काठमाडौं जिल्ला अदालतको मुद्दा उल्टी हुने आदेश दियो । 'अदालतले कानुनद्वारा व्यवस्थित कार्यविधिको पालना नै नगरी मुद्दा खारेजी गरिदिएको' भन्दै जिल्ला अदालतको फैसला 'त्रुटिपूर्ण' भनेको छ । पुनरावेदनका न्यायाधीशद्वय लक्ष्मणमणि रिसाल र हरिबहादुर बस्नेतको इजलासले जिल्ला अदालतको खारेजी फैसला उल्टाउने आदेश दिएपछि यो मुद्दा दर्ता त भयो । तर, एकातिर सुनुवाइ हुन लामो समय लाग्यो भने अर्कोतिर 'तामेली' चक्रमा समेत फस्यो ।

२८ भदौ ०६४ मा जिल्ला अदालत काठमाडौंले मसकुर अहमद लारीका नाममा म्यादी पुर्जी तामेल हुन नसकेको (पक्राउ आदेश सम्बन्धित व्यक्तिसम्म पुऱ्याउन नसकिएको)ले वतन खुलाई पठाएको बखत ठहर हुने भन्दै मुद्दा तामेलीमा राखियो र दुई वर्ष थन्कियो । त्यसपछि ०६६ मा जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंले पुनः कारबाहीका लागि जिल्ला अदालतमा निवेदन दियो । २४ कात्तिक ०६६ मा जिल्ला अदालतले तामेली जगाउने निर्णय पनि गऱ्यो । तामेलीबाट मुद्दा जगाउने पुरानो चक्रीय प्रक्रिया फेरि सुरु भयो । ब्युरोले अर्को वतन खुलाएर पठाउन सकेन र सरकारी वकिलको कार्यालयले ४ चैत ०६६ मा सोही बेहोराको पत्र अदालतमा पेस गऱ्यो । त्यसपछि १२ चैत ०६६ मा जिल्ला अदालत काठमाडौंले लारीको मुद्दा पुनः तामेलीमै राख्ने आदेश सुनायो ।

दुई वर्षपछि सरकारी वकिलको कार्यालयले तामेली जगाउन निवेदन दिएपछि यो मुद्दा फेरि अगाडि बढ्यो । २२ माघ ०६८ मा सरकारी वकिलको कार्यालयले तामेलीबाट जगाई कारबाही गरिपाऊँ भन्दै अदालतमा निवेदन चढाएको थियो । त्यसपछि २७ माघ ०६८ मा अदालतले उनको नाममा पुनः पक्राउ आदेश जारी गऱ्यो । आदेशमा ७० दिनभित्र उपस्थित हुन भनिएको थियो । यसका साथै म्याद गुजारेमा उनको अंश रोक्का गरिने समेत उल्लेख छ । दुई वर्षसम्म पनि उपस्थित नभए उनको रोक्का अंशबारे कानुनी कारबाही हुने र त्यसबारे पछि उजुरी गर्न नपाइने समेत पक्राउ आदेशमा किटान गरिएको छ । तर, १४ चैत ०६८ मा पुनः यो मुद्दा तामेलीमा पठाइयो । त्यसपछि २४ असार ०६९ मा पुनः उनीविरुद्ध पुनरावेदन अदालतले वारेन्ट जारी गरेको थियो । त्यसयता उनी फरार रहँदै आएका थिए ।

लागूऔषध नियन्त्रण ऐन, ०३३ को दफा १४ को उपदफा घ (५) मा १० किलोभन्दा बढी गाँजा (चरेस) उत्पादन, तयार, खरिद, बिक्री वितरण, निकासी वा पैठारी, ओसारपसार तथा सञ्चय गर्ने व्यक्तिलाई दुईदेखि दस वर्षसम्म कैद र १५ हजारदेखि एक लाख रुपियाँसम्म जरिवानाको भागीदार हुने व्यवस्था छ । साथै, सवारी साधन प्रयोग भएमा त्यो जफत हुने व्यवस्था छ । तर, उनको भ्यान जफत नगर्नु भनेर जिल्ला अदालत काठमाडौंले ०६४ मा आदेश दिएको थियो । त्यसलाई पुनरावेदन अदालत पाटनले पनि सदर गरिदियो । राजनीतिक, प्रहरी र प्रशासनजस्ता प्रभावी शक्ति केन्द्रमा राम्ररी पहुँच बनाएकाले लारीले लागूऔषधजस्तो जघन्य अपराधमा

EVENT PRODUCED & ORGANIZED BY
ODC ENTERTAINMENT
TUBORG
PRESENTS
CATCH THE BIG BANG BY
BOLLYWOOD SUPERSTARS
DA-BANGG
THE TOUR
10TH MARCH 2018,
TUNDHIKHEL, KATHMANDU
Enjoy TUBORG
Share TUBORG
EXPLORE TUBORG
PLAY TUBORG
PARTICIPATE AND
WIN 20 TICKET
EVERY WEEK
प्रश्न २) सलमान खान र सोनाक्षी सिन्हाको
सँगै काम गरेको पहिलो चलचित्र कुन थियो ?
A एक था टाइगर
B बजरंगी भाईजान
C दबंग
D सन ओफ सरदार
To Participate in the contest
Type DABANGG <SPACE> A/B/C/D & send SMS to 31003
TICKET PRICE
PLATINUM NRs. 20,000/-
GOLD NRs. 10,000/-
SILVER NRs. 5,000/-
BRONZE NRs. 3,000/-
IN PARTNER WITH
CITY HOTEL AND SUITES
Dal Bhat NEPALI KITCHEN
CO-SPONSOR
OFFICIAL MEDIA PARTNER
कान्तिपुर
KANTIPUR
Radio Kantipur
LOGISTIC PARTNER
NTB
HELI PARTNER
HELI EVEREST
HOSPITALITY PARTNER
SOALTEE CROWNE PLAZA AN IHG HOTEL KATHMANDU
BANKING PARTNER
Global IME Bank
RECREATION PARTNER
CHANDRAGIRI HILLS WHERE WISHES COME TRUE
INSURANCE PARTNER
IME LIFE Ensuring Future
TICKETING PARTNER
IME International Money Express Fast, Reliable And Secure Remittance
IME pay RECHARGE | TRANSFER | PAYMENTS
INTERNATIONAL ONLINE PARTNER
RESPECT & RISE
CREATIVE PARTNER
hueshine
FOR ONLINE BOOKING:
www.meroshows.com
FOR MORE INFO: 9801216002, 9801216003, 9801216005
www.odcentertainment.com
EVENT MANAGED, SCRIPTED AND DIRECTED BY
SOHAIL KHAN ENTERTAINMENT & JA EVENTS LLP



मुछिँदासमेत सहजै उन्मुक्ति पाउँदै आएका थिए । नेपाल प्रहरीका एक पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक भन्छन्, "लारी पहिल्यैदेखि ड्रग्स कारोबार गर्थे । एकपटक प्रमाण भेटियो तैपनि कारबाही भएन । किनभने, उच्चपदस्थ धेरै व्यक्तिसँग उनको राम्रै उठबस छ ।"

विवादास्पद विगत

लारी आफ्ना काका मकबुल अहमद लारीको व्यापार हेर्न नेपाल आएका हुन् । लारी परिवारको स्थायी ठेगाना भारतको लखनउ हो । मकबुलले ०२१ देखि नेपालमा छाला र मदिराको व्यापार थालेका थिए । पञ्चायत कालभरि मकबुलले नेपालको तराई क्षेत्रमा मदिरा उत्पादनको साम्राज्य नै खडा गरेका थिए । पश्चिमको महेन्द्रनगरदेखि पूर्वको झापासम्मै उनले मदिरा कारखाना खोलेका थिए । झापाको मेची डिस्टिलरी, विराटनगरको कोसी डिस्टिलरी, सिरहाको सगरमाथा डिस्टिलरी, महेन्द्रनगरको लारी डिस्टिलरी मकबुलले चलाएका नामी मदिरा कारखाना थिए । त्यसपछि लारी परिवारले छालाको व्यापारमा समेत हात हाल्यो । नेपालबाट काँचो छाला भारत निकासी गर्थ्यो, यो परिवारले । भारतको कानपुरमा मकबुल परिवारको छाला प्रशोधन कारखाना अझै सञ्चालनमा छ । मदिरा र छालाबाट राम्रो आम्दानी गरेपछि मकबुलले होटल व्यवसायमा लगानी गरे । ०३७ मा मकबुलले द एभरेस्ट होटल काठमाडौं खोलेको कम्पनी रजिस्ट्रारको कार्यालयका कागजातबाट देखिन्छ ।

मकबुलका एक छोरा छन्, मुजफ्फर अहमद लारी । कानपुरमै छाला प्रशोधन उद्योग चलाउने उनी नेपालमा बस्दैनन् । छोरालाई भारतको व्यापार/व्यवसाय सम्हाल्ने जिम्मा दिएर भतिजा लारीलाई नेपालको व्यापार हेर्ने जिम्मा दिएका थिए, मकबुलले । ०४५ तिर मकबुल बिरामी परेपछि नेपाल बस्न छोडे र यहाँको व्यापार-व्यवसाय भतिजाको रेखदेखमा छोडिदिए । ०६१ मा मकबुलको भारतमै मृत्यु भयो । त्यसपछि ०६२ मा मकबुलका छोरा मुजफ्फर बाबुको नामको सम्पत्ति खोज्दै नेपाल आए । तर, लारीले ०५० मै एभरेस्ट होटलमा मुकबुलका नाममा रहेको ५० प्रतिशत सेयर आफ्नो र श्रीमती नज्मा मसकुर लारीका नाममा सारिसकेको खुल्यो । त्यसपछि यो परिवारमा होटलको सम्पत्ति विवाद अदालतमा पुग्यो । लारीले कीर्ते कागजात बनाएर सम्पत्ति आफ्नो नाममा पारेको भन्दै मुजफ्फरले जिल्ला अदालत काठमाडौंमा मुद्दा हाले । त्यसपछि विवाद सर्वोच्चसम्म तन्कियो । सर्वोच्च अदालतले २१ पुसमा यिनै लारीकै पक्षमा फैसला गरिदियो ।

विदेशी नागरिकले लगानी गर्दा (सम्पत्ति नामसारी) उद्योग विभाग र लगानी बोर्डको स्वीकृति लिनुपर्छ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, ०४९ अनुसार यस्तो स्वीकृति लिनुपर्छ । तर, लारीले सेयर आफ्नो नाममा बनाउँदा यस्तो स्वीकृति लिएका छैनन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत यो सेयर किनबेचको मुद्दा हेरिरहेको छ । दुई वर्षअघि उद्योग विभागसँग अनुमति लिए/नलिएकोबारे पत्राचार गर्दा विभागले नलिएको जवाफ पठाएको थियो । अदालतले लारीकै पक्षमा फैसला गरे पनि कसरी सम्पत्ति नामसारी भयो भन्ने आशंकाचाहिँ कायमै छ ।

रोचक पक्ष त के छ भने लागूऔषधमा फरार रहेका व्यक्ति ०६२ देखि नै अदालतमा अर्को मुद्दा खेपिरहेका छन् । एउटा मुद्दामा फरार हुने र अर्कोमा वारेसनामामार्फत मुद्दा लड्नु वारेसको सिद्धान्तविपरीत मानिन्छ । फेरि एउटै अदालतमा फरार व्यक्तिबारे मुद्दा चलेको थियो । अदालती बन्दोबस्तको ऐनको दफा ६५ को ३ अनुसार फौजदारी मुद्दामा वारेन्ट जारी भई फरार रहेको व्यक्तिको अन्य मुद्दामा वारेसनामा गर्न पाइँदैन ।

शक्ति-सम्बन्धका सारथि

व्यापारका लागि नेपाल आएका लारीका काका मकबुल सुरुदेखि नै सत्तासँग नजिक रहे । पञ्चायतकालमा ठूलो स्तरमा व्यापार गर्नेहरूको अक्सर राजपरिवारसँग नजिकको सम्बन्ध रहन्थ्यो । राजा महेन्द्रसँग लारी परिवारको हितैषी सम्बन्ध थियो । स्रोतका अनुसार मकबुलको लखनउस्थित घरमा राजा महेन्द्र गएर बसेका समेत थिए । मकबुलकै कारण भतिजा लारीले पनि सत्ता र शक्तिसँग सम्बन्ध गाँसे । ०४६ मा प्रजातन्त्र पुनःस्थापनापछिको केही समयमै लारीको कांग्रेस नेतृ सुजाता कोइरालासँग राम्रै हिमचिम थियो । अहिले भने उनले कांग्रेस नेता अमरेशकुमार सिंह र प्रधानमन्त्री-पत्नी आरजु देउवा राणासँग बलियो साँठगाँठ बनाएका छन् ।

एभरेस्ट होटल बेचेर लारी भारत जाने योजनामा थिए । सोही अनुरूप व्यापारी अजेयराज सुमार्गीसँग होटल किनबेचबारे कुरासमेत भएको स्रोतको दाबी छ । ५० अर्ब रुपियाँमा किनबेचको 'डिल' भएको उक्त स्रोतको दाबी छ । सुमार्गीमार्फत नै लारीले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग समेत सम्बन्ध बढाएका छन् । शक्तिशालीहरूसँग राम्रै उठबस गर्ने लारी एकाएक पक्राउ पर्नु धेरैका लागि अनौठो विषय बनेको छ । धेरैलाई छक्याएर अभियोगबाट बच्दै आएका लारी के अब साँच्चै लाचार भएका हुन् ? ◆

KMG
FIRE SIDE
WITH
BHUSAN DAHAL
EVERY MONDAY
9 PM
ONLY ON
KANTIPUR
KANTIPUR
कान्तिपुर टेलिभिजन
अब हाई-डेफिनिसनमा
DOWNLOAD KANTIPUR TV APP
GET IT ON Google Play
Available on the App Store
/KANTIPURTELEVISIONNETWORK
WWW.KANTIPURTV.COM

मिलीजुली निगरानी

■ **माधव ढुंगाना**/भैरहवा

प्रहरीले पक्राउ गरेको लागु औषध

प्लस-टूमा पढ्दै गरेको आफ्नो छोरो कृष्ण भण्डारी (नाम परिवर्तित)ले लागूऔषध सेवन गर्न सुरु गरेको चितवन, भरतपुर महानगरपालिकास्थित हाकिमचोकका चन्द्र भण्डारीलाई पत्तै थिएन। उनलाई त्यतिबेला छाँगाबाट खसेको महसुस भयो, जब कसैले छोरालाई लिन आउन आग्रह गर्दै फोनबाट सुनौली नाकास्थित बेलहियामा रहेको क्याम्पमा बोलायो।

कृष्ण भण्डारी सीमावर्ती भारतको सुनौलीमा लागूऔषध सेवन गरी नेपालतर्फ फर्किरहेका थिए। लट्ठिएको अवस्थामा आइरहेको देखेपछि उनलाई बेलहियास्थित भैरहवा भन्सार कार्यालय परिसरअगाडि सडक किनारामा स्थापना गरिएको एउटा क्याम्पमा तैनाथ केही व्यक्तिले नियन्त्रणमा लिए। सोधपुछ र छानबिनबाट उनले लागूऔषध सेवन गरेको जानकारी भएपछि क्याम्पमा रहेका कसैले उनको बुबाको मोबाइलमा सम्पर्क गरी छोरालाई लिन बोलाएका थिए।

"लागूऔषध सेवन गर्न भर्खर सिक्दै गरेको र साथमा लागूऔषध बोकेको नपाइएपछि हामीले उनको बुबालाई खबर गरी छोरालाई लिन बोलाएका थियौं," क्याम्पमा तैनाथ संसारविजय गुरुङ भन्छन्, "बाबु-छोरा दुवैलाई लागूऔषधको सेवन र छुटाउनका लागि अभिभावकको भूमिकाका बारेमा केही बेर परामर्श दियौं।" बेलहियाका स्थानीय गुरुङले कृष्णजस्ता दर्जनौं किशोरलाई यसरी नै अभिभावकलाई बोलाएर जिम्मा लगाइसकेका छन्।

उक्त क्याम्प माघको पहिलो सातादेखि स्थापना गरिएको हो। क्याम्पमा बिहानैदेखि स्थानीय केही समाजसेवी र नजिकैको इलाका प्रहरी कार्यालय बेलहियाका सुरक्षाकर्मी उपस्थित हुन्छन्। अनि, सुरु हुन्छ- लागूऔषध सेवनकर्ता, ओसारपसार गर्ने र कारोबारीवालाको खोजी राती अबेरसम्म। स्वदेशी-विदेशी पर्यटकको आवागमन र दुई मुलुकबीचको व्यापारिक कारोबारले गुलजार हुने सुनौली नाका लागूऔषध दुर्व्यसनी र कारोबारीको अखडा बन्न थालेपछि स्थानीयले नेपाल प्रहरीसँग सहकार्य गर्दै लागूऔषध नियन्त्रण अभियान सञ्चालन गरेका हुन्। अभियानलाई प्रभावकारी गराउन नेपाल र भारतका २१ वटा विभिन्न संघ-संस्थाले आपसमा हातेमालो गरेर अघि बढेका छन्। योजना कार्यान्वयन गर्न १५ सदस्यीय कार्यसमिति परिचालित छ। समितिका संयोजकसमेत रहेका गुरुङका अनुसार दुर्व्यसनीले पर्यटकसँग पैसा माग्ने, सताउने र मौका मिले लुट्नेसमेत गर्न थालेपछि यो अभियान सञ्चालन गरेका हौं।"

संगठित अतिक्रमण

वनक्षेत्र अतिक्रमण गरी निर्माण गरिएको चिहान

■ **अर्जुन राजवंशी**/दमक

झापाको रतुवामाई वृक्षारोपण आयोजनाको वनक्षेत्र समुदायबाटै तीव्र अतिक्रमणको चपेटामा परेको छ। तर, अनौठो के छ भने वन क्षेत्रको ठूलो क्षेत्रफल व्यक्तिले भन्दा निकै बढी क्षेत्र विभिन्न बहानामा सरकारका विभिन्न निकाय र विविध नाम दिएर खोलिएका समुदायहरूले नै अतिक्रमण गरिरहेका छन्।

आयोजना ३ हजार २७.१८ हेक्टर क्षेत्रफलमा फैलिएको छ। उक्त वनक्षेत्रको २ सय ३ हेक्टर क्षेत्रफल समुदायको प्रत्यक्ष अतिक्रमणमा परेको छ। व्यक्तिगतभन्दा संस्थागत अतिक्रमण डरलाग्दो रूपमा जारी रहेको आयोजनाका प्रमुख खेमलाल विश्वकर्मा नै स्वीकार्छन्। उनका अनुसार व्यक्तिगत रूपमा २४.६२ तथा संस्थागत रूपमा १ सय ७८ हेक्टर क्षेत्रफल अतिक्रमण भएको छ।

पूर्व-पश्चिम राजमार्गमा पर्ने दूधे बजार उत्तरमा तत्कालीन सतासीधाम गाउँ विकास समिति, आदिवासी जनजाति महासंघ, सामुदायिक वन उपभोक्ता समूह, खानेपानी उपभोक्ता समिति, कृषक समूह, सिँचाइ आयोजना, प्रहरी, सेना, सहकारीलगायतका कार्यालयले वन क्षेत्र अतिक्रमण गरी आधुनिक भवन

उनका अनुसार, समितिले जनचेतनामूलक कार्यक्रम टोल, विद्यालय र समुदायमा थालेको छ । नियन्त्रणका लागि टोलटोलमा समिति गठन गरिएको छ। प्रहरीसँग सहकार्य गर्दै सेवनकर्ता, लागूऔषधको ओसारपसार र कारोबारीका बारेमा सूक्ष्म ढंगले निगरानी गरिन्छ। कारोबारी र ओसारपसार गर्नेलाई कानुनी कारबाहीका लागि प्रहरीको जिम्मा लगाइन्छ। गोप्य रूपमा गस्ती पनि सुरु गरिएको छ ।

निगरानीका लागि सडक किनारामा क्याम्प स्थापना गरिएको हो । सेवनकर्ता फेला परेपछि सुरुको अवस्था भएमा अभिभावकलाई बोलाएर परामर्श दिई अभिभावकको जिम्मा लगाउने गरिएको छ। धेरैपटक सेवन गर्ने गरेको सेवनकर्ता भेटिएमा सुधारगृहमा पठाउने र साथमा लागूऔषधसहित भेटिएमा प्रहरीको जिम्मा लगाउने गरिएको छ ।

"यो अभियान सञ्चालन गरिएपछि लागूऔषध नियन्त्रणमा धेरै सकारात्मक संकेत देखा परेका छन्," इलाका प्रहरी कार्यालय बेलहियाका प्रहरी निरीक्षक बीरबहादुर थापा भन्छन्, "पहिलाजस्तो सेवनकर्ता अहिले देखा परेका छैनन् र चोरी, लुटपाटका घटना पनि कम भएका छन् ।" समितिको सदस्य-सचिवका रूपमा सक्रिय थापा यो अभियानलाई स्थायी रूपमै सञ्चालन गरी लागूऔषध कारोबार र दुर्व्यसन नियन्त्रण गरिने दाबी गर्छन् ।

सीमावर्ती भारतको सुनौली बजारका धेरै औषधि पसलमा नेपालमा प्रतिबन्धित औषधि खुलेआम पाइनुले सुनौली नाका दुर्व्यसनी र कारोबारीको अखडा बन्नुको मुख्य कारण हो। सुनौलीमा विशेष गरी डाइजापाम, फेनारगन, नुफिन, नाइट्रोसन, नाइट्रोभेट नामका लठ्याउने प्रकृतिका औषधि उपलब्ध छन्। यी दुखाइ कम गर्न शल्यक्रियाका बेला प्रयोग गरिने औषधि हुन्। रुपन्देहीका स्थानीयबाहेक काठमाडौं, पोखरा, म्याग्दी, बाग्लुङ, चितवन, धादिङ, स्याङ्जा, पाल्पा, नवलपरासीदेखि अधिकांश २० वर्षमुनिका अत्यधिक युवा लागुऔषध सेवनका लागि सुनौली आउने गर्छन् । पछिल्लो समयमा किशोर-किशोरीको संख्या बढी देखिन्छ। "सुनौली नाकाबाट लागू पदार्थको दुर्व्यसन अवस्था निकै भयावह छ," रुपन्देहीका प्रहरी प्रमुख एसपी श्यामलाल ज्ञवाली भन्छन्, "जिल्ला प्रहरी कार्यालयमा राखिने थुनुवामध्ये ७० प्रतिशत लागूऔषध कारोबारी हुने गर्छन् ।" ◆

बनाएका छन् । शिवसताक्षी नगरपालिका, सानो केर्खा र झिलझिले क्षेत्रमा धार्मिक मठ-मन्दिर निर्माणको क्रम जारी छ ।

अतिक्रमण गरी वनक्षेत्रमा खुला चरिचरन, चिहान घर निर्माण, खेलकुद मैदान निर्माण, सुंगुर/बंगुरका खोर निर्माण गर्ने क्रम जारी छ। राजमार्ग नजिकका किराँत चोक, झिलझिले, सानो केर्खा, सीतापुरी, केर्खा, सानो केर्खा, सम्झना चोक, धरमपुर, डुडामारीलगायका क्षेत्रमा जथाभावी रूपमा कंक्रिट कपुर थान (चिहान घर)हरू निर्माण गरिएका छन्। लखनपुरदेखि कन्काई नदीसम्मको पूर्व-पश्चिम १६ किलोमिटर लम्बाईको वन क्षेत्रभित्र हजारौं संख्यामा चिहान घरहरू बनाइएका छन् । चिहान घरहरूले मात्रै २६ हेक्टर क्षेत्रफल ओगटेका छन् ।

छाडा पशु चौपायाका कारण आयोजनाले बर्सेनि ठूलो क्षति बेहोर्दै आएको छ। छाडा चौपायाले वृक्षारोपण क्षेत्रमा रोपिएका बिरुवाहरू खाइदिने, तारबार भत्काइदिने, रूख-बिरुवा ढाल्ने, कुल्चिनेजस्ता कारणबाट पनि आयोजनालाई नोक्सान पुग्ने गरेको छ । विसं ०३५/३६ मा स्थापना भएको रतुवामाई वृक्षारोपण आयोजनाले दुई दशकदेखि तीव्र बनेको अतिक्रमणलाई रोक्ने कुनै प्रभावकारी कदम चाल्न सकेको छैन ।

शताब्दी नाघेको साँघु

प्रताप विष्ट/हेटौंडा

अहिले एउटा पक्की पुल कति वर्षसम्म टिक्छ ? मुस्किलले ३०/४० वर्षसम्म । तर, मकवानपुरको उत्तरी क्षेत्रमा रहेको एउटा ढुंगाको पुल (साँघु) सय वर्षभन्दा बढी टिकेको छ । त्यही पुल भएर स्थानीयवासी ओहोरदोहोर गर्छन् । मकवानपुरको उत्तरी क्षेत्रमा पर्ने थाहा नगरपालिका-९ साबिकको चित्लाङ गाविस-२, नयाँ पौवास्थित खोलामा विसं १९५० मा १० मिटर चौडाइ रहेको ढुंगाको साँघु हालिएको थियो । उक्त साँघुको चौडाइ साढे एक मिटर छ ।

चित्लाङस्थित चन्द्रागिरिको पाखाबाट अजंगको ढुंगा घनले फोडेर र छिनोले ताछेर साँघुको आकार दिइएको थियो । स्थानीयवासीले महिनौं दिन लगाएर साँघुको आकारको ढुंगा बनाएपछि फराकिलो बाटो भएको स्थानमा नोल लगाएर बोकेर र सानो बाटोमा घिसारेर पौवा खोलामा ल्याएर हालेको बताइन्छ । बाबुकाजी मानन्धर, ७९, सम्झिन्छन्, "मैले पनि साँघु हालेको देखेको त होइन, बाआमाले भनेको सुनेको हुँ, सानैदेखि यो ढुंगाको साँघु देखेको छु ।"

विगतदेखि अहिलेसम्म पैदल यात्रुहरू यही ढुंगे साँघु भएर आवत-जावत गर्छन् । करिब १ सय २४ वर्षअघिदेखि सञ्चालनमा आएको यो साँघुको कसैले मर्मत गर्नुपरेको छैन र जोखिम मोल्नुपरेको छैन। त्रिभुवन राजपथ सञ्चालनमा आउनुअघि राजधानी आवत-जावत गर्ने मुख्य प्रवेशद्वारका रूपमा चित्लाङ-चन्द्रागिरि रहेको थियो । चित्लाङ-चन्द्रागिरि भएर राजधानी आवत-जावत गर्ने स्वदेशी एवं विदेशी सबै पैदल यात्रुले यही साँघु प्रयोग गर्नुपर्थ्यो ।

"मेरो बालगायत १०/१२ जनाले छिनोले ढुंगा ताछेर साँघु बनाएको कुरा बाले सुनाएका थिए", कृष्णबहादुर लामा, ७३, भन्छन्, "अहिलेको जस्तो ढलान गरेर पक्की पुल बनाउन सिमेन्ट र रडको अभाव थियो । त्यतिबेला गाउँलेहरूले आफ्नै तरिकाले काठ र ढुंगाको साँघु बनाएर खोला वारपार गर्थे ।" काठको साँघु दुई वर्ष पनि नटिक्ने भएकाले खोलामा ढुंगाको साँघु पनि हाल्ने गरेका थिए । त्यही साँघुमध्ये चित्लाङको यो सबैभन्दा लामो र पुरानो साँघु भएको स्थानीय लेखक एवं साहित्यकार शान्तलाल नेवा, ७५, बताउँछन् । भन्छन्, "यति लामो र पुरानो ढुंगाको साँघु चित्लाङमा मात्र होइन, मकवानपुरमै अर्को छैन ।" ◆

कोही सम्राट्, कोही शिरोमणि

प्रायोजित पदवीमै रमाएका साहित्यकार

राजकुमार बानियाँ

स्वघोषित 'गजल शिरोमणि' हुन्, घनश्याम न्यौपाने 'परिश्रमी', ६० । सामाजिक सञ्जाल फेसबुकमा उनलाई हिजोआज 'गजल विद्वत् शिरोमणि'समेत लेख्न थालिएको छ । गजलमा विद्यावारिधि गरेका यी गजलकारले त 'शिरोमणि' पदवीमा दाबी मात्रै गरेका छन्, अर्का गजलकार बुँद रानाले त केही वर्षअगावै झापामा 'गजल शिरोमणि' पगरी गुथिसकेका छन् ।

केही वर्षयता 'गजल-सम्राट्'का रूपमा चिनाइएका छन्, ज्ञानुवाकर पौडेल । उनलाई पहिले गजल-सम्राट् कसले भन्यो ? यसबारे आ-आफ्नै दाबी छन् । कोही भन्छन्, डीपी भण्डारीले । कोही भन्छन्, धरानका प्राध्यापकले । बाहिर 'गजल-सम्राट् मलाई चाहिँदैन' भन्ने अनि भनिदिँदा चाहिँ भित्रभित्रै खुसी हुने अवस्था छ उनको ।

'गजल-सम्राट्' कसले दियो या के आधारमा दियो भन्ने अनेक प्रश्न उठ्न थालेपछि ज्ञानुवाकर आफूलाई 'गजलको माली' मात्रै मान्छन् । "ज्योतिष सम्मेलनमा जाने हरेक ज्योतिषीले एकुन्टा पगरी लिएर आएको हुन्छ, साहित्यमा अहिले दिइएका पगरी पनि त्यस्तै हुन्," गजलकार मनोज न्यौपाने भन्छन्, "साहित्यमा गुट-उपगुटमार्फत यस्तै पगरी लिने चलन छ । हैसियतभन्दा बढीको पगरीले कुनै अर्थ राख्दैन ।" युवा समीक्षक घनेन्द्र ओझा पदवी दिने चलनलाई चाकरीबाजको काम मान्छन् । भन्छन्, "लेखक हुनलाई कुनै पगरी चाहिन्न, राम्रो साहित्य पो लेख्नुपर्‍यो त !"

लेखक ध्रुवचन्द्र गौतमले 'आख्यान पुरुष'को पगरी झुन्डाउन थालेको साढे एक दशक भइसक्यो । गौतमलाई 'आख्यान पुरुष'को पगरी महाराजगन्जको साहित्य कुनोले जुटाएको रहेछ । "कुनोमा बस्दाबस्दै, पिउँदापिउँदै तीनवटा टाइटल फुर्‍यो," साहित्य कुनोका हर्ताकर्ता वियोगी बुढाथोकीको दाबी छ, "उपन्यास पुरुष डायमनशमशेर राणा, आख्यान पुरुष ध्रुवचन्द्र गौतम र यौन पुरुष पुष्कर लोहनी ।" त्यतिबेलै खुरुक्क माला झिकेर फालिदिएको स्मरण गर्छन्, लोहनी । भन्छन्, "मेरा बारेमा नलेख बाबु, म यौन पुरुष होइन ।"

अरू पुरुष त बिर्सँदै गए । आख्यान पुरुषले भने औपचारिकता पायो, आख्यान पुरुष ध्रुवचन्द्र गौतम अभिनन्दन ग्रन्थ ०६० का रूपमा । "कतै गएर लालमोहर, तोक लगाउनुपर्ने होइन, एउटाले भनेपछि सबैले त्यही पछ्याए," वियोगी थप्छन्, "सम्मानै त हो, जे भने पनि के फरक पर्छ र ?"

साहित्यिक लेखनमा प्रायोजित-पदवी फालाफाल छन् । लेखकलाई फुर्क्याउनुपर्‍यो भने एउटा पदवी दिए पुग्छ । सय वर्ष पुग्न पाँच वर्ष बाँकी छँदै 'शताब्दी पुरुष'मा दरिए, संस्कृतिविद् सत्यमोहन जोशी । सरकारी स्वीकृति पाउने बेला मात्रै उनको पदवीमा पूरक शब्द थपियो, 'वाङ्मय' ।

जोशी 'शताब्दी पुरुष' तोकिएपछि उनीभन्दा सात महिना जेठा 'राष्ट्रकवि' माधवप्रसाद घिमिरेका पक्षमा पनि आवाज उठ्यो । जोशीलाई मात्र शताब्दी पुरुष घोषणा किन ? दुवैलाई एकसाथ किन नगरेको ? जोशीलाई 'वाङ्मय शताब्दी पुरुष' र घिमिरेलाई 'राष्ट्रकवि'को पदवी दिलाउने एकमुष्ट श्रेय भने नरेन्द्रराज प्रसाईंले लिए ।

मुलुककै 'जेठाबाठा' यी अथक साधकलाई दिइएका पदवीमा टाउको दुखाउनैपर्ने दरकार त छैन । तर, चाहिने-नचाहिने मान, पदवी, सम्मान र पुरस्कार वितरण नरेन्द्रको खेतीपाती हो । उनले राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालमा राष्ट्रकविको पदवीका लागि आफ्नो 'पहल, समर्पण र सिफारिस' रहेको दाबी मात्रै गरेनन्, जोशीलाई त पहिले आफैंले पगरी दिए । र, पछि सरकारमार्फत अनुमोदन गराए ।

कतिसम्म भने यसमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' पनि मुछिए । तीन सय जनाको सत्यमोहन वाङ्मय शताब्दी पदक लिने सूचीमा उनको पनि नाम थियो । प्रगतिशील लेखक संघको विरोधका कारण प्रचण्ड शताब्दी पदक लिन हच्किए ।

नरेन्द्रले थुप्रै हास्यास्पद पगरी बाँडिरहेकै छन् । कति दुनियाँलाई थाहा छ, कतिचाहिँ गुपचुपमै छन् । केही वर्षअघि मात्र नरेन्द्रले वानीरा गिरिलाई 'विश्व नारी रत्न' पगरी गुथाएर रथयात्रा गराए । कमलमणि दीक्षितलाई 'आधुनिक मोतीराम' दिए भने मदनमणि दीक्षितलाई 'अक्षर शिरोमणि' । यसैगरी, मोदनाथ प्रश्रितलाई 'महाकवि', उषा शेरचनलाई 'मुक्तक साम्राज्ञी' मदनदास श्रेष्ठलाई 'नाट्यभूषण' आदि-इत्यादि पगरी पनि उनैले दिएका हुन् । आखिर किन

बाँड्छन् त उनीहरू पदवी ?

"मोती मण्डलीको सिको गरेर नरेन्द्रले समाट्, साम्राज्ञी, श्री, पुरुष, शिरोमणि आदि पदवी बाँड्ने लाइसेन्स लिएजस्तो गरेका छन्," साहित्यकार पुष्कर लोहनीको टिप्पणी छ, "तर, उनको पदवी, पगरी, सम्मान र पुरस्कार पैसावाललाई मात्रै हो।" लोहनीको प्रश्न छ– उनको संस्थालाई त्यो अधिकार सरकारले दिएको छ कि छैन ? त्यो निर्णय गर्दा सरकारको प्रतिनिधि बसेको छ कि छैन ?

भाषा-साहित्य-लेखनका क्षेत्रमा पदवीको लामै इतिहास छ। मोतीराम भट्टले रामायणकार भानुभक्त आचार्यलाई मरणोपरान्त 'आदिकवि' को पदवी दिए भने आफ्नै मण्डलीका सदस्य राजीवलोचन जोशीलाई 'कवि शिरोमणि'। मोतीरामले नै भानुभक्तलाई आदिकवि भनी चिनाएको वर्षौंपछि नेपाली साहित्य सम्मेलनले दार्जीलिङमा भानुभक्तको सालिक अनावरण गर्दा राणा प्रधानमन्त्री जुद्धशमशेरले 'यस्ता प्रतिभासम्पन्न कविलाई आदिकवि मानिदिए हुन्छ' भनेर राजकीय मोहर लगाइदिए। अल्पायु पाएका मोतीराम 'युवक कवि'का साथै राष्ट्रिय विभूतिभित्रै परे।

तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरले 'सिंहदरबार'को कवितामा बयान गरेलगत्तै शम्भुप्रसाद ढुंगेललाई 'आशुकवि'को पगरी गुथाएका थिए। ०११ मा सार्वजनिक रथयात्रा गरिएका लेखनाथ पौड्यालले राजा त्रिभुवनबाट 'कविशिरोमणि' पदवी पाएका थिए। कांग्रेसको सरकारका बेलामा पदवी पाएकाले उनको आलोचना पनि भयो। इतिहासकार महेशराज पन्तका अनुसार त्यसअघि प्रथम राणा प्रधानमन्त्री जंगबहादुरले नेपाल-भोट युद्धताका काव्य रचेका कारण विद्यानाथ (थर पत्ता नलागेको)लाई 'कवि शिरोमणि' दिइसकेका थिए। राणाकालमै माइला गुरुज्यू हेमराज शर्मा र कुलचन्द्र गौतमले पनि 'विद्वत् शिरोमणि' पाएका थिए।

राजा महेन्द्रको पालामा पनि राणाकालीन धङधडी कायमै रह्यो। राजाकै निगाहमा सिद्धिचरण श्रेष्ठले 'युगकवि', धर्मराज थापाले 'जनकविकेशरी' र नेपाल भाषाका कवि चित्तधर 'हृदय'ले 'कविकेशरी' पदवी पाए। समयको खेल कस्तो भने महेन्द्रले चित्तधरलाई दुई सय रुपियाँ र मासिक भत्तासहित 'कविकेशरी'को दर्जा दिए। ०६२/६३ को आन्दोलनपछि कालीमाटीमा रहेको राजा महेन्द्रको सालिक हटाइएपछि चित्तधरको सालिक विराजमान छ। कविले त्यस्तो सुरम्य कल्पना सायदै गरेका थिए।

लक्ष्मीप्रसाद देवकोटा महाकवि-महाकवि भन्दाभन्दै महाकवि भए। उनलाई कहिल्यै सरकारले अनुमोदन गर्नुपरेन। उनको 'महाकवि' पदवी जनताको सिंहासनमै सुरक्षित छ। ८५ वर्ष पुगेको अवसरमा ११ असोज ०६० मा 'राष्ट्रकवि'को पदवी पाएका घिमिरे आफूलाई राजाले पदवी दिएको आक्षेप लाग्दा त्यतिका साहित्यकारहरूको आवाज र देशका प्रधानमन्त्रीको इज्जत ख्याल नगरिएको ठान्छन्। भन्छन्, "सरकारले दिने पदवीको बेग्लै प्रक्रिया हुन्छ। सरकारले दिने पदवी पहिले संसद्मा पास गर्नुपर्छ, सम्बन्धित कविलाई भत्ता पनि दिनुपर्छ।"

इतिहासकार पन्त सम्राट् र शिरोमणि लेखन क्षेत्रमा सस्तो हुन थालेको टिप्पणी गर्छन्। उनका अनुसार सरकारले बाबुराम आचार्यलाई 'इतिहास शिरोमणि' र यज्ञराज शर्मालाई 'संगीत शिरोमणि' दियो। पछि जनस्तरमा हरिराम जोशीले 'संस्कृति शिरोमणि' पाए। बालकृष्ण समले 'नाट्य सम्राट्' र नारायणगोपालले 'स्वर सम्राट्' पाए। त्यसरी पदवी दिँदा व्याकरणको समेत ख्याल गरिएन।

"इतिहासकारको पो शिरोमणि हुन्छ, इतिहासको पनि शिरोमणि हुन्छ र ? नाट्यको पनि सम्राट् हुन्छ र ? नाटककारको सम्राट् पो होला," पन्त भन्छन्, "हामी साहित्य सम्मेलन भन्छौं। तर, हुनुपर्ने साहित्यिक सम्मेलन हो। हामी कवि सम्मेलन भन्छौं, कविता सम्मेलन त भन्दैनौं।" संशोधन-मण्डलले आचार्यलाई 'ऐतिहासिक शिरोमणि' र ईश्वर बरालले 'इतिहासज्ञ शिरोमणि' लेख्दै आएका छन्।

बेलायतमा 'पोएट लरेट' (श्रेष्ठ कवि) दिने चलन छ। त्यसको समकक्ष कवि शिरोमणि हुन्छ नेपालमा। कवि शिरोमणि दिइसकेका हुनाले घिमिरेलाई 'राष्ट्रकवि' दिइएको हुन सक्ने उनको अनुमान छ। तर, राष्ट्रकविको गरिमा घिमिरेले धान्न नसकेको पन्तको धारणा छ। "१० हजार पुरस्कार खान पनि दौडेका छन्, १० लाख खान पनि दौडेका छन्," उनी भन्छन्, "अध्ययनको कमी भएपछि सामान्य कुरा पनि महान् लाग्छ। पढाइ भएको भए साहित्यमा मात्रै नभएर देशमै यस्तो अवस्था आउँथेन।"

छिमेकी देश भारतमा समेत सम्राट् या शिरोमणि दिने चलन छैन। "प्रेमचन्दजस्तो उपन्यासकारलाई पनि सम्राट् भनिएको छैन। मिर्जा गालिबलाई शिरोमणि भनिएको छैन," बनारसको पुरानो पत्रिका उदयका सम्पादक दुर्गाप्रसाद श्रेष्ठ टिप्पणी गर्छन्, "नेपाली साहित्यमा अनावश्यक फुर्स्याउने प्रवृत्ति छ। लेखनाथ, देवकोटा या सिद्धिचरणलाई पनि सम्राट् भन्न मिल्दैन। उनीहरू आ-आफ्ना ठाउँमा महान् छन्।" सम्पादक श्रेष्ठ त कतिसम्म भन्छन् भने आफूलाई चित्त बुझ्यो भन्दैमा 'सम्पादक शिरोमणि', 'प्रकाशक शिरोमणि' या 'पाठक शिरोमणि' दिन मिल्छ ? त्यस्तै जतिसुकै ठूलो लेखक भए पनि सम्राट् भन्न मिल्दैन। देशमा सम्राट् नचाहिने, साहित्यचाहिँ सम्राट् नभए नचल्ने ? ♦

गुरुङ सिनेमाको केन्द्र

राष्ट्रिय भाषाको चलचित्र निर्माणको 'हब' बनिरहेको छ, पर्यटकीय सहर पोखरा

गोकर्ण गौतम/पोखरा

पोखरा त्यत्तिकै फिल्म नगरी कहलिएको होइन । काठमाडौंपछि नेपाली फिल्मको सबैभन्दा बढी व्यापार हुने सहर हो, पोखरा । सुटिङका लागि फिल्मकर्मीको पहिलो रोजाइ पनि पोखरा नै हो । कात्तिक तेस्रो साता धेरै फिल्मकर्मीको ध्यान यही सुन्दर सहरले तान्यो । कारण हो, *मैरिमो* (सम्झिरहन्छु) नामको गुरुङ भाषाको फिल्म । यो फिल्म यहाँको बाराही हलमा नियमित प्रदर्शन मात्र भएन, उल्लेख्य व्यापार पनि गऱ्यो । जबकि, सँगै प्रदर्शन भएका *रोमियो, झ्यानाकुटी*जस्ता ठूला बजेटका नेपाली फिल्मले चाहिँ दर्शकको खडेरी सामना गर्नुपऱ्यो । तर, *मैरिमो*ले चर्चा बटुल्नुको कारण यत्ति मात्र होइन, सिनेमा घरमा नियमित प्रदर्शन हुने पहिलो गुरुङ फिल्मका रूपमा दर्ज भएकाले यसले राष्ट्रव्यापी ख्याति कमाएको हो ।

गुरुङ फिल्म निर्माणको २२ वर्षपछि बल्ल जुरेको अवसर न पऱ्यो । *मैरिमो*का निर्देशक भोजबहादुर गुरुङ भन्छन्, "ढिला भयो । तैपनि, हामीले हलमा चलायौं । पहिलो प्रयास सफल भयो । अब गुरुङ फिल्म च्यारिटी सोहरूमा सीमित हुनुहुन्न ।"

पत्याउन मुस्किल हुन्छ, पोखरामा गुरुङ भाषा र संस्कृतिका बर्सेनि करिब २० फिल्म निर्माण हुन्छन् । केही वर्षअघिसम्म फिल्मको बजेट दुई-चार लाखमा सीमित हुन्थ्यो । अहिले ४०-४५ लाख पुगेको छ । महिनैपिच्छे नयाँ गुरुङ फिल्म हेर्न पाउँछन्, पोखरेली दर्शकले । जहाँ गुरुङ संस्कृति, भेषभूषा, रहनसहन अनि जीवनशैलीलाई पर्दामा उतारिएको हुन्छ । गुरुङ फिल्मकै श्रीवृद्धिका लागि आठ वर्षअगाडि स्थापना गरिएको गुरुङ फिल्म एसोसिएसन (जिफान)का अध्यक्ष गिरीप्रसाद गुरुङका अनुसार पोखरा र आसपासका क्षेत्रमा नेपाली फिल्मलाई टक्कर दिन थालेका छन् गुरुङ फिल्मले । आधा दर्जन फिल्म निर्माण गरिसकेका गिरीप्रसाद भन्छन्, "पोखरा गुरुङ फिल्मको हब बनिसकेको छ । हामीले द्रुत गतिमा फड्को मार्दै छौं ।" सत्य हो पनि, नेपालमा नेपालीपछि कुनै फिल्म अघिल्लो लहरमा छ भने त्यो गुरुङ नै हो । भलै, पहिलो आदिवासी जनजाति चलचित्र गुरुङ भाषाको होइन । विसं ०४४ मा बनेको नेपाल भाषाको *सिलु* हो । गुरुङ फिल्मको सुरुआत ०५२ मा भएको हो, *पाते* (माइली दिदी)सँगै । त्यसयता पोखरामा गुरुङ फिल्मको उपस्थिति दरिलो बन्दै गएको छ ।

त्यसो त, गुरुङ फिल्म कस्तोलाई भन्ने विवाद पोखरामा नभएको होइन । हाल यहाँ दुई प्रकृतिका फिल्म बन्छन् । पहिलो, संस्कृति र संस्कार मात्र होइन, भाषा नै गुरुङ भएका । दोस्रो, भाषा नेपाली तर संस्कार, भेषभूषा र संस्कृतिचाहिँ गुरुङ । फिल्मको चिनारीको पहिलो आधार हो, भाषा । त्यसैले आदिवासी फिल्मका कतिपय अगुवाहरूले गुरुङ भाषामा बनेका फिल्मलाई मात्र गुरुङ फिल्म भनिनुपर्ने तर्क राख्दै आएका छन् । तिनैमध्येका एक हुन्, कलाकार तथा निर्देशक माओत्से गुरुङ । भाषा गुरुङ नभए त्यस्तालाई क्षेत्रीय फिल्म भनिनुपर्ने मत राख्छन् उनी । आधा दर्जन फिल्म निर्देशन गरिसकेका गुरुङ भन्छन्, "लोकेसन, गुरुङ जातिको संस्कार र सस्कृतिमा आधारित छ । तर, भाषा गुरुङ होइन भने क्षेत्रीय स्तरमा निर्माण भएका

नेपाली फिल्म भन्नु उपयुक्त हुन्छ। गुरुङ फिल्म हुन भाषा गुरुङ हुनैपर्छ ।" यही विवाद चर्कँदै गएपछि दुई वर्षअगाडि जिफानले एउटा प्रावधान पारित गर्‍यो, कम्तीमा ७० प्रतिशत गुरुङ भाषा प्रयोग गरिएका फिल्मलाई मात्र गुरुङ फिल्मको मान्यता दिने । यसपछि विशुद्ध गुरुङ फिल्म बनाउन उत्साही हुने फिल्ममेकरको संख्या बढ्दै गएको जिफानका पूर्वअध्यक्षसमेत रहेका माओत्से बताउँछन् ।

भाषाको समस्या त छँदै छ, सँगै विषयवस्तु र शैलीमा विकृति मौलाउँदै गएको गुनासो सुनिन थालेको छ । त्यो भनेको, नेपाली फिल्म जसरी बलिउडको मसला सूत्रबाट प्रताडित छ, अधिकांश गुरुङ फिल्म ठ्याक्कै नेपाली फिल्मको 'कपी'झैँ हुन्छन् । स्थानीय तहमा रहेका नवीन कथा र प्रस्तुतिलाई आत्मसात् गर्न फिल्ममेकरहरू चुकिरहेका छन् । आदिवासी फिल्मका अगुवा नवीन सुब्बा भन्छन्, "आदिवासी जनजातिहरूको संस्कार र जीवनशैली मात्र होइन, सोच्ने प्रक्रिया नै भिन्न हुन्छ । पर्दामा त्यही मौलिकता प्रतिविम्बित हुनुपर्छ । विडम्बना ! आदिवासी फिल्ममा पनि सूत्र र मसलाकै धङधडी छ ।" सुब्बाले पोखरामा २० माघमा भएको आदिवासी फिल्मसम्बन्धी बहसमा यही स्थानीयता र पहिचानको कुरालाई महत्त्व दिएका थिए । उनी मात्र होइन, जिफानका अध्यक्ष गिरिप्रसाद स्वयं गुरुङ फिल्मले सही बाटो समात्न नसकेको पीडा पोख्छन् । मौलिक फिल्म निर्माण अभियानलाई प्राथमिकतामा राखेका उनी भन्छन्, "कलाकारले गुन्युचोली, घलेक, भांग्रा, बख्खु लगाउँदैमा गुरुङ फिल्म भन्न सकिन्न । मुख्य कुरा भाषा गुरुङ र कथा हाम्रै वरपरको हुनुपर्‍यो ।"

तर, व्यावसायिकताका नाममा तिलस्मी वा जीवनभन्दा पर भागेर फिल्म बनाउने प्रवृत्ति हाबी हुन थालेको छ । जबकि, भाषिक फिल्ममेकरको मुख्य दायित्व मौलिकता र पहिचानलाई प्रवर्द्धन गर्नु हो, यथार्थपरक कथा व्यावहारिक शैलीमा पस्किएर । जसले भाषिक सिनेमा विकासमा बृहत्तर भूमिका खेल्न सक्छ । त्यसमाथि गुरुङको त लेख्य भाषा छैन, बोलीचाली मात्र हो । त्यसैले भाषा बचाउने प्रभावकारी माध्यम सिनेमा भएको अगुवाहरूको भनाइ छ । तर, फिल्ममेकरमा यो चेत नभएकामा चिन्ता बढेको छ । हाल अधिकांश फिल्म लाहुर जाने कथामाथि बन्छन् । संस्कार र भाषालाई संवर्द्धन गर्नुपर्ने सन्देश दिने फिल्म पनि बन्न थालेका छन् । माया-प्रेम त हुने भइहाल्यो । केही अधिकारमुखी फिल्म बनिरहेका छन् । *तरेवा* र *नुमाफु*ङजस्ता अब्बल फिल्मका निर्देशक सुब्बा भन्छन्, "मनोरञ्जन दिने मात्र होइन, विचार-निर्माण गर्ने अनि आदिवासी/जनजातिको पहिचान र फरक जीवनशैली झल्काउने फिल्म अहिलेको आवश्यकता हो ।"

सकारात्मक पाटोचाहिँ पोखरामा बन्ने गुरुङभाषी वा संस्कृतिमा आधारित फिल्मको बजार साँच्चै लोभलाग्दो छ । सबै फिल्मको नियमित प्रदर्शन नभए पनि च्यारिटी र भीआईपी सोबाट लगानी उठ्दैन मात्र, नाफा नै कमाउँछन् । पोखरा त भइहाल्यो, काठमाडौँ, लमजुङको बेसीसहर, चितवन, रुपन्देही, स्याङ्जा, पर्वत, तनहुँमा पनि गुरुङ फिल्मको च्यारिटी हुने गर्छ । अझ चितवन र लमजुङमा त कहिलेकाहीँ हलमै प्रदर्शन गरिन्छ । माओत्सेका अनुसार लगानी धेरै नहुने भएकाले च्यारिटीबाटै पनि फाइदा हुने गर्छ । आफ्नै भाषामा गाउँठाउँको कथा हेर्न पाइने भएकाले दर्शकको उस्तै ओइरो लाग्छ । अझ रोचक पक्षचाहिँ, गुरुङ फिल्ममेकरले जिफानमार्फत एउटा अवधारणाको विकास गरेका छन्, ग्रामीण बजार विस्तार । जहाँ सिनेमा हल छैन, त्यहाँ सामुदायिक भवनमा प्रोजेक्टरबाट देखाउँछन्, गाउँ-गाउँ पुगेरै । कास्कीको सिकलेस, घान्द्रुक, ताङतिङ, धम्पुसका स्थानीयलाई प्रोजेक्टरबाट गुरुङ फिल्म हेर्ने बानी परिसकेको छ । यसले निर्मातालाई आर्थिक रूपमा टेवा त पुर्‍याउँछ नै, फिल्म हेर्ने संस्कारको पनि विकास भएको गिरिप्रसादको अनुभव छ । भन्छन्, "गाउँमा प्रोजेक्टरबाट फिल्म देखाउँदा क्षेत्रीय वा गुरुङ फिल्मलाई मात्र फाइदा हुन्न, नेपाली फिल्मकै दर्शक बढ्छन् ।"

यो त भयो, देशभित्रको बजार । विदेशको बजार अझ फराकिलो छ । हङकङ त केन्द्र भइहाल्यो । हङकङले गुरुङ फिल्मलाई बचाएकामा सायदै कुनै निर्माताको विमति होला । पछिल्लो पटक माओत्से निर्देशित *भ्रे* (पाहुना)ले हङकङबाट मात्र २५ लाख रुपियाँ कमायो । उनी अभिनीत *म्हो* (ज्वाइँ)का निर्माताका हातमा १८ लाख रुपियाँ पर्‍यो । हरेक गुरुङ फिल्मका निर्माताले घटीमा पनि १० लाख रुपियाँ हङकङबाट पाउँछन् । गुरुङ संघ-संस्थाले फिल्म प्रदर्शनको जिम्मा लिन्छन् । निर्देशक र कलाकार बोलाउँछन् । *मैरिमो*ले हङकङबाट झन्डै २० लाख कमाएको निर्देशक भोजबहादुर भन्छन्, "हङकङमा बस्नेले गुरुङ फिल्म हेर्दा आफ्नै गाउँठाउँमा पुगेको आभास गर्छन् । त्यसैले त्यहाँ हाम्रा फिल्मको माग चर्को छ । हाम्रो जिम्मेवारी मौलिक तथा गुरुङ संस्कार र जीवनशैलीलाई मूर्त रूपमा पस्किएका फिल्म निर्माण गर्नु हो ।"

हङकङबाहेक बेलायत, सिंगापुर, बुनाईलगायतका देशमा पनि गुरुङ फिल्मको बजार छ । तर, कलाकार तथा निर्देशक माओत्सेचाहिँ हङकङ वा अन्य देशमा मात्र भर पर्न नहुने मत राख्छन् । गुरुङ फिल्मका 'स्टार'का रूपमा चिनिएका माओत्से भन्छन्, "च्यारिटी वा हङकङ र सिंगापुरमा मात्र निर्भर हुनु भएन । यो दिगो नहुन सक्छ । नेपालमै पनि बजार विस्तार गर्नुपर्छ । त्यसका लागि नियमित सिनेमा हलमा प्रदर्शन हुनुको विकल्प छैन ।" गैरगुरुङ भाषीमाझ पनि फिल्म पुग्नुपर्ने उनको तर्क छ । भाषा फिल्मको अवरोधक हुन्न । किनभने, फिल्म दृश्य भाषा हो । ◆

राम र कृष्णका कथा

पदमसिंह कार्की

संसारको सबैभन्दा पुरानो ग्रन्थ *ऋग्वेद*को आलोकमा वैदिक कालका महाग्रन्थहरू *वाल्मीकि रामायण* र व्यासकृत *महाभारत*को रचना भयो। यीमध्ये जेठो *रामायण* नै मानिन्छ। वाल्मीकिको महाकाव्य जति कल्पनाप्रधान छ, त्यत्तिकै ऐतिहासिकप्रधान *महाभारत* छ। आर्य सभ्यता र संस्कृतिको पूज्य ग्रन्थहरूको तुलना गरेर लिपिबद्ध गरिएका यी पुस्तक स्वयंमा महत्त्वपूर्ण छन्। तिनको समालोचनाको समेत जमर्को गरेर लेखक देवीप्रसाद सुवेदीले जोखिम उठाएका छन्, *वाल्मीकि र व्यास : तुलनात्मक अनुशीलन*मा। *रामायण*का नायक राम उदात्त चरित्रका मर्यादा पुरुषका रूपमा स्थापित छन् भने कृष्ण न्यायका पक्षपाती भेटिन्छन्। तर, वाल्मीकिले जसरी सीतालाई केन्द्रीय चरित्र बनाएका छन्, त्यसैगरी *महाभारत*मा पाण्डवलाई। सीताले सतीत्वको अग्निपरीक्षामा वाक्क भएर पृथ्वीभित्र विलीन भइन् भने द्रौपदीले सफलतापूर्वक झेलिन्। एउटै समयका मिथकीय विम्ब राम र कृष्णका कथानकले हाम्रो पूर्वीय दर्शन र संस्कृतिलाई यसरी गाँजेको छ कि यसलाई तुलना गरेर तुलामा जोख्नु र रेखा खिच्नलाई तत्कालीन समय र परिवेशको पर्याप्त ज्ञान हुनु पनि आवश्यक छ।

नेपालको साइनो दुवै ग्रन्थसँग गाँसिएको छ। वाल्मीकीय रामायणको रचनास्थल भक्तपुरमा भएको भन्नेहरू पनि छन् भने परासीको त्रिवेणीघाट भनी ठम्याउनेहरू पनि। यसको तथ्यगत विश्लेषण पुरातत्त्वलाई छोडेर हिमालदेखि यमुना नदीसम्मको कार्यक्षेत्रमा वाल्मीकि फैलिएका बलिया प्रमाण छन्। त्यसैगरी व्यासले तपस्या गरेको गुफा अझै तनहुँमा छ। नेपाली साहित्यको साइनो पनि *रामायण* र *महाभारत*सँग उत्तिकै कसिलो छ। लेखकले *महाभारत*को 'विराट पर्व'लाई नेपाली आख्यान साहित्यको आदिस्रोत मान्दै आएका छन्।

प्राचीन संस्कृत वाङ्मयको अध्ययनमा काल र संख्या निर्धारण गर्न ज्यादै कठिन छ। त्यसैले यो लेठो उठाउनबाट सर्लक्क पन्छिएका छन्, लेखक। श्रुति परम्पराबाट सुरक्षित *ऋग्वेद* आर्य समाज र सभ्यतालाई



वाल्मीकि र व्यास
तुलनात्मक अनुशीलन

स्रष्टा	: देवीप्रसाद सुवेदी
प्रकाशक	: स्वदेश प्रकाशन
पृष्ठ	: ६२०
मूल्य	: ६२८ रुपियाँ

चिनाउने आधार सामग्री हो। यसै प्रसंगमा वाल्मीकीय *रामायण* र *महाभारत*को सांस्कृतिक, सामाजिक र वैचारिक स्रोत पनि *ऋग्वेद* नै हो भन्ने तथ्यलाई नकार्न सकिँदैन। यद्यपि, वाल्मीकीय रामायण र महाभारतमा अर्को एक चीजमा पनि एकरूपता छ। त्यो हो- मूल लेखकपछि अरूले थप्दै जानु। *रामायण*का बालकाण्ड र उत्तरकाण्डलाई परवर्ती विद्वान्ले पछि अरू कविले रचेको मानेका छन्। *महाभारत*मा पनि पछि थपिन आएका अध्याय र पाठहरूमा पनि विवाद यथावत् छन्। गुरु-शिष्य परम्पराबाट पनि क्रमशः थपिँदै गए। गौतम बुद्धको उदयकाल, लौकिक संस्कृत भाषाका प्रथम व्याकरणकार पाणिनीको समय र वाल्मीकीय *रामायण* र *महाभारत*का साथै *भागवत् गीता*का रचनाको प्रारम्भिक कालका दृष्टिले यो अवधि भारत वर्षीय आर्य सभ्यताको स्वर्ण युग मानिन्छ। वाल्मीकीय *रामायण*भन्दा *महाभारत* वैचारिक तत्त्व चिन्तनको दृष्टिले अब्बल ठहर्छ। विष्णुका अवतार मानिएका राम स्वयंले परिवार, राज्यको आदर्श राखी मर्यादा पुरुषोत्तमका रूपमा युगको प्रतिनिधित्व गरे तापनि तारका राक्षस नारीको वध गरेर चुकेका छन्। उता *महाभारत*का कृष्णले सम्पूर्ण आर्य जगत्को आध्यात्मिक चिन्तनलाई विचारको स्तरमा उठाए। *महाभारत*ले बौद्धधर्म र भागवत् धर्मको आशयबीच कुनै भिन्नता देखेन। उपनिषद्द्वारा प्रतिपादित जीवनको नश्वरता र ब्रह्मत्वको नश्वरतालाई स्वीकार गरी मोक्ष मार्गलाई धर्मको मुख्य लक्ष्य मान्ने भागवत् धर्म र जीवनलाई क्षणिक, दुःखमय र नाशवान् सम्झी त्यसदेखि मुक्त हुन निर्वाण प्राप्त गर्ने बौद्ध धर्मलाई समान दृष्टिकोणले लेखकले व्याख्या गरेका छन्।

दुवै कथा नारीको सतीत्व र अस्मिताको जरामा उभिएको छ। अझ भनौँ कुरुक्षेत्र र श्रीलंकाका युद्धहरू सीता र द्रौपदीको अपमानबाट नै उब्जेका हुन्। पाण्डवहरूलाई जुवामा जति हारे पनि मतलब थिएन। तर, हस्तिनापुरको सभामा द्रौपदीप्रतिको अपमान असह्य भएर गढ्यो। त्यही क्रोध र प्रतिशोधले कृष्णलाई पनि महाभारत युद्धको नेतृत्व गर्न दृढ संकल्पित बनायो। जसरी रामलाई सीतालाई अपहरणमुक्त गर्न बाध्य गरायो। वायु-पुत्र हनुमानलाई उनको पौरख र बाहुवलले गर्दा देवताका रूपमा स्थापित गरेको छ। त्यस्तै ऐतिहासिक पात्र दुर्योधन, धृतराष्ट्र पनि कम छैनन्।

रामायणकालीन आर्यहरूमा भौतिकभन्दा नैतिक बललाई तुच्छ सम्झने प्रवृत्ति थियो। वाल्मीकिले आर्यसमाज, अनार्य समाज र आदिवासी बानर समाजसमेतको समावेशी, समुन्नत र नैतिक समाज निर्माण गरेको बुझिन्छ। वाल्मीकि रामायणले आध्यात्मिक दार्शनिक तत्त्वको विश्लेषण गरेको छैन। तापनि, वेद-उपनिषद्द्वारा प्रतिपादित ब्रह्मतत्त्वसम्बन्धी चिन्तनबाट यो मुक्त छैन। सुर र असुरको युद्धमा सुरको विजय देखाइएको *रामायण* र पाण्डवहरूले कौरवलाई हराएको *महाभारत* विश्व वाङ्मयका सबैभन्दा पुराना महाकाव्य हुन्। आर्य संस्कृतिका हिसाबले यो वैदिक कालको ऐना पनि हो। यति फराकिलो र गहिरो समुद्रमा डुबुल्की मार्ने प्रयास आफैँमा सराहनीय भए तापनि सक्षम गोताखोरमा हुनुपर्ने प्रविधिको कमीले गर्दा अपेक्षित सिपी बटुल्न नसकेको यथार्थ हो। तर, यसलाई प्रस्थानविन्दु ठानेर थप अनुसन्धानको मूल ढोका उघार्ने जिज्ञासा जो-सुकैलाई पैदा हुन सक्छ। लेखकले स्वदेशी/विदेशी विद्वान्हरूको सारगर्भित टिप्पणी र तथ्यांक समेटेर पुस्तकलाई अन्तर्राष्ट्रिय रूपमै तुलनात्मक बनाइदिएका छन्। ◆

गागरमा सागर

मधुसूदन गिरी

विसं २०४१ मा *रेडियो नेपाल*बाट कविता प्रसारण गरेर लेखनको सार्वजनिक यात्रा थाले पनि आजसम्म *आज तिम्रो सम्झनामा* गीतसंग्रह, *गाभा* शीर्षकको सायद नेपालको सबैभन्दा सानो पुस्तक हाइकुसंग्रह र यो *सहरको समाचार* कवितासंग्रहमार्फत आफ्नै काव्यात्मक निजत्व निर्माण गर्न सफल कवि हुन्, सुनील पुरी ।

सत्र अक्षेरी हाइकु स्वयं गागरमा सागर भर्ने प्रयत्न हो । सम्भवतः शाब्दिक मितव्ययिताको यो शिल्प सुनीलले हाइकुबाटै सिकेका हुन् । शिल्प र शैलीमा छोटा मीठा, चुटुक्क धुन र विम्बमा कतै अघिल्लै पुस्ताका कवि हिमांशु थापाको झल्को पनि भेटिन्छ । हिमांशुको राष्ट्रिय प्राकृतिक विम्ब र प्रतीकभन्दा पनि थप आत्मिक, आध्यात्मिक र सामयिकतामाथिको टिप्पणी आफ्नै छ ।

सुरुकै साक्ष्य 'भोगको गृह प्रवेश'मा अमूर्त भोकको मूर्तीकरणका विम्ब छन्, भोकको गृह प्रवेशपछि तिनको उफ्रनु, कराउनु र त्रस्त तुल्याउनुमा ।

राज्यका अत्यावश्यक तत्त्वमा जनता पनि पर्छन् । जनता र तिनको अवस्था जस्तो छ, राज्य त्यस्तै हुन्छ, जस्तो 'घर छाड्न नसक्दा'मा थुप्रै उत्साह र उमंग बोकेर केही गर्न हिँडेको बढेर आकाश ढाक्न सक्ने स्वतन्त्र भएको गमलाको बटवृक्षजस्ता अभावग्रस्त जनताजस्तो एउटा पात्र अभावकै कारण रोकिन्छ, उद्देश्य र सपना भताभुंग हुन्छन् । बुद्धि र विवेकलाई छलेर विचार भड्किरहन्छ अनि एक्लो मनको आँधीबेहेरी चल्छ र ऊ आफू र देशमा समानताबोध गर्छ ।

कवि सुनीलका कवितामा आमा निकै आउँछन्, जसलाई उनी अत्यधिक श्रद्धा-भक्ति गर्छन् । आमाको विशालता, महासागरजस्तो गहिराइ र सगरमाथाको उचाइ कवितामा भर्न खोज्छन्, जुन आमालाई पुकार्दा साक्षात् भगवती अगाडि उभिन्छन् । त्यसो त आजको उत्तरआधुनिक पाठक वा स्रष्टा आमाको त्यो विशिष्टीकृत रूपलाई सामान्यीकृत पनि गर्न सक्छ, कोही आफ्ना सन्तानका निमित्त यी सर्वोत्तम देवीभित्र लुकेको अरूका वा सौताका सन्तानका सन्दर्भमा बन्न सक्ने दानवी रूप पनि अघि सार्न सक्छ ।

युगीन प्रारूपीकरणकै क्रममा पूर्ववर्ती केही अस्तित्ववादी कविहरू कर्महीन,



सहरको समाचार

लेखक	: सुनील पुरी
प्रकाशक	: महेश्वर भारती
पृष्ठ	: ७२
मूल्य	: १३० रुपियाँ

अस्तित्वहीन आजको मान्छेलाई *गीता*को झापट दिएर अस्तित्वशील बनाउन चाहन्थे, यहाँ कवि सुनील *गीता*का अक्षर-अक्षरमा शान्ति, सुरक्षा र आनन्द पाउँछन् । तर, आजको उत्तरआधुनिक पाठक वा कुनै प्रगतिवादी भने 'कर्मण्डेवाधिकारस्ते माफलेषु कदाचन'का कर्म, ज्ञान र भक्तियोगलाई तत्कालीन सामाजिक व्यवस्था र दर्शनको जगका रूपमा हेर्न सक्छ । सत्यलाई सापेक्षिक र अझ उपयोगी असत्य ठान्ने उत्तरका निम्ति यो सार्वकालीन सत्य रहँदैन, मात्र भ्रम ।

'फेरिएको कथा', 'रूपान्तरण', 'अक्षरमा नेपाल'जस्ता कवितामा कविको आफू बाँचेको युगका द्वन्द्व विम्ब छन् । नेपाली साहित्यमा ०५२ पछिको दशकको द्वन्द्वलाई सकारात्मक र नकारात्मक दुवै कोणबाट हेर्ने र लेख्ने काम भएको छ । त्यो आजको उपभोक्तावादी बजारको विकाउ वस्तुमध्ये एक भएको छ । नकारात्मक दृष्टि राखे पनि कवि सुनील निम्न स्तरको गाली-गलौजमा उत्रिँदैनन् । उनी यो द्वन्द्वलाई पनि महाभारत नै अनुभूत गर्छन् । उनको चेतनाले परोक्ष बोध गरेको यो महाभारत उनको चाहना होइन । उनी त वृन्दावन चाहन्छन्, कृष्ण-गोपीका वा राधाका अमर आत्मिक प्रेम, स्नेह र सद्भावको लीला मौलाएको वृन्दावन ।

भूमण्डलीकृत यो उत्तरआधुनिक युगमा वृन्दावन, कृष्ण, राधा सबको प्रारूपीकरण भइरहेछ, अविनाशले *अश्वत्थामा हतो हतः*मा कृष्णको प्रारूपीकरण गरे, धराबासीले *राधा*मा । हेर्ने दृष्टिकोण न हो, प्रकृतिका आन्तरिक संरचनामै परिवर्तनशीलताका यी धर्म निहित छन्, जस अनुरूप हेर्ने दृष्टिहरू फेरिइरहेका छन्, 'जनयुद्ध' र यसका परिणामलाई पनि मानव सभ्यताव्यापी क्रूर, अमानवीय र दानवी हिंसा, हत्या र नरसंहारको एउटा सानो अंश हाम्रो इतिहासव्यापी हिंसा, हत्या र नरसंहार रोक्न गरिएको हिंसाका रूपमा हेर्ने दृष्टिकोण पनि आज छ ।

पूर्वप्राचीन, प्राचीन, मध्य र आधुनिक कालको आरम्भका छोडेर राणाकालमा मात्र लाखौँ युवाको हत्या भयो । कोत र भण्डारका त मात्र तीन डिजिट हुन्, चन्द्रशमशेरले तिनका उपनिवेशवादी महाप्रभुहरूको रक्षार्थ प्रथम विश्वयुद्धको वेदीमा हेलेका १ लाख ५३ हजार नेपालीमध्ये अधिकांश फर्केनन् । दोस्रो विश्वयुद्धमा जुद्धशमशेरले जबर्जस्ती होमेका १ लाख ८ हजारमध्ये ६० हजार फर्केनन् । दुई विश्वयुद्धमा मारिएका १० करोडभन्दा बढी गरिब कसका लागि खरानी भए ? माओवादी हिंसामा विद्रोही र सुरक्षाकर्मीको मान्छे मार्ने प्रतिस्पर्धामा जुन पक्षले बढी गरेको भए पनि त्यो युगौँदेखि कुल्चिएकाका नाममा भयो । तर, त्यसबाट गणतन्त्र, राज्य पुनःसंरचना आदि केही पूर्वाधार तयार भए पनि कुल्चिएकाहरूको जीवनस्तरमा रत्ति सुधार नभएर उल्टै गणतान्त्रिक जहानियाँ शासन आदि अनेक विकृति-विसङ्गतिप्रतिको असन्तोष छ ।

जेहोस्, कविता युगदेखि अबौँका गला घोट्ने हड्डीका चन्दन लगाउने चलनविरुद्धको यो विद्रोह उक्त बर्बर, हिंसा, हत्यायुक्त आदिम बुलेटबाट हिंसारहित शान्तिपूर्ण व्यालेटमा आइपुग्नु यो युगको विशेषता हो, जसका तगारा र चुनौती पन्छाउँदै जानु छ ।

कवितामा दलीय स्वार्थलाई उदांगो पार्ने कवि सुनीलका कविता छोटा, मीठा र अत्यन्त प्रभावोत्पादक भरुवा अचार बनेका छन् । ◆



॥ हरिहर तिमिल्सिना

म कोदे

‘सरलाई एक दिन म एउटा विशेष परिकार चखाउन चाहन्छु।’ ६ महिनाजति अघि गायक मित्र किसन गुरुङले ‘विशेष’ शब्दलाई विशेष जोड दिएर भने। त्यो विशेष परिकार के हुन सक्छ ? मनमा खुल्दुली मच्चिनु अस्वाभाविक थिएन। हालै उनले ठमेलको जेपी स्कुल सामुन्ने विदेशीलाई लक्षित गरी नेपाली परिकार खुवाउने पलेटी नामक रेस्टुराँ खोलेका छन्। गत मंसिरको एक मध्याह्नमा गायक शिशिर योगी र म काम विशेषले घुम्दै उनको रेस्टुराँमा पुग्यौं। ‘ला, आज कस्तो कुसाइत परेको। केही दिनदेखि सकिएको छ, सरहरू आजै आइपुग्नु भयो।’ त्यही दिन थाहा लाग्यो, उनले चखाउन चाहेको परिकार अरू केही नभएर फापरको रोटी या कोदोको ढिँडो रहेछ। उनलाई लागेको हुँदो हो ‘यो काँठमा जन्मेको मान्छेलाई कोदो र फापरको नेपाली मौलिक स्वाद चखाउन पाए कति दंग पर्दो हो।’ वास्तविकता के हो भने यदि मानिसको पाचन प्रणाली वरिपरि या आन्द्रामा सयपत्र छन् भने मेरा नब्बेजति पत्र कोदोले भरिएको हुन सक्छन्। चाहेर या नचाहेर हो सानोमा ढिँडोसित हाम्रो विशेष नाता गाँसिन पुगेको थियो। सानो दृष्टान्त पेस गरुँ। मेरा कान्छा काकाको ससुराली काठमाडौंको आलापोट हो। काकाको छोरो जनार्दन सानोमा मामाको बिहेमा भोज खान गएछ। खाने बेलामा उसले त्यहाँ पुलाउ, तरकारी, मासु र अन्य विभिन्न खालका मिष्टान्नहरू त देखेछ। तर, भोज देखेनछ। ऊ अचानक रुँदै कराउन थालेछ, ‘मलाई ढिँडो चाहियो।’

’४० को दशकतिरको कुरा हो। मंसिरको ठूलो जाँच सकिएपछि हाम्रो कोदोको यात्रा सुरु हुन्थ्यो। अर्थात्, कोदो टिप्ने, चुट्ने, सुकाउने, फल्ने अनि पिसेर ढिँडो-रोटी खाने। भक्तपुरको चाँगु, छालिङ, नगरकोट, बागेश्वरी, सुडालदेखि काभ्रेको घिमिरे गाउँ, नाला, टुकुचासम्मका पाखोबारीमा कोदो लगाइन्थ्यो। हामीजस्ता स्कुले केटाकेटीहरूको काम कोदो टिप्ने हुन्थ्यो। कोदो टिप्ने भनेको खासमा कोदो काट्ने हो। बाला-बालामा समातेर हँसियाले कोदोको मुन्टो काटेर डालोमा या फलामको टिनमा हाल्ने गरिन्थ्यो। अनि, बारीमा कोदोको नल, पिँडालु र सखरखण्डका सुकेका बोट मात्र बाँकी रहन्थे। कोदो रोप्नचाहिँ बहुत् कष्ट हुन्थ्यो तर काट्न या टिप्न भने सजिलो। हिउँदको मौसम, घाम ताप्दै आलु-पिँडालु पोलेर खाँदै केटाकेटीले पनि गर्न सक्ने काम थियो त्यो। त्यसैले ठूला मानिसहरू अरू काममा लागेर हामीलाई कोदो टिप्न पठाउँथे। हाम्रो पाखोबारी धेरै थियो। १०/१५ दिन कोदो टिपेपछि घरको आँगन र ओप्री (कड्कुलो) कोदोले भरिन्थ्यो।

हजुरआमाले तामाको ठूलो भुजुंगोमा ढिँडो पकाउनुहुन्थ्यो। फलामको कराईमा तरकारी। पित्तलको कसौँडीमा भात र ढलोटको कसौँडीमा मासको दाल। गोठमा कहिल्यै पनि तीन-चारओटा भैँसीको कमी हुँदैनथ्यो। हामी संयुक्त परिवारमा थियौँ। हजुरबा, हजुरआमा, सानाबा, सानीआमाहरू, फुपूहरू अनि हामी तेस्रो पुस्ताका भान्टाङ-भुन्टुङ गरी १८-२० जनाका लागि एउटै भान्छामा खाना पाक्थ्यो। रायोको साग, काउली या गान्टेमुलाको तरकारीसित कोदोको ढिँडो धेरै मीठो हुन्थ्यो। तोरीको गुन्द्रुक या थिचेको मुलाको अचार र गलमट हालेको मासको दालसित झन् मीठो। गाईभैँसीको बाक्लो दूधसित अत्यन्त मीठो। तर, मासुको झोलसितचाहिँ अचाक्ली मीठो। मीठोको पनि सीमा हुन्छ, हद हुन्छ। अर्थशास्त्रको भाषामा, उपयोगिताको सिद्धान्त हुन्छ।

बिहान कोदाको ढिँडो, बेलुका कोदाको ढिँडो। आज कोदाको ढिँडो, भोलि कोदाको ढिँडो। येनकेन प्रकारेण हप्तौँ, महिनौँ कोदाको ढिँडो। अनि, शनैशनै हामीमा कोदाको रोटी या ढिँडोप्रति वितृष्णा पैदा हुन्थ्यो। पाक्न त घरमा भात पनि पाक्थ्यो। भात पकाउने कसौँडी भने सानो थियो। त्यसमा पकाएको भात एक्लै खाइसक्छु जस्तो लाग्ने। व्रतबन्ध गरेका पुरुषहरूले खानुअघि देउतालाई औसनी चढाउनुपर्थ्यो। ढिँडोको औसनी हाल्न नहुने विश्वास या अन्धविश्वास व्याप्त हुनाले मात्रै अलिकति भात पाक्थ्यो। हामीलाई दिक्क लाग्थ्यो। पेटभरि भात खाने रहर हुन्थ्यो। पाहुना आउँदाखेरि कोदोको ढिँडो पकाउन लाज हुन्थ्यो। त्यसैले हामी प्रार्थना गर्थ्यौं, आज घरमा पाहुना आए पनि हुन्थ्यो। कोही बिरामी पर्दा पनि हजुरआमाले लोकल चामलको लयालु भात, मासको दाल र दूध खान दिनुहुन्थ्यो। कहिलेकाहीँ यस्तो पनि लाग्थ्यो, हे ! भगवान् बिरामी हुन पाए पनि हुने।

हजुरआमा कहिलेकाहीँ कथा पनि सुनाउनु हुन्थ्यो। एक जना मानिस घरमा कोदोको ढिँडो खाँदाखाँदा वाक्क भएर घिउ-भात खाने आशाले ससुराली गएछ। खाना खाने बेलामा सासूआमाले यामानको कोदोको ढिँडोको डल्लो पस्केर दिइछन्। त्यो मानिसले ढिँडोको डल्लोलाई हातले प्याट्ट हान्दै भनेछ, ‘मभन्दा पनि अगाडि आई पुगेछस् है काले।’

हाम्रो खेत पनि थियो। भकारीमा धान, काठको ढुकुटीमा धान, बोरामा धान, बुइँगलमा धान। घरमा यति धेरै धान छ। तर, सधैँ किन ढिँडोको सकस ? हामी हजुरआमालाई भात पकाउन कनकन गर्थ्यौं। हजुरआमा हरतरहले फकाउनुहुन्थ्यो। ‘कोदो त ओखती हो। कोदोको ढिँडाले पेट बलियो पार्छ। तागत दिन्छ। तिघ्रा-पाखुरा बलिया हुन्छन्।’

यी कुरा हामीलाई बकवास लाग्थे । अलि ठूलो भएपछि बुझियो । कोदोको खासै भाउ थिएन बजारमा । बजारमा राम्रो भाउमा बिक्री नहुने कुरालाई आफूले खाएर अनि गाइबस्तुलाई खुवाएर सक्नु परिहाल्यो । त्यसैले गाईवस्तुलाई खोले र मानिसलाई ढिँडो-रोटी उदरस्त गराउन हाजिर थियो कोदो । धानको भात हाम्रा लागि होइन रहेछ । दुःख गरेर उत्पादन गरेको धानको ठूलो हिस्सा भक्तपुर सहरमा बस्ने तल्सिङको घरमा बोकेर पुऱ्याउनुपर्ने रहेछ । घरमा बाँकी धान बेचेर चाडबाड, लुगाफाटो, नुनतेल, स्कुलको फिस, ओखतीमुलो धान्नुपर्ने रहेछ । यसरी किसान परिवारको अर्थव्यवस्थाको प्रमुख हिस्सा धान थियो । अरू सारा समस्या समाधान गर्ने धानलाई भात खाएर सकाउने हो भने परिवारको अरू दुःख केले धान्ने ? त्यसैले कोदो रहर नभई बाध्यता भएको रहेछ ।

'कोदे' शब्दले पाखे, असभ्य र कोर्कालीको विम्ब बोक्छ । मेरा लागि सानोमा कोदो सर्वाधिक घृणामा परेको कुअन्न थियो । अहिले थाहा लाग्यो, कोदो प्रोटिन, भिटामिन र फाइबरयुक्त सर्वाधिक तागतिलो खाद्यान्न हो । मेरा लागि सेरलेक, हर्लिक्स, च्यवनप्रास, बुस्ट, कम्प्लयान र ग्लुकोजको भूमिका यही कोदोले निभाएको रहेछ । त्यसैले म कोदे हुँ । कोदो मेरो पहिचान हो । साहित्यिक माहोलमा हिँड्दा यदाकदा साथीहरू कोदोमाइसिन खाएर तृप्त भएको किस्सा सुनाउँछन् । कोही कोही यसलाई कोभ्mो अर्थात् कोदोको झोल उपनाम पनि दिने गर्छन् । मेरो विचारमा कोभ्mो बनाउनै पुग्नेगरी नेपालमा कोदो उत्पादन हुन छोडेको छ । यदि ती मित्रहरूले साँच्चै कोदोको झोल तन्काउन पाएका हुन् भने ती भाग्यमानी हुन् । तिनले कोदोको झोलका नाममा कुनै केमिकलयुक्त झोल पिएर कलेजोलाई सास्ती दिइरहेका हुन सक्छन् । यो मेरो जिकिर होइन, अनुमान हो ।

> 'कोदे' शब्दले पाखे, असभ्य र कोर्कालीको विम्ब बोक्छ । मेरा लागि सानोमा कोदो सर्वाधिक घृणामा परेको कुअन्न थियो । अहिले थाहा लाग्यो, कोदो प्रोटिन, भिटामिन र फाइबरयुक्त सर्वाधिक तागतिलो खाद्यान्न हो ।

गत १ माघमा संक्रान्ति मनाउन म गाउँ गएको थिएँ । आमाले संक्रान्तिमा के खाने भनेर सोध्नुभयो । मलाई कोदोको ढिँडोको याद आयो । मैले अनुनय गरेँ, 'बरू घिउचाकु चाहिएन । कोदोको ढिँडो पकाउनुहोस् न !' आमाले पोहोरपरारकै उत्तर दोहोऱ्याउनुभयो, 'यतातिर कोदोको बीउ उम्लेको नै १०-१२ वर्ष भइसक्यो । पाए त मलाई पनि खान मन थियो ।' यसपाला पनि आमाको यही उत्तर आउँछ भन्ने मलाई पूर्वानुमान थियो । कुनै कुनै प्रश्नहरू यस्ता हुन्छन्, जुन उत्तर थाहा भएर पनि पटक-पटक सोधिरहन मन लाग्छ । कम्तीमा सोधेर मात्रै भए पनि कोदोको स्मरणलाई ताजा गर्न मन लागेको थियो । कोदो अब गरिबका भान्साबाट विस्थापित भइरहेको छ । गरिबले तारे होटल र रेस्टुराँमा गएर खान सक्दैनन् । जे भए पनि ठमेललगायतका पर्यटकीय स्थलका रेस्टुराँमा कोदो र फापरले प्रवेश पाउनु सुखद कुरा हो । कुनै दिन मौका मिल्यो भने मित्र किसन गुरुङको रेस्टुराँमा गएर पुरानो स्वादको नवीकरण गरौँला ।

किसनका कोदो र फापरका किस्सा सुनेपछि मनमा केही खुल्दुली मच्चिए । 'यिनले रेस्टुराँलाई चाहिने कोदो र फापरको जोहो कसरी गर्छन् होला ?' उनले मलाई आश्वस्त पार्दै भनेका थिए, 'स्पेसल अर्डर गरेर गोरखा र मनाङबाट झिकाउँछु ।' तर सरी मित्र मलाई यो उत्तरमा भर लागेको छैन । यो उत्तर सही हो भने खुसी हुने ठाउँ पक्कै बाँकी छ । नत्र हाम्रा रेस्टुराँमा खपत हुने कोदो र फापर पनि दुई दाजुहरू चीन र भारतबाटै आयात गर्नुपर्ने अवस्था आइसकेको हो भने यसभन्दा दुर्भाग्यपूर्ण कुरा अरू के हुन सक्छ ?

किसनजीले सम्झाइदिएपछि अचेल मलाई कोदोको बहुत याद आउन थालेको छ । मलाई एकचोटि फेरि कोदे बन्ने रहर जागेको छ । ◆

K33 Hairhotel
कोटेश्वर : प्रभु बैंकको माथिल्लो तल्ला, फोन : ५१००२०७, ५१००२०८, ५१००४१९, मो ९८५१०११३१५, इमेल : info@k33nepal.com
त्रिपुरेश्वर : युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, पहिलो तल्ला, B78-81, फोन : ४११७२३३, ४११७२४४, इमेल : kathmandu@k33nepal.com, चावहिल : एसि कम्प्लेक्स पाँचौ तल्ला, फोन : ४४९६९६९, ४४६१८३७

सामसुङको नयाँ ट्याब

नेपाली बजारमा सामसुङको नयाँ ट्याबलेट ए ७.० भित्रिएको छ । र, यसको मूल्य १५ हजार ९ सय रूपियाँ छ । नेपालमा यो ट्याबलेट कालो र सेतो गरी जम्मा दुई रङमा उपलब्ध छ ।

ग्यालेक्सी ट्याब ए ७.० सात इन्चको डिस्प्ले स्क्रिन भएको ट्याबलेट हो । यसमा १.५ जीबीको र्‍याम छ । र, यसको आन्तरिक मेमोरीको क्षमता आठ जीबी छ । यो ट्याबमा दुई सय जीबीसम्मको मेमोरी कार्ड प्रयोग गर्न सकिन्छ ।

यसका रियर र फ्रन्ट क्यामेरा भने पाँच र दुई मेगापिक्सेलका छन् । यसमा चार हजार एमएएच क्षमताको ब्याट्री छ । र, यसले करिब नौ घन्टासम्मको ब्याकअप दिन्छ । राम्रो डिस्प्ले र ब्याट्री ब्याकअप भएका कारण यसलाई निरन्तर मनोरञ्जनको साधन पनि भनिएको छ । यो ट्याबलेटमा फोरजी सिमकार्डको पनि प्रयोग गर्न मिल्छ । कम मूल्यका ट्याबलेट खोज्नेहरूका लागि यो उपयुक्त रोजाइ हुन सक्छ ।

वाट्सएपमा ग्रुप भिडियो कल

वाट्सएपमा केही समयपछि फेरि अर्को अपडेट आउँदैछ, जसले प्रयोगकर्तालाई निकै खुसी बनाउनेछ । *वाट्सएपमा* ग्रुप भिडियो कल फिचर थपिन लागेको हो ।

यो फिचर पहिला *वाट्सएपको* बिटा भर्सनमा आउने हल्ला चलेको छ । विगतमा *वाट्सएपले* नयाँ फिचरहरू पहिला बिटा भर्सनमा प्रयोग गरेर मात्रै फुल भर्सनमा ल्याउने गरेको थियो । त्यसैले ग्रुप भिडियो कल फिचर पनि पहिला बिटा भर्सनमा प्रयोग गरेरै फुल भर्सनमा ल्याइने अनुमान गरिएको छ । तर, ग्रुप भिडियो कल फिचरसहितको बिटा भर्सन एन्ड्रोइडमा मात्र उपलब्ध हुनेछ । पछि फुल भर्सनमा भने यो फिचर एन्ड्रोइड र आईओएस दुवैमा उपलब्ध हुनेछ ।

वाट्सएपका प्रतिस्पर्धी म्यासेजिङ एपमा यो फिचर सुरू



होन्डाको डर्ट बाइक

नेपालमा होन्डाको अल न्यु एक्सआर-१९० एल लन्च भएको छ । नेपाली बजारमा आएको यो होन्डाको नयाँ डर्ट बाइक हो । यसअघि होन्डाकै एक्सआर-१५० एलले पनि नेपालमा राम्रै बजार ओगटेको थियो । जसलाई नेपालमा सबैभन्दा बढी बिकेको डर्ट बाइक भनेर दाबी पनि गरिएको छ ।

यो डर्ट बाइकमा १ सय ८४ सीसीको सिंगल सिलिन्डर इन्जिन छ । यो इन्जिनले १४.८८ ब्रेक हर्सपावरको अधिकतम शक्ति निकाल्छ । पावर र परफमेन्सको राम्रो संगम नै यो डर्ट बाइकको सकारात्मक पक्ष हो । यसले ३० देखि ३५ किलोमिटर प्रतिलिटरको माइलेज दिने दाबी गरिएको छ । डर्ट बाइकका लागि यत्तिको माइलेज राम्रै मानिन्छ ।

पाँच गियर रहेको यो बाइकमा १२ लिटर क्षमताको फ्युल ट्यांक छ । यो बाइकको ग्राउन्ड क्लियरेन्स २ सय ४५ मिलिमिटरको छ । र, नेपालमा यो बाइकको मूल्य ५ लाख ७० हजार रूपियाँ तोकिएको छ ।

भइसकेको छ । त्यसैले पनि *वाट्सएपमा* ग्रुप भिडियो कल थप्नका लागि दबाब बढेको थियो । यो फिचर प्रयोग गर्न प्रयोगकर्ताले पहिले कोही एक जनासँग भिडियो च्याटमा रहनुपर्छ । त्यसपछि स्क्रिनको दायाँतिरको माथि अन्यलाई पनि त्यो भिडियो च्याटमा सहभागी गराउन मिल्ने आइकन देखिनेछ । त्यहां गएपछि प्रयोगकर्ताले आफ्नो कन्ट्याक्ट लिस्टमा भएका अन्य दुई जनासम्मलाई ग्रुप कलमा जोड्न सक्नेछन् ।

विस्तार भयो युट्युब गो

युट्युबले कमजोर इन्टरनेट कनेक्सन भएका प्रयोगकर्तालाई लक्षित गरेर *युट्युब गो* सुरू गरेको हो । पहिला यो एप भारतमा लन्च भएको थियो । र, हालै यो विश्वका १ सय ३ देशमा विस्तार गरिएको छ । *युट्युब गोबाट* प्रयोगकर्ताले इन्टरनेट सुस्त रहेका ठाउँबाट पनि भिडियो हेर्न सक्ने छन् ।

मोबाइल एपमै भिडियोको गुणस्तर छानेर हेर्न मिल्नु यसको मुख्य फिचर हो । कमजोर इन्टरनेट भएको स्थानमा लो-क्वालिटीमा भिडियो चलाउनु उपयुक्त हुन्छ । र, भिडियोहरू सेभ गरेर अफलाइन भएका बेला पनि हेर्न मिल्नु यसको अर्को राम्रो फिचर हो । हुन त *युट्युबको* एपमा पनि भिडियो सेभ गरेर राख्न सकिन्छ । तर, *युट्युब गोमा* भने प्रयोगकर्ताले स्मार्टफोनको इन्टरनल मेमोरी वा मेमोरी कार्डमै भिडियो सेभ गर्न सक्छन् । र, यसरी सेभ गरिएका भिडियो ब्लुटुथ वा हटस्पटको मध्यमबाट सेयर पनि गर्न सकिन्छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

पहाडी वाहन





शब्द/तस्बिर : छम गुरुङ

उपल्लो गोरखास्थित धार्चे गाउँपालिका-५ को सालाङ गाउँमा करिब १ सय ९० घरधुरी छन् । मोटरबाटोले नजोडिएको यस गाउँमा दैनिक आवश्यकीय सामान ओसार-पसारमा घोडा र खच्चडको प्रयोग हुने गर्छ । तर, स्थानीयको रोजाइमा घोडाभन्दा खच्चड नै पहिले पर्छ । घोडाले भन्दा दुई गुणा बढी भारी बोक्ने हुनाले यहाँका बासिन्दा महँगो भए पनि खच्चड नै रूचाउँछन् । मनाङ तथा गोरखाका उत्तरी हिमाली गाउँ सामा र सम्दोबाट खच्चड एवं घोडा किनेर ल्याउने गरिन्छ । ◆

तनावमाथि तनाव



अनमोल केसी, प्रदीप खड्का, पल शाहजस्ता चकलेटी हिरोलाई भ्याइनभ्याइ छ । तर, आर्यन सिग्देलको कसैलाई वास्ता छैन । जबकि, अनमोलहरूको आगमनभन्दा पहिले आर्यन अग्रपंक्तिमा थिए । *रूद्रप्रिया* फ्लप भएपछि उनको क्रेज अझ तल झर्‍यो । तैपनि, हार नमानी आफैं फिल्म निर्माण गर्दैछन्, *कायरा* । तर, सुटिङ नसकिँदै तनाव आइलागेको छ, हिरोइन साम्राज्ञीराज्यलक्ष्मी शाहका कारण । साम्राज्ञीले *कायरा*कै लागि वक्षस्थलमुनि ट्याटु खोपाएकी थिइन्, त्यसकै फोटो सामाजिक सञ्जालमा भाइरल भयो । जबकि, फिल्म कहिले रिलिज हुने हो, टुंगो छैन । तर, हिरोइन अहिल्यै विवादमा फसेपछि फिल्मको छवि बिग्रने पक्कापक्की छ । यसको प्रत्यक्ष असर बक्स अफिसमा पर्न सक्छ । यता, *कायरा* तलमाथि भए लगानी मात्र होइन, आर्यनको करिअर पनि डुब्ने खतरा छ । अनि, परेन त आपत् !

पञ्चायत कुर्दै

जब प्रेमी आमेश भण्डारीसँग रोमान्स गरेको *फूलैफूलको मौसम तिमीलाई* फ्लप भयो, हिरोइन नीता ढुंगानाको जीवनमा एकपछि अर्को सकस आइलाग्यो । आमेशसँगको सम्बन्ध तुहियो । करिअर पनि ओरालो लाग्यो । त्यसयता उनी अभिनीत फिल्मले सफलताको स्वाद चाख्न पाएका छैनन् । निखिल उप्रेतीसँग स्क्रिन सेयर गरेको *निर्भय*को व्यापार पनि उल्लेखनीय भएन । जसको सीधा प्रभाव नीतामा देखा पर्‍यो । यसरी किनारामा लाग्दै गरेकी यी हिरोइनको नयाँ फिल्म प्रदर्शनका लागि तयार भएको छ, *पञ्चायत* । तैपनि, नीताको मुहारमा मुस्कान देखिन गाह्रै पर्लाजस्तो छ । कारण, *युट्युब*मा ट्रेलरले चार दिनमा एक लाख पनि भ्युज पाएन । अर्कातिर निर्माण पक्षसँग उनको खटपट छ । शुभ संकेत हो र यो !

बक्सर नम्रता

बितेको वर्ष नम्रता श्रेष्ठले आधा दर्जन अवार्डमा कब्जा जमाइन्, फिल्म *क्लासिक*को जीवन्त अभिनयबाट । त्यसयता प्रदर्शन भएका *होमवर्क* र *पर्व*ले चाहिं कमाल गर्न सकेनन् । उनकै अभिनयले समेत प्रशंसा पाएन । अरू फिल्ममा काम गरिनन् । सोही कारण एक वर्षयता नम्रता ओझेलमा परेको आभास गरियो । बल्ल भेउ पाइँदैछ, यो समयमा त उनी नयाँ फिल्मको गृहकार्यमा जुटेकी रहिछन् । *जाइरा* नाम दिइएको फिल्ममा नम्रतालाई बक्सिङ खेलाडीका रूपमा देख्न पाइनेछ । भूमिकाकै लागि यतिबेला बक्सिङ सिकिरहेकी छन् । प्रायः शालीन चरित्रमा रमाएकी नम्रताको बक्सिङ अवतार कस्तो हुनेछ ? हेर्न बाँकी छ । फिल्मलाई आशुतोषराज श्रेष्ठले निर्देशन गर्दैछन् । अनि, नम्रता आफैं पनि लगानीकर्तामध्ये एक हुन् । ◆

अर्को चोट

*लोफर*बाट फिल्मी यात्रा सुरू गर्दा रजनी केसीलाई भविष्यकी स्टारका रूपमा हेरिएको थियो । छविराज ओझाको ब्यानरमा रेखा थापालाई विस्थापित जो गरेकी थिइन् । तर, जसै फिल्म रिलिज भयो, न निर्माताको गोजी भरियो, न दर्शकलाई रिझायो । परिणामः ओझा क्याम्पमा शिल्पा पोखरेलको प्रवेश भयो, रजनी 'आउट' भइन् । त्यसपछि उनका *ब्रास्लेट* र *परदेशी* प्रदर्शन भए । तर, उनको करिअर उकासिएन । यही नियतिलाई निरन्तरता दिएको छ, फिल्म *पटुकी*ले । १९ माघमा प्रदर्शित यस फिल्मले सुरूआती दिनबाटै दर्शकको खडेरी सामना गर्नुपर्‍यो । बिनाप्रचार-प्रसार रिलिज भएकाले पनि धेरैले पत्तै पाएनन् । जसको पहिलो अपजस रजनीको थाप्लोमा परेको छ । कारण, *पटुकी*मा उनीबाहेक चिनिएका अरू कलाकार छैनन् । ◆

बदलाको बासी कथा

गोकर्ण गौतम

यो समय नेपाली फिल्मवृत्तको केन्द्रमा छन्, अनमोल केसी । चकलेटी लुक्सका अनमोलको स्टारडमदेखि पारिश्रमिकसम्म अनेक चर्चा चल्छ । थोरै फिल्म खेल्छन्, सार्वजनिक जीवनबाट सकेसम्म टाढा हुन्छन्, झिनामसिना टीका-टिप्पणीमा अल्झँदैनन्, नेपाली फिल्म भन्नासाथ नाक खुम्च्याउने सहरिया युवा पुस्तालाई हलसम्म ताने/तान्छन्, अनेक गुण छन्, अनमोलका । तर, अभिनेताको पहिलो सर्त स्तरीय फिल्ममा जीवन्त भूमिकामा देखा पर्नु हो । यही मामलामा चाहिँ उनी फिक्का लाग्छन् । निकै तामझाम र प्रतीक्षापछि प्रदर्शन भएको उनको पाँचौं फिल्म *कृ*ले पनि यो अभाव पूरा गर्दैन । फरक यत्ति हो, यसअघि करिब 'लभरब्याय'मा सीमित थिए, यसपटक एक्सन अवतार पनि देख्न पाइन्छ । अर्को विडम्बना ! पटकथा र निर्देशकीय पाटो पनि अनमोलमै भर परेको भान हुन्छ, उनका अघिल्ला फिल्ममा झैं । *कृ*लाई सुरेन्द्र पौडेलले निर्देशन गरेका हुन् । यसअघि उनले *आभास* बनाएका थिए । *कृ*को प्राविधिक पक्षचाहिँ उम्दा छ ।

आफ्नी बाल्यकालकी प्रेमिका केशर (अदिति बुढाथोकी)लाई खोज्दै गाउँ छिरेको छ, लाहुरे अभय (अनमोल) । उनीहरूको सजिलै भेट हुन्छ । तर, केशरले चिन्दिनन् । जबकि, उनी अभयकै प्रतीक्षामा छिन् । अभयले पनि सुरुमै चिनाउन चाहँदैनन् । जब चिनाउन खोज्छन्, ढिला भइसकेको हुन्छ । त्यसैले मन खल्लो पार्दै अभय सहर फर्कन्छन् । केशर र अभयको मिलन होला ? कि, उनीहरूको सम्बन्धमा कुनै बज्रपात आइलाग्छ ? यिनै सवालवरपर घुमेको छ, फिल्म ।

बच्चैमा छुटेकी प्रेमिकासँग पुनर्मिलन गर्न हिरो गाउँ फर्कने तर गुन्डाहरूले तनाव सिर्जना गर्ने, उस्तै परे गुन्डाहरूले बलात्कार नै गर्ने कथामा दर्जनौं फिल्म बनेका छन् । त्यस्ता फिल्ममा केटाकेटीले कुनै चिनो साटासाट गरेका हुन्छन्, पछि उनीहरूले एकअर्कालाई चिन्ने माध्यम पनि त्यही चिनो नै हुन्छ । *कृ*को कहानी यसभन्दा माथि उठ्न सकेको छैन । फिल्ममा त्यस्तो दृश्य देख्न मुस्किल छ, जसले चक्मा देओस् वा बिलकुलै ताजापन महसुस गराओस् । कहिलेकाहीँ पुरानै कथा पनि नयाँ 'ट्रिटमेन्ट'को प्रयोगले स्वादिलो हुन सक्छ । तर, पटकथाकारद्वय प्रदीप भारद्वाज र आशिष रेग्मीले त्यस्तो जादु पस्कन सकेका छैनन् । कथा-वाचनशैली पम्परागत ढर्राबाट ग्रस्त छ । हिरो र भिलियनको लुक्स र आनीबानीचाहिँ आधुनिक लाग्छ, हाम्रो सन्दर्भमा । पहिलो दृश्यबाटै हिरोको प्रतिशोधको कथा हो भन्ने झल्कन्छ । लाग्छ, पटकथाकार र निर्देशकले 'अनटोल्ड स्टोरी' खोतल्ने जमर्को गरेनन्, सिर्फ पुरानै पुस्तकमा नयाँ र रंगीन गाता हाल्नमै रमाए । परिणाम हाम्रैसामु छ ।

*कृ*का हरेक दृश्य सफा र उज्याला छन् । निर्माताद्वय सुवास गिरी र भुवन केसीले दिल खोलेर खर्च गरेका छन्, लोकेसन, सेट, कलाकारको ड्रेस, खिचाइलगायत अन्य प्राविधिक पक्षमा । तर, जसरी पैसा लगानी भयो, सोही अनुपातमा कन्टेन्ट र कथ्य संरचना मजबुत पार्ने कसरत देखिएन, फिल्मका कमान्डर अर्थात् निर्देशकबाट । अनमोलजस्ता सर्वाधिक रुचाइएका स्टार र यतिविघ्न बजेटलाई अवसरमा बदलेर जुन तहको निर्देशकीय निखारता पस्कनुपर्ने हो, त्यसमा पौडेल चुकेका छन् । यसमा शंकै छैन । मुख्य कलाकारको लुक्स परिवर्तन गर्नु मात्र निर्देशकको 'ड्युटी' होइन । दक्षिण भारतीय फिल्ममा झैं मुस्तन्डे गुन्डाको झुन्डलाई हिरोले एक्कै प्रहारमा धूलो चटाउँछ । चार महिनापछि अस्पतालबाट निस्किएको पात्र भर्खरै सैलुनबाट निस्किएको झैं चिरिच्याट्ट छ । चरित्र र सन्दर्भ जस्तो भए पनि हिरोलाई 'हिरो' जस्तै देखाउनुपर्ने मिति गुज्रिएको मनोविज्ञान हो, यो । गुन्डा निगम बाबा (अनुपविक्रम शाही)चाहिँ चार करोडको माल गायब भयो भनेर ताण्डव देखाएको देखायै ।

फिल्ममा फाइटका दृश्य प्रशस्त छन् र तिनको कोरियोग्राफी आकर्षक छ । यो स्तरको एक्सन यसअघि सायदै कुनै स्वदेशी फिल्ममा देखिएको थियो । यसको जस चन्द्र पन्तलाई जान्छ । विभिन्न पात्रहरूले यातना दिने तरिका, गुन्डाका अनेक तह, प्रहरी-गुन्डा सम्बन्धको भित्री पाटो तारिफयोग्य नै छ । साउन्ड डिजाइनर उत्तम न्यौपाने प्रशंसाका हकदार हुन् । उनले दृश्यलाई अझ जीवन्त र प्रभावकारी बनाउने ध्वनि सिर्जेका छन् । पुरुषोत्तम प्रधानको खिचाइ फिल्मको साख जोगाउने अर्को पक्ष हो । 'यति यति पानी...' गीत रमाइलो छ । 'जानी नजानी...' न श्रुतिमधुर छ, न यसको प्रयोग नै सान्दर्भिक छ ।

गठिलो ज्यान बनाउन अनमोलले साँच्चै मिहिनेत गरेका छन् । यो सराहनीय छ । रोमान्टिक र एक्सन दुवै भूमिकामा आकर्षक छन् । फाइट पनि झाराटराइ शैलीको छैन । तर, त्यही अनुरूप संवाद बोल्ने शैलीदेखि अनुहारको भावभंगिमासम्म जीवन्त र स्वाभाविक छैन । उनले थोरै फिल्म खेल्नु सकारात्मक हो । तर, ती फिल्म नै स्तरीय भएनन् भने करिअर धरमरमा पर्न सक्छ । त्यस्तै अशुभ संकेत देखा परेको त होइन ? त्यसैले अनमोलले नेपाली फिल्मको 'अनमोल' बन्न अभिनय थप निखार्नै पर्छ । यही फिल्मबाट करिअर सुरु गरेकी अदितिको उपस्थिति प्रभावशाली छैन । हुलिया चरित्र अनुरूप भए पनि अनुपविक्रम शाहीको अभिनयले फिस्स बनाउँछ । कामेश्वर चौरासिया र सुदाम सिके सम्झनायोग्य छन् ।

डेढ वर्षदेखि अनमोललाई पर्दामा देख्न नपाएका 'हार्डकोर फ्यान'का लागि हो, *कृ* । यस फिल्मले उनका फ्यानलाई निराश नपार्ला पनि तर फ्यानको दायरा फराकिलो बनाउन असाध्यै मुस्किल छ । अर्को दुःखको कुरा, *कृ*ले नेपाली फिल्मको कलात्मक श्रीवृद्धिमा योगदान पुऱ्याउँदैन । फिल्म हेर्ने/नहेर्ने, आफ्नै मर्जी । ◆

'राजनीतिका लागि समाजसेवा गरेको होइन'

सीताराम कट्टेल (धुर्मुस) र कुञ्जना घिमिरे (सुन्तली) को जोडीले लामो समयसम्म हास्य-कलाकारितामार्फत दर्शकको मुहारमा मुस्कान छरे । टेलिसिरियल, फिल्मदेखि स्टेज कार्यक्रमसम्म चर्को माग छ उनीहरूको । तर, ०७२ को भूकम्पपछि उनीहरू समाजसेवामा विछट्टै सक्रिय हुन थालेका छन् । काभ्रेमा पहरी बस्ती, सिन्धुपाल्चोकमा गिरानचौर बस्ती, महोत्तरीमा मुसहर बस्ती बनाएर वाहवाही पाएका यिनीहरूले रौतहटको सन्तपुरमा एकीकृत नमुना बस्ती निर्माण गरेर स्थानीयलाई हस्तान्तरण गरेका छन्, २३ माघमा । यही सन्दर्भमा घिमिरेसँग गरिएको कुराकानी :

बस्ती निर्माणको जोस र प्रेरणा कसरी पाउनुहुन्छ ?

सबैको साथ, समर्थन र विश्वासले गर्दा नै हो । पीडितलाई देखेपछि हाम्रो मन पोल्छ । त्यही भएर लागिपछौँ । आफूले पहिले गरेको कामले थप आत्मविश्वास दिँदो रहेछ ।

अघिल्ला बस्ती निर्माणभन्दा यसपटक के भिन्न अनुभव गर्नुभयो ?

जति बढी काम गऱ्यो, उति परिपक्वता आउँदो रहेछ । सुरुमा भूकम्पपीडितका लागि बस्ती बनायौँ । मानवता र सद्भावका लागि मुसहर बस्ती निर्माण गरियो । यसपटक बाढीपीडितका लागि बस्ती बनायौँ । अहिले बनाएको बस्तीमा समुदायका लागि चाहिने विद्यालय, मन्दिर, टावर, बगैँचा सबै थोक छन् । समथर भूभागलाई पाँच फिट माथि उठाएर झलमल्ल बस्ती तयार पारेका छौँ ।

आर्थिक स्रोत कसरी जुटाइरहनु भएको छ ?

नेपाली र नेपालीभाषीबाटै हो । भुटानी समुदायको पनि ठूलो साथ छ । त्यस्तै, आशीर्वाद मिल्छ भनेर बिरामीहरूले पनि सहयोग गर्नुहुन्छ । विवाह, जन्मदिन वा अन्य उत्सवमा हुने खर्च कटाएरै हामीलाई रकम दिनुहुन्छ । यस्तै साथले त हो, हामीलाई हौसला दिने ।

यसपटक अझ ६० लाख रुपियाँ नपुगेको भनिन्छ । खास कुरा के हो ?

हो । तर, धेरैले सहयोग गर्ने वचन दिनुभएको छ । हामी त्यसकै प्रतीक्षामा छौँ । त्यसपछि बाँकी भएको रकम भुक्तानी गर्छौं । त्यति रकम उठ्छ भन्नेमा ढुक्क छौँ ।

कलाकारिताभन्दा समाजसेवालाई प्राथमिकता दिनुभएको हो ?

त्यस्तो त होइन । कलाकारिताले चिनाएको परिचयबाटै यो सम्भव भएको हो । हामी पनि रमाइरहेका छौँ । कलाकारका रूपमा समाजप्रति एउटा दायित्व हुन्छ, सकेसम्म त्यसलाई पूरा गर्ने प्रयास हो, हाम्रो । अचेल त बानी परिसक्यो, अरूलाई खुसी बनाउने, सहयोग गर्ने । तर, कलाकारितालाई बेवास्ता गरेको चाहिँ होइन ।

तपाईंको जोडीले भोलि राजनीति गर्न अहिले समाजसेवामार्फत आधार बनाइरहेको आरोप पनि छ । के भन्नुपर्छ ?

यो त अरूको सोच हो । हामीले समाजसेवा पनि योजनामा गरेको होइन । परिस्थिति र इच्छाशक्तिले डोऱ्याएको हो । भोलि राजनीति गरिएला/नगरिएला, त्यो भिन्नै कुरा हो । तर, 'प्लेटफर्म' तयार पार्न अहिले सेवा गरेको चाहिँ हुँदै होइन ।

कलाकार सहकर्मीबाट चाहिँ कत्तिको साथ पाउनुहुन्छ ?

हाम्रो निरन्तरता र इमानदारीले सबैको मन जितेको छ । हिजो खुट्टा तान्नेहरू अहिले मनबाटै साथ दिन थालेका छन् ।

सीतारामजी र तपाईंको समाजसेवाको विषयमा कत्तिको कुरा मिल्छ ?

हाम्रो सोच मिल्छ । इच्छाशक्ति पनि छ । काममा उहाँ बढी खट्नुहुन्छ । त्यसलाई मैले साथ दिने र दिशा दिने काम गर्छु । समझदारीकै फल हो यो ।

बेलाबेलामा पारदर्शिताका बारेमा पनि सवाल उठ्छ नि ?

त्यस्तो कुरा आउँदै गर्छ । तर, तीन करोड नेपालीलाई विश्वासघात कहिल्यै गर्दैनौँ । सबै हिसाबकिताब छ हामीसँग । त्यस्तो प्रवृत्तिबाट हतोत्साही हुने कुरा छैन ।

अब फेरि कुनै बस्ती बनाउने वा अरू कुनै समाजसेवामूलक कार्य गर्ने योजना छ ?

अब हामी पूर्ण रूपमा नमुना नेपालमा केन्द्रित हुन्छौँ । फिल्ड सर्भे भइरहेको छ, ललितपुरको लेलेमा । त्यसमा पनि सहयोगी हातहरू प्रशस्तै भेटिसकेका छौँ ।

मनबहादुर बस्नेत

॥ विमल खतिवडा

हेपिएको हेटौंडा

प्रदेश-३ को अस्थायी राजधानी हेटौंडालाई तोकियो । राजधानी तोकिएसँगै ७ माघमा १ सय १० जना प्रदेश सांसद शपथ लिन हतारिँदै प्रदेश राजधानी आए । होटल व्यवसायीले निःशुल्क बासको व्यवस्था मिलाए भने जिल्ला समन्वय समितिले खानाको प्रबन्ध गऱ्यो । अधिकांश सांसद परिवारसहित आएका थिए । थोरै भए पनि तामझाम देखियो । भोलिपल्ट शपथ लिनासाथ सांसद टाप कसे ।

तर, दोस्रोपटक १८ माघमा संसद्को पहिलो बैठक बस्यो । लाग्थ्यो, ठूलै तामझाम होला पहिलो बैठकमा । बजारवासी चासो दिएर प्रदेशसभाको बैठक बसेको हेर्न आउलान् । हलमा सबैले बसेर हेर्न पाउलान् । सांसदको भव्य स्वागत होला । तर, यसको ठीक उल्टो भइदियो ।

मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको भवनमा प्रदेशसभा सचिवालय सञ्चालन गरिएको थियो । त्यसैको एउटा साँघुरो

हलमा सभाहल बनाइयो । तयारी सुस्त थियो । बैठक सुरू हुने दिनसमेत कर्मचारी चाँजोपाँजो मिलाउनमै व्यस्त देखिन्थे । सांसदको स्वागत गर्न न बजारवासी आए, न त बैठकस्थलमा भीडभाड नै देखियो । शपथ लिन आएझैं गरेर सांसदहरू आए र हतारिँदै हलमा पसे । एक घन्टा नबित्दै बैठक सकियो । फेरि सांसद हतारिँदै गन्तव्यतिर लागे । यी दृश्य नियालिरहँदा लाग्थ्यो, सांसदहरू आइदिनुपर्ने भएर मात्रै आएका हुन्, जनताप्रति खासै उत्तरदायी छैनन् । त्यसो त बजारवासीले पनि खासै चासो दिएको देखिएन । रिपोर्टिङमा पुगेका सञ्चारकर्मीले संसद्को झल्को पाउन सकेनन् । बैठक फिक्का देखिन्थ्यो । अन्य प्रदेशमा तामझाम भए पनि प्रदेश-३ अन्ततः सुनसान नै बन्यो ।

यो प्रदेशमा १३ जिल्ला छन् । प्रदेश राजधानीबाट सबैभन्दा टाढा रसुवा जिल्ला पर्छ । अहिलेसम्म बैठकमा भाग लिन जिल्लाबाटै सांसदहरू धाइरहेका छन् । प्रदेश राजधानी सर्ने हल्लाले सांसदहरूले कोठा खोज्नसमेत चासो देखाएका छैनन् । हेटौंडाका सांसदले हेटौंडामै प्रदेश राजधानी स्थायी रूपमा रहने अड्डी कसे पनि अन्यत्रका सांसदले कुनै पनि हालतमा सार्ने ठोकुवा गर्दै आएका छन् । जसले गर्दा हेटौंडावासी प्रदेश राजधानी सर्छ कि यही रहन्छ भन्नेबारे अझै अन्योलमा छन् । उनीहरूको गुनासो पनि छ, 'किन हेटौंडालाई हेपिएको होला !'

सेलिब्रिटी सांसद

प्रदेश-३ को अस्थायी राजधानी हेटौंडामा ७ माघमा शपथ लिने क्रममा एउटा कलिलो अनुहार पनि देखा पऱ्यो । १ सय १० जना सांसदको भीडमा जोसजाँगरले भरिएको त्यो अनुहार त्यही भीडमै हरायो । भीडमा कमैले त्यो अनुहार नियाल्न सके । कारण सबै जना आपसमा फोटो खिच्न व्यस्त देखिन्थे । कसैलाई कसैको चासो थिएन । त्यही अनुहार दोस्रोपटक १८ माघमा देखा पऱ्यो । सारी र चोलीमा सजिएर बैठक हलमा पस्दा सबैको ध्यान त्यतै मोडियो । त्यो अनुहार थियो, भक्तपुरकी सिर्जना सैंजु, २७, को । उनी नेपाल मजदुर किसान पार्टीबाट समानुपातिकतर्फ प्रदेश सांसद भएपछि प्रदेशसभामा आएकी थिइन् । जब मुलुकभरकै सबैभन्दा कान्छी सांसद रहेको कुरा सबैले चाल पाए, उनीसँग फोटो खिच्नेको ठूलै लर्को

देखियो । सञ्चारकर्मीलाई अन्तर्वार्ता दिन उनलाई भ्याइनभ्याइ नै भयो । सबैको नजरमा उनी नै परिन् । विद्यालयदेखि राजनीतिमा सक्रिय हुँदै आएकी उनी एकाएक सेलिब्रिटी भइन् ।

सडक सकस

नारायणगढ-मुग्लिन सडक भन्नेबित्तिकै नाक खुम्च्याउनेको जमात बाक्लो छ । सकेसम्म यो सडक भएर हिँड्न नपरोस् भन्नेहरूको कमी छैन । कारण सधैं जाम, सधैं धूलो र सधैं दुर्घटनाको जोखिम । त्यति मात्र होइन, कहिले राती, कहिले दिउँसो बन्द गरेर निर्माणको काम गर्दा त्यसको मार यात्रुले खेप्नु पर्छ । राती बन्द गरेर काम गरेको महिना दिन नै नपुग्दै अहिले नियम फेरिएको छ । दैनिक बिहान १० बजेदेखि दिउँसो ४ बजेसम्म सडक यात्रु समयमै गन्तव्य पुग्न पाउँदैनन् । निर्माण मिति तेस्रोपटक थप भइसक्यो । तर, सडक निर्माण पूरा हुने छाँटकाँट छैन । अहिले फेरि चौथोपटक पुनः म्याद थप्ने तयारी गरिएको छ । निर्माण सुरू गरिएको ३४ महिना पुग्यो । वर्षातको समयमा सडकमा गुडिरहेका सवारी साधन पहिरो खसेर पुरिने गर्छन् । यात्रुसहित पहिरोले गर्दा सवारी साधन त्रिशूलीमा पुग्ने गरेका छन् । कुन बेला पहिरो खस्छ र ज्यान जाने हो, पत्तो पाइँदैन । वर्षातको समयमा यात्रु राम नाम जप्दै यात्रा गर्न बाध्य हुने गरेका

छन् । यो राजधानी काठमाडौंलाई जोड्ने पुरानो सडक हो । मुलुककै जीवनरेखाको रूपमा रहेको नारायणगढ-मुग्लिन सडकको निर्माण समयमै पूरा हुन नसक्दा दैनिक उपभोग्य वस्तु ढुवानीमा कठिनाइ हुँदै आएको छ । ठूला सवारी साधनका लागि त्यो सडकको विकल्प छैन । अघिपछि एक घन्टामा पार गर्न सकिने यो खण्ड अहिले पार गर्न सिंगै दिन बित्छ । कहिलेकाहीं त जामले सास्ती थपिदिन्छ । सबैको चासो र चिन्ताको विषय बनेको यो सडक निर्माणमा किन ढिलाइ भइरहेको छ ? कहिलेसम्म यात्रुले सास्ती खेप्ने ? ढिलाइ गर्ने को हो ? ढिलाइ गर्नेलाई कारबाही गर्ने कि नगर्ने ? यी प्रश्नको जवाफ खोज्नेतर्फ अब पनि लागिएन भने अझै पनि सडक निर्माण पूरा हुन कति समय लाग्ला ? यसै भन्न सकिँदैन । ◆

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

K. L. DUGAR GROUP
Sunflower को फोटो हुँदैमा
सबै तेल शुद्ध Sunflower तेल हो भनेर
नझुक्किनुस्
मिसावट रहित शतप्रतिशत
शुद्ध Sunflower तेल सनफ्लो
का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८
CHOLESTEROL free
Sunflow
REFINED SUNFLOWER OIL
Cholesterol Free
*शर्तहरू लागू हुनेछन्।
Original खोज्नुस् Sunflow नै रोज्नुस्
प्रत्येक कार्टुनको खरिदमा पाउनुहोस् रू.५००/- सम्मको स्क्र्याच कुपन*